


• वर्ष १३ • अंक २३ • काठमाडौं, शुक्रबार, कातिक २, २०६४ • SAPTAHIK • Nepali National Weekly • Friday, Oct. 19, 2007 • पृष्ठ २४ • मूल्य रु. ८/-



# बदलिँदो परिभाषा दसैंको

तस्बिर : इन्सा डटकम

• विदुर खतिवडा

काठमाडौं– अमेरिकाको भर्जिनिया सहरमा बस्दै आएका युवक रमण श्रेष्ठले सबैभन्दा ठूलो चाड बडादसैं नजिकिने क्रममा नेपालमा बस्ने साथीभाइ तथा दाजुभाइलाई सम्झिए । नेपाल छँदा मनाएका दसैंका पुराना सम्झनाहरू उनको मस्तिष्कमा सलबलाइरहेका थिए । संघर्षपूर्ण नेपाली जीवनशैलीको सट्टा केही वर्ष विदेशमा दुःख गरेर कमाएको पैसाले स्वदेश फर्केर मस्तीको जिन्दगी बिताउने कल्पना साँचेर दुई वर्षअघि त्यहाँ पुगेका रमण दसैं आयो भनेर तत्काल नेपाल फर्किहाल्न सक्ने अवस्थामा थिएनन् । 'यहाँ बसेर पनि आफन्त तथा साथीभाइसँग दसैं कसरी मनाउने भनेर सोचिरहेको थिएँ,' अनलाइन कुराकानीका क्रममा रमणले साप्ताहिकसँग भने- 'साथीहरूले मुन्चा डटकमको कुरा सुझाइदिए ।' 'अनलाइन सपिङ'को 'कन्सेप्ट' भित्र्याएको मुन्चाले क्रेडिट कार्डमार्फत पाएको भुक्तानीका आधारमा इच्छाइएको वस्तु नेपालमा बस्नेहरूको घरघरमै पुऱ्याइदिने गरेको थाहा पाएपछि रमणले पनि केही उपहार त्यसैमार्फत पठाइदिएका छन् ।





तस्बिर : शैली नेपाल डटकम

दसैं, अधिकांश नेपालीले विभिन्न संस्कृति, परम्परा र शैली अनुसार मनाउने चाड हो । सबैभन्दा लामो बिदा पाइने भएकाले दसैं धेरैका निम्ति जमघट र रमाइलो गर्दै मनाइने उत्सव पनि हो । पारिलो घामसहितको आनन्ददायी मौसमले पनि यसको महत्त्वलाई प्रस्ट्याउँछ । पछिल्ला वर्षहरूमा बढ्दो सहरीकरणसँगै व्यस्त बन्दै गएको जीवनलाई केही समयका लागि आराम दिन पनि यो चाडको महत्त्व बढ्दै गएको छ । 'मीठो खान र राम्रा पहिरन लगाउन दसैं नै कुर्नुपर्दैन, त्यसैले म दसैंलाई भेटघाटको चाडका रूपमा लिन्छु,' नायक निखिल उप्रेतीले कुराकानीका क्रममा भने- 'दसैंबाहेक अन्य दिन दैनिक १८ घण्टासम्म व्यस्त हुनुपर्ने अवस्था हुन्छ, त्यसैले मेरा निम्ति आफन्त र साथीभाइसँगको भेटघाटका निम्ति यो चाड महत्त्वपूर्ण बन्दै गएको छ ।' हिन्दू धर्मसंस्कृतिअनुसार असत्यमाथि सत्यको विजय-उत्सवको सांस्कृतिक महत्त्व बोकेको दसैंसँग नेपालमा बस्ने अक्सर सबै नेपालीको छुट्टै सम्बन्ध छ । यहाँसम्म कि बौद्ध, मुस्लिम एवं क्रिस्चियन धर्मावलम्बीहरूले समेत दसैंको सांस्कृतिक एवं मनोरञ्जनात्मक पक्षलाई आत्मसात् गर्नुले यो चाडको महत्त्व थप प्रस्ट हुन्छ ।

वैदिक कालदेखि मानिँदै आएको १५ दिनको यो उत्सव भगवतीको पूजा-आजा गरी मान्यजनबाट टीका र आशीर्वाद ग्रहण गरी मनाइन्छ । समयानुकूल परिवर्तन हुँदै गएको समाजले दसैंलाई धार्मिक महत्त्वको सट्टा अहिले सांस्कृतिक पर्वका रूपमा मनाउँदै गएको छ । अहिलेको पुस्ताले दसैंको धार्मिक महत्त्व बुझ्नुको सट्टा दसैंको मनोरञ्जन पक्षलाई मात्र महत्त्व दिन्छ । दसैंलाई पर्याप्त मनोरञ्जनात्मक बनाउन उनीहरूले केही समयअघिदेखि नै प्रारम्भिक तयारी गरिसकेका हुन्छन् ।

बाँकी पृष्ठ १९ मा

साप्ताहिक झल्को

मध्यपृष्ठमा रेखा र क्यालेन्डर

## मंगलमय शुभकामना



नेपालीहरूको महान् चाड बडादसैंका अवसरमा हामी हाम्रा सम्पूर्ण पाठक, विज्ञापनदाता, वितरक तथा शुभेच्छुकहरूमा मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

साप्ताहिक परिवार

बडादसैंका कारण साप्ताहिकको अर्को अंक कात्तिक १६ गते मात्र प्रकाशित हुनेछ ।

## वर भेटिन् झरनाले



काठमाडौं– नायिका झरना बज्राचार्य विगत केही समयदेखि सञ्चारजगत्बाट टाढा थिइन् । यो साता उनी अकस्मात् विवाहको खबर लिएर फेरि एकपटक सञ्चारमाध्यममा छाएकी छिन् । मोडल, पहिलो मिस वर्ल्ड नेपाल तथा चलचित्र नायिका झरना बज्राचार्यको गत शुक्रबार एक बेलायती युवक वारेन कररसँग 'इन्गेजमेन्ट' अर्थात् विवाहको करार भएको छ । बलिउडको चलचित्र 'लभ इन नेपाल'मा पर्याप्त अंगप्रदर्शन गरेपछि चर्चामा आएकी झरना त्यसपछि बलिउडतिरै हराएकी थिइन् ।

पछिल्लो पटक एक विज्ञापनमा देखिएकी झरनाको 'इन्गेज्मेन्ट' कार्यक्रम सीतापाइलास्थित निवासस्थाननजिकैको एक विद्यालयको प्राङ्गणमा सम्पन्न भएको थियो । पारिवारिक सदस्यका अतिरिक्त अरूलाई प्रवेश गर्न नदिइएको उक्त कार्यक्रममा लजाएकी झरनाले आफ्नो जीवनसाथी वारेनलाई पुरोहितको निर्देशनबमोजिम औंठी र माला लगाइदिएकी थिइन् । लन्डनमा व्यवसाय गरिरहेका ४० वर्षीय वारेनसँग झरनाको भेट झन्डै छ महिनाअघि भएको थियो । भेटपछि उनीहरू एकअर्कासँग प्रेम गर्न थालेका थिए । केही समयपछि विवाह गरेर झरना सधैंका लागि लन्डन जाने भएकी छिन् ।

# जमराको महत्व



बडादसैंको पहिलो दिन दसैंघरमा घटस्थापना गरी जौ छरेर नवरात्रभरि भगवती दुर्गाको नौ स्वरूपको पूजा गरिन्छ। यसरी मातृशक्तिको आवाहन, आराधना गर्दै घडा र वेदीमा उम्रिएको जमरा विजयादशमीको दिन आफ्ना कुलदेवताहरूलाई अर्पण गरी प्रसादस्वरूप टीकासहित जमरा लगाउने परम्परा छ। प्रश्न उठ्छ, किन विजयादशमी र जमरा नेपाली संस्कृति एवं परम्पराका परिपूरक हुन् ? दसैंमा किन प्रसादस्वरूप जौको जमरा लगाइन्छ ? के महत्त्व छ जमराको ?

संस्कृतमा यव भनिने जौ पौष्टिक खाद्यपदार्थ हो। जौलाई स्वास्थ्यका दृष्टिले पनि औषधीको रूप मानिन्छ। वैदिक ग्रन्थहरूमा जौलाई रोग हटाउने, यज्ञयज्ञादिमा उपयोगी, बल र प्राणलाई पुष्ट पार्ने वस्तुका रूपमा लिइएको छ। यही कारणले होला, यज्ञादिमा जौको प्रयोग प्रशस्त मात्रामा गरिन्छ। पौराणिक ग्रन्थहरूमा पनि यवोसि धान्यश... भनेर जौलाई अन्नको राजा मानिएको छ। गीतामा भगवान् श्रीकृष्णले पनि औषधिनामहं यवः अर्थात् औषधीहरूमा म जौ हुँ भन्नुभएकाले पनि यसको महत्त्व कतिको रहेछ भन्ने कुरा थाहा हुन्छ। श्रीमद्भागवत् महापुराणमा पनि वामन अवताररूपी भगवान्को पूजा गर्दा लोकपालहरूले जमरा चढाएको प्रसंगबाट के बुझ्न सकिन्छ भने जमराको महत्त्व परापूर्व कालदेखि नै थियो।

वैज्ञानिक दृष्टिले हेर्ने हो भने पनि जौको महत्त्व कम छैन। आयुर्वेदिक ग्रन्थहरूमा जौ र अंकुरित जौबाट गर्न सकिने उपचारहरूको उल्लेख भएको पाइन्छ। विविध रोगका लागि जौ उपयुक्त रहेको वैज्ञानिकहरूले पनि पुष्टि गरिसकेका छन्। चिकित्सकहरूका अनुसार सात वा नौ दिनको जमरा पिँधेर झोल बनाई नित्य सेवन गर्ने हो भने उच्च रक्तचाप, अर्वुद (क्यान्सर) एवं मधुमेहजस्ता रोगमा फाइदा पुऱ्याउँछ। यसको रसको सेवनले सौन्दर्यमा समेत निखार ल्याउँछ। यसैगरी बिरामी भएर कमजोर भएका व्यक्तिहरूलाई जौबाट निर्मित खाद्यपदार्थ खाउनाले शरीरमा चाँडै तागत आउने कुरा विभिन्न खोजबाट पत्ता लागिसकेको छ। हाम्रा गाउँघरमा अझै पनि दशैंको जमरालाई सुकाएर राखी विभिन्न रोग लाग्दा पानीमा उमालेर पिउने चलन छँदैछ।

अमेरिकाका चिकित्सकहरूले गरेको अनुसन्धानबाट के पत्ता लागेको छ भने अंकुरित जौ सम्पूर्ण आहार र औषधीमध्ये सर्वोत्कृष्ट वनस्पति हो। अन्य हरिया सागपातमा पाइने पौष्टिक तत्त्वभन्दा जौ वा अंकुरित जौमा पाइने तत्त्व तुलनात्मक रूपमा बढी छ। भारतीय चिकित्सकहरूले गरेको जमराको प्रयोगबाट पेट, आन्द्रा, हाड एवं अन्य रोगहरूको सफल उपचार गरिसकेका छन्। नेपालमा पनि जमराको प्रयोगबाट लाभ लिनेहरू नभएका होइनन्। जौमा यस प्रकारका प्रशस्त गुण पाइने हुनाले पनि अंकुरित जौलाई विजयादशमीको प्रसादका रुपमा प्रयोगमा ल्याइएको हुनसक्छ।



## टीका थाप्दा पढ्नुपर्ने मन्त्र

विक्रम संवत् २०६४ साल कात्तिक ४ गते आइतबार विजयादशमीको शुभउपलक्ष्यमा घटस्थापनादेखि आरम्भ गरिएको दुर्गा भवानीको घडामा बिहान ८:२० बजेको शुभसाइतमा अपराजिताको पूजा गरी नवदुर्गालाई विर्सजन गरेर आफ्नो गुरु, पिता, माता तथा मान्यजनहरूबाट बिहान १०:४५ बजेको शुभसाहितमा पूर्व मुख गरी टीका ग्रहण गर्नु शुभ छ। जब-जब असत्य बढ्छ माता दुर्गा भवानीको सहयोगले असत्यलाई परास्त गरेर सत्य स्थापना गर्न महापुरुषको उदय हुन्छ, दुर्गा भवानीले सधैं सत्यलाई साथ दिने भएकाले पूर्वीय दर्शनमा यसको विशेष महत्त्व रहँदै आएको छ। नवरात्रिभरि स्थापना गरेर पूजा गरेको पूर्णकलशको जलले अभिशेष गरेर मन्यजनहरूले पढ्ने वैदिक मन्त्र–

**ॐ श्रीर्वर्चस्वमायुष्यमारोग्यमा भिधात्पवमानं मयियते**
**धनं धान्यं पशुं बहुपुत्र लाभं सत संवत्सरं दीर्घमायुः**
**ॐ मन्त्रार्थाः सफला सन्तु पूर्णा सन्तु मनोरथाः**
**शत्रुणां बुद्धि नाशोऽस्तु मित्राणामुदयस्तव**
**अव्याधिना शरीरेण मनसाच निराधिना**
**पूरपन्नर्थिनामाशास्त्वं जीवशारदां शतम्**
**आयुद्रोणसुते श्रियो दशरथे शत्रुक्षयो राहवे**
**ऐश्वर्य नहुषे गतिश्च पवने मानं च दुर्योधने**
**शौर्य सान्तनवे बलं हलधरे सत्यं च कुन्ती सुते**
**विज्ञानं विदुरे भवन्तु भवतां कीर्तिश्च नारायणे**
**भद्रमस्तु शिवं चास्तु महालक्ष्मी प्रसिदतु**
**तुष्यन्तु मां सदा देवाः संपद सन्तु सुस्थिराः।**



# तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### मेष

मानसम्मान मिल्नेछ। अरूको मन जित्न सकिनेछ। ठूला व्यक्तिबाट सम्मान पाउनुहोला। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्। धन आर्जन तथा यात्रा गर्ने अवसर जुट्नेछ। बुधबार तथा बिहीबार खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ। स्वास्थ्यको ख्याल गर्नुहोला।

### वृष

धर्मकर्ममा मन जानेछ। अरूबाट प्रशंसा पाउनुहोला। भाग्यले साथ दिनेछ। सबैको मन जित्न सकिनेछ। मन प्रसन्न रहनेछ। यात्रा गर्ने अवसर जुट्नेछ। पर्याप्त सहयोग पनि पाउनुहोला। मानसम्मान पाइनेछ। अध्ययनमा सफलता मिल्नुका साथै बौद्धिकता बढ्नेछ। मन प्रसन्न रहला।

### मिथुन

सुरुमा स्वास्थ्य गडबड हुनसक्छ। काममा अवरोध आउनेछ। मन पनि दुविधाग्रस्त रहनेछ। समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले नै अधिकार जमाउन सक्छन्। विश्वास गरेकाहरूले धोका दिनेछन्। सोमबारदेखि धर्मकर्ममा रुचि बढ्ने, मानसम्मान मिल्ने तथा पराक्रम बढ्ने योग छ अधुरा काम बन्नुका साथै नयाँ काम पाइने देखिन्छ।

### कर्कट

व्यवसाय बढ्नेछ। मन प्रसन्न रहनेछ। भेटघाटमा रमाउने अवसर जुट्नेछ। अरूबाट सहयोग पनि पाउनुहोला। धन आर्जन गर्ने अवसर प्राप्त हुनेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। धार्मिक कार्यमा रुचि बढ्नेछ। सोमबार तथा मंगलबार स्वास्थ्य गडबड रहने कामममा अवरोध आउने तथा चिन्ता बढ्ने देखिन्छ।

### सिंह

सुरुमा शत्रु बढ्नेछन्। मन चिन्तित हुनेछ। स्वास्थ्य गडबड रहनुका साथै काममा अवरोध आउन सक्छ। अरूबाट आलोचना पनि होला। आइतबार, सोमबार तथा मंगलबार काममा सफलता मिल्नेछ। धन आर्जन हुने तथा भेटघाटमा रमाउने अवसर जुट्नेछ। मानसम्मान मिल्नुका साथै जोस एवं जाँगर बढ्नेछ। सानै प्रयासले ठूलो काममा सफलता प्राप्त हुन सक्छ।

### कन्या

सुरुमा सोच्ने शक्ति बढ्नेछ। अध्ययनमा पनि सुधार आउला। काममा सफलता मिल्नेछ। पराक्रम बढ्नुका साथै यात्रा गर्ने अवसर जुट्नेछ। आफन्तहरूबाट उचित सहयोग प्राप्त हुनेछ। मानसम्मान पनि पाउनुहोला। शत्रु तथा रोग बढ्ने हुँदा खाँदा तथा बोल्दा विचार पुऱ्याउनुपर्ने देखिन्छ। झूटा आरोप लाग्नसक्छ। अरूको विश्वास गरिहाल्नु उचित हुँदैन।

### तुला

आफन्तहरूले पर्याप्त सहयोग गर्नेछन्। काममा सफलता प्राप्त होला। बोलीको प्रभाव एवं सोच्ने शक्ति बढ्नेछ। धेरै काममा सफलता मिल्नेछ। धन आर्जन गर्ने योग छ। अरूबाट सम्मान पनि पाउनुहोला। यात्रा गर्ने अवसर जुट्नेछ। शत्रुबाट सजग रहनुहोला। स्वास्थ्यको ख्याल गर्नुपर्ने बेला छ।

### वृश्चिक

पराक्रम बढ्नेछ। अधुरा काम बन्नुका साथै नयाँ काम पाइने योग छ। आफन्तहरूले सहयोग गर्नेछन्। यात्रा हुनसक्छ। सोच्ने शक्ति एवं बोलीको प्रभाव बढ्नेछ। अध्ययनमा सफलता मिल्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। सफलताका लागि स्वास्थ्यको ख्याल गर्नुहोला। खर्च अलि बढी नै हुनसक्छ।

### धनु

बोलीको प्रभाव एवं पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। यात्रा हुनसक्छ। आफन्तहरूबाट उचित सहयोग प्राप्त हुनेछ। मानसम्मान पनि पाउनुहोला। अरूबाट सहयोग पनि प्राप्त होला। धन आर्जन गर्ने अवसर जुट्नेछ। अध्ययनमा सफलता पाइनेछ। दसैं रमाइलोसँग बित्नेछ।

### मकर

सुरुमा मानसम्मान पाइनुका साथै भोजभतेरमा सामेल हुने अवसर जुट्नेछ। बोलीको प्रभाव एवं पराक्रम बढ्नेछ। अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। धन आर्जन हुनसक्छ। यात्रा गर्ने अवसर मिल्नेछ। स्वास्थ्य गडबड रहने हुँदा खानपानमा विचार पुऱ्याउनुपर्ने बेला छ।

### कुम्भ

सुरुमा खर्च एवं विवाद बढ्नेछ। कुरा काट्नेहरू सक्रिय रहनेछन्। मन दुविधाग्रस्त हुनसक्छ। स्वास्थ्य गडबड रहन सक्छ। समयमा निर्णय नहुँदा काम बिग्रन सक्छ। आइतबारदेखि प्रयास गर्दा काममा सुधार आउनेछ। पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। यात्रा गर्ने अवसर जुट्नेछ।

### मीन

धन आर्जन गर्ने अवसर जुट्नेछ। सोच्ने शक्ति बढ्नेछ भने अध्ययनमा सुधार आउनेछ। मन प्रसन्न रहला। अरूबाट सहयोग पाइनेछ। मानसम्मान पनि प्राप्त हुनेछ। भोजभतेरमा सामेल हुने अवसर जुट्नेछ। सोमबार तथा मंगलबार खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ।

## यो साताको पञ्चाङ्ग

कात्तिक २ गते : महाअष्टमी, ३ गते : महानवमी, ४ गते : विजयादशमी, ५ गते : गिद्द एकादशी, ७ गते : संयुक्त राष्ट्र संघ दिवस, ९ गते : कोजाग्रत पूर्णिमा

# राजधानीको दसैं कसरी मनाइन्छ

दसैं हिन्दु नेपालीहरूको सबैभन्दा ठूलो चाड भए पनि विभिन्न ठाउँ र जातिका मानिसहरूले आफ्नै ठाउँअनुकूल र परम्पराअनुसार दसैं मान्दै आएका छन्। त्यसमा पनि राजधानीमा बस्नेहरूको दसैं अलि बेग्लै प्रकारको हुने गरेको छ। राजधानीमा झन्डै आधा मानिस बाहिरबाट आएर बसेकाले उनीहरू दसैं-तिहार मान्न आफ्नै गाउँ अथवा पुर्ख्यौली थलो फर्कन्छन्। यसले गर्दा दसैंको मौसममा राजधानी सुनसान हुँदै आएको विगतको अनुभव छ। राजधानीमा दसैं सुरु हुनु एक महिनाअघि नै बाहिर जानेहरूका लागि बसको टिकट बुकिङ खुल्ला हुन्छ। दसैं सुरु हुने एक साताअघि नै बसपार्कमा बाहिर जानेहरूको लर्को र पोका-पन्तराको थुप्रोले काठमाडौंलाई हलुका महसुस गराउँछ।

बसबाट गाउँ फर्कनेहरूको चाप त हुन्छ नै, उता हवाईजहाज चढेर गाउँ फर्कनेहरूको पनि कमी हुँदैन, त्यसैले यतिबेला राजधानी सुनसान र गाउँबस्ती गुलजार हुन्छन् तर यसपालि पूर्वी र पश्चिमी तराईमा भैइरहेको दिनहुँको बन्द र आमहडतालले आफ्नो मूल घर जान हिँडेका यात्रु एवं बसव्यावसायीहरूसमेत ठूलो मर्कामा परेको सबैको गुनासो छ।



राजधानी सुनसान र खालीखाली भएपनि राजधानीका नेवारहरूले भने दसैंलाई आफ्नै परम्पराअनुसार भव्य रूपमा मनाउँछन्। यद्यपि दसैं नेवार समुदायको सबैभन्दा ठूलो चाड होइन। उनीहरू विभिन्न समयमा पर्ने जात्रा र रथ तान्ने परम्परालाई सबैभन्दा ठूलो चाडका रूपमा मनाउँछन्। राजधानीवासी नेवार समुदायका नागरिकहरूले घटस्थापनादेखि नै आफ्नो टोलछिमेकका शक्तिपीठहरूमा विशेष खालको पूजाआजा गर्छन्। यस्तो पूजाआजा नवरात्रिको नौ दिनसम्म निरन्तर चलिरहन्छ। प्रत्येक दिन एकएक ठाउँ गरी नौ दिनसम्म नौ ठाउँमा मेला लाग्छ। घटस्थापनाका दिन ब्रह्मायणी, महाकाली, महालक्ष्मी, त्रिपुरासुन्दरी र भैरव गरी नौ देवीदेवताको विशेष किसिमले पूजा गरेर दसैं मनाइन्छ। नेवार समुदायमा देवीदेवताको पूजा गर्न जाँदा पूजाका सामग्रीहरू खर्पनमा बोकेर अघिअघि हिँडने र पछिपछि बाजागाजा, झ्यालीसहितको झाँकी लिएर मन्दिर जाने चलन छ। कतिपय ठाउँमा बाजागाजासहित खड्गा जात्रा निकाल्ने चलन पनि छ।

यस क्रममा असनमा सबैभन्दा कान्छो बालकको अगुवाइमा निकालिने खड्गजात्रा र कीर्तिपुरको बाघभैरवमा किशोरीहरू मात्र सम्मिलत भएर निकालिने खड्गजात्रा प्रसिद्ध तथा लोकप्रिय जात्रा हुन्। त्यसैगरी नवमीका दिन सरकारका तर्फबाट प्राप्त पूजासामग्री र राँगा तलेजु भवानीको मन्दिरमा लगी विशेष किसिमले पूजाआजा गरी राँगालाई जाँड-रक्सी ख्वाएर दौडाइन्छ। उक्त राँगोलाई ब्रह्मायणीमा लगेर घाँटीमा नङले घाउ पारी रगत पिउने चलन अनौठो संस्कृतिका रूपमा प्रचलित छ।

राजधानीमा बस्ने अरू समुदायका हिन्दुहरूको दसैं मन्दिर जाने, पूजाआजा गर्ने, नयाँ किनमेल गर्ने र मीठो खाने-पिउने तथा जुवातासमा सीमित रहेको पाइन्छ। राजधानीमा ठाउँको अभाव र सहरीकरणको प्रभावले गर्दा पिङ खेल्ने संस्कृति पनि बिस्तारै लोप हुँदै गएको छ। अर्कातिर चङ्गा उडाउने र पिङ खेल्ने परम्परागत खेलहरूको ठाउँ लङ्गुरबुर्जाले लिन थालेको छ।

दसैंको मौकामा राजधानीका टोलटोलमा लङ्गुरबुर्जा सञ्चालन भैरहेको छ। यो क्रम यसपटक अझ बढेको छ। त्यस्तै जवान मानिसहरू जुवातासमा झुम्मिरहेको देख्न पाइन्छ, तर कतिपय बुद्धिजिवी दसैंको अवसर पारेर जुवातास र खानपिनमा रमाउनुभन्दा नयाँ सिर्जनातिर लाग्छन्। कोही भने किताब पढेर पनि दसैंको बिदा उपयोग गर्छन्। हिजोआज दसैंको बिदालाई देश-विदेशको भ्रमण गरेर विताउने चलन पनि उत्तिकै फस्टाइरहेको छ।

राजधानीमा अष्टमी र नवमीका दिन धेरै भोग र बलि दिने चलन छ। नवमीका दिन गाडी, कलकारखाना र यन्त्र आदिको पूजा गरी गाडी, कलकारखाना बन्द गर्ने चलन छ। यातायात बन्द भैदिनाले यात्रुहरूलाई निकै मर्का पर्छ। टीकाको दिन दिउँसोदेखि ओहरोदोहर सुरु हुन्छ र त्यसपछि भने दिन अरू दिनजस्तै सामान्य बन्दै जान्छ।

उमेर पुगेका केटाकेटीहरूमा उपहार साट्ने र दसैंको बहाना पारेर मन्दिरमा गएर डेटिङ गर्ने अनौठो चलनको पनि विकास भएको छ। दसैंमा त्यसै पनि अधिकांश मानिसको गन्तव्य मन्दिर नै हुने गरेको छ। जब नवरथा प्रारम्भ हुन्छ अधिकांश मानिसको पहिलो काम नै मन्दिर जाने हुन्छ। कसैलाई भेट्नुपर्‍यो भने पनि उसलाई मन्दिरमा आउन भन्नुपर्छ, ऊ सीधै मन्दिरमा आइपुग्छ। यस्तो बेला प्रेमी युवायुवतीहरू देउताको दर्शनको बहानामा एक-अर्कालाई भेट्न मन्दिर पुग्छन्।

दसैंमा अधिकांशले उपहारका रूपमा कपडा, सजाउने समान, पोस्टकार्ड वा मदिरा दिने गरेको पाइन्छ, तर कतिपय युवायुवतीहरू दसैंको नाममा जुवातास खेलेर, जाँड-रक्सी खाएर धन र स्वास्थ्यको नाश गर्नुभन्दा उनीहरू दसैंको फुर्सदको समय र लामो बिदालाई नयाँ ठाउँको भ्रमण गरेर नयाँ अनुभव बटुल्ने कार्यक्रम बनाउन थालेका पाइन्छन्।

यसैगरी राजधानीमा दसैंको मौकामा मनोरञ्जनात्मक डान्सपार्टी, कन्सर्ट, चिठ्ठा कार्यक्रम, दोहरी प्रतियोगिता, तारो हान्ने प्रतियोगिता, नयाँ इलेक्ट्रोनिक उपकरण, फेसन तथा घरायसी सम्मानहरूको प्रदर्शन तथा बिक्री गर्न उत्सव तथा मेलाको आयोजना गर्ने र दसैंलाई हर्सोल्लासका साथ मनाउने गरेको पाइन्छ।

**–भोला महतो**

# बडाको दसैं



**गफै त हो**

**अश्विनी कोइराला**

नामै बडादसैं। साना दसैं भनिएको भए पो साना-तिनालाई दसैं लाग्थ्यो। जे छ बडादसैंमा छ, जसलाई छ, त्यो बडाहरूलाई नै छ। जस्तो बडाहरू नै दसैंमा दिल खोलेर जुवा खेल्छन्। बडाहरूकै घरमा बडा-बडा खसी ढालिन्छ। बडाकै घरमा आशीर्वाद लिनेहरूको लाम लाग्छ। जान्ने बुझ्नेले देखेकै हुन्, दसैंमा बडाका घरमा हुने बडा-बडा कारनामा। यस्ता कुरा सानातिनाले कल्पना मात्र गर्न सक्छन्। यो कारनामा गर्न उनीहरूले पनि पैसा कमाउनुपर्छ। त्यसैले उनीहरू पैसा बटुल्न पनि दुःख गर्छन् नै। यी पैसामा आँखा नलागून् भनेर बडाहरू नै दसैं खर्चले सानालाई मन्साउँछन्। सानाका हातमा परेका पैसाले राम्रो लगाउनै पर्‍यो, मीठो खानै पर्‍यो। किनमेल गरेपछि त्यो आम्दानी बडाकै हातमा पुग्छ। यसरी बडादसैं बडाहरूकै वरिपरि घुम्छ। त्यसैले पनि यो पर्वको नाम बडादसैं भएको हो।

बाहिरबाट हेर्दा बडाहरूले बडो स्वादले दसैं मनाएको देखिए पनि बडाहरूबीच दसैं मनाउने बडो प्रतिस्पर्धा हुन्छ। बडाहरूबीच को सबैभन्दा बडो भन्ने प्रतिस्पर्धा चल्ने भएकाले उनीहरू आफूलाई बडो देखाउन खुब परिश्रम गर्छन्। एलसी खोलेर नयाँ मोडलका गाडी मगाउँछन्। छुट्टी मनाउन विदेश पुग्छन्। बडा-बडा ठाउँ देखे-घुमेपछि बुद्धि पनि बढ्छ क्यारे, त्यसैले यी बडाहरू आफ्ना कोटरीलाई बुद्धिका कुरा सुनाएर मख्ख पार्छन्। यो कुरा राजनीति, अर्थनीति, समाजनीति, शिक्षानीति सबैतिर लागू हुन्छ।

नउठ्नुपर्ने कोटरीका कुरा उठिहालेपछि कांग्रेस कोटरीको चर्चा त गर्नैपर्‍यो। प्रजातान्त्रिक कांग्रेस लोकतान्त्रिक कांग्रेससँग एकीकरण भएपछि यो दल प्रजातान्त्रिक-लोकतान्त्रिक कांग्रेसमा परिणत भएको छ। उक्त दलले गणतन्त्रमा जाने निर्णय गरेपछि यो दल प्रजातान्त्रिक-लोकतान्त्रिक एवं गणतान्त्रिक कांग्रेस भएको छ। उक्त दलमा राजावादीको पनि राम्रो पकड छ। त्यसैले यो दलभित्र अर्को विशेषण पनि जोड्न सकिन्छ- राजतान्त्रिक। त्यसैले नेपाली कांग्रेसको विशेषता यस्तो देखिन्छ- प्रजातान्त्रिक, लोकतान्त्रिक, गणतान्त्रिक, राजतान्त्रिक एवं संघीय नेपाली कांग्रेस। अब यी विभिन्न विशेषताभित्र भिन्न-भिन्न कोटरी छन्। यी कोटरीका नाइकेहरूलाई पनि दसैंले छोपेको छ।

गिरिजाप्रसाद कोइराला नेपाली कांग्रेस, राज्य तथा राष्ट्र सबैका प्रमुख हुन्। त्यसैले यिनी नेपालका सबैभन्दा बडे हुन्। स्पष्ट छ, यिनको दसैं सबैभन्दा सुखद् हुने पक्का छ। उनले संसदबाट गणतन्त्र घोषणा नगर्दा र समानुपातिक निर्वाचनमा जनाने अड्डी लिंदा माओवादी नेताको मात्र होइन, त्यसका कार्यकर्ताको दसैं पनि नराम्रोसँग बिग्रियो। दसैंका मुखमा सत्ताको स्वादबाट बिमुख हुनुपर्‍यो। कोइरालाको उचाइ जति बढ्दै गएको छ। माधव नेपालको प्रधानमन्त्री हुने सपना मर्दै गएको छ। यही बडे हुनुको फाइदा उठाएर कोइरालाले छोरी सुजातालाई रामचन्द्र, शेरबहादुर तथा खुमबहादुरको हाराहारी पुर्‍याए। यी सबै कारणले सजिलै भन्न सकिन्छ, यसपटक दसैं मान्ने संसारभरका नेपालीहरूमध्ये गिरिजाप्रसादको दसैं सबैभन्दा सुखद् छ।

यसपटकको दसैंमा शेरबहादुर देउवाले एकैपटक ६ वटा खसी ढाल्ने योजना बनाएको समाचार पत्रपत्रिकाहरूतिर देखिएको छ। एक पत्रिकाले देउवाको दसैंमा औपचारिकरूपमा ५० हजार र अनौपचारिकरूपमा ३ लाख खर्च हुने कुरा पनि उल्लेख गरेको छ। यो समाचार पढेपछि कतिपयले ठूलो रिस गरे तर त्यस्तो रिस गर्नुको कुनै अर्थ छैन। खुसीको मौकामा पनि दुई-चार खसी नढाले कहिले ढाल्ने ? देउवाको राजनैतिक जीवनमा यो सबैभन्दा ठूलो दसैं हो। आगामी निर्वाचनमा एमालेबाट छुट्टिएर गएको माले जस्तो अवस्थामा पुग्ने प्रजातान्त्रिक कांग्रेसलाई उनले मूल कांग्रेसकै हैसियतमा एकीकरण गरे। आफूसँग जोरी खोज्ने गिरिजाप्रसादलाई घुर्काएर आफूभन्दा वरिष्ठहरूलाई पछि पारेर वरिष्ठमा दर्ता गराए। पहिले एकातर्फका मात्र सभापति थिए, अब दुबैतर्फबाट सम्मान पाउने भए। गिरिजाप्रसाद कोइराला उनीभन्दा माथि भए त के भो, प्रजातान्त्रिक कांग्रेसका सभापति हुँदा पनि उनले कोइरालालाई मान्नैपर्थ्यो, अहिले पनि मान्नैपर्छ। देउवा बडेहरूमध्ये दोस्रा बडे भएपछि ६ वटा खसी र ३ लाख मात्र किन यसपटकको दसैंमा उनले सयौं खसी ढाल्दा पनि उनको व्यक्तित्वलाई सुहाउँछ। करोड रुपैयाँ दक्षिणामा दिए पनि उनको हैसियत अनुसार कमै हुन्छ।

कमरेड माधव नेपाललाई यसपटकको दसैंमा कम्युनिस्ट शब्द घाँडो भएको छ। सबैलाई थाहा छ, अब उनको दलको नाममा बाहेक कतै पनि कम्युनिस्ट बाँकी छैन। यही नामकै कारण उनलाई गिरिजाप्रसादको विकल्पमा प्रस्तुत हुन गाह्रो भएको छ। संविधानसभाको निर्वाचन सरे पनि, तराई आन्दोलन चले पनि विभिन्न समूहहरूले सयौं माग तेर्साए पनि, कपिलवस्तु घटना घटे पनि, गणतन्त्रको संकल्प प्रस्तुत गर्ने बेलामा संवैधानिक राजतन्त्रको कुरा उल्लेख भए पनि उनले गिरिजाप्रसाद कोइरालालाई प्रधानमन्त्रीको कुर्सीबाट झार्न नसक्ने भएका छन्। कथंकदाचित कोइराला बिरामी परे, तलमाथि भए पनि उनलाई प्रधानमन्त्रीको कुर्सी मिल्ने सम्भावना दूर-दूरसम्म कतै देखिंदैन। लामो अध्ययनपछि बल्ल उनको चेतनामा पस्यो, यो देशमा प्रजातन्त्र आएपछि बरु सूर्यबहादुर थापा प्रधानमन्त्री हुनसक्छन्, लोकेन्द्रबहादुर चन्द प्रधानमन्त्री हुनसक्छन्। राजनीतिमा आफूभन्दा कान्छा देउवा पटक-पटक प्रधानमन्त्री हुनसक्छन् तर आफू प्रधानमन्त्री हुन सक्दैनन्। कारण, उनी कम्युनिस्ट दलका महासचिव हुन्। भलै दल कम्युनिस्ट नीतिमा नचलोस्, नामले नै व्यक्तिलाई प्रधानमन्त्री बनाउन बाधा, अड्चन गर्छ। यो बाधा, अड्चन फुकाउन दलको नाम नै परिवर्तन गर्नुपर्छ। त्यसो गर्न कार्यकर्ता मान्दैनन्। त्यसैले देशका बडा भैकन पनि कमरेड माधवकुमार नेपालको दसैं यस पटक पनि खल्लो हुने भएको छ।

प्रचण्डको त कुरै नगरौं। कहिले भारतले पेल्छ, कहिले कोइरालाले पेल्छन्, कहिले क्रान्तिकारी हौं भन्ने आफ्नै दलका अतिवादी कमरेडहरूले पेल्छन्। पत्रकारले त पेलेका पेलै छन्, अहिले त आफ्नै शरीरले पनि पेल्न थालेपछि यी कमरेडलाई दसैं दशा जस्तै भएको छ। कमरेडलाई मुटु रोगले समातेको छ। डाक्टरले उनलाई अमिलो, पिरो, चिल्लो, माछा, मासु, जाँड रक्सीलाई हात लगाउन मनाही गरेको छ। डाक्टरले त कतिसम्म पेलेका छन् भने रातो मासु खाए 'तपाईं जानु भयो' सम्म भनेको छ। दस वर्षसम्म नेपालका ४० हजार सेना तथा एक लाख प्रहरीले पनि भेउसमेत पाउन नसकेको कमरेड प्रचण्डलाई यो मासु खाने मौसममा रातो मासुले मार्ने धम्की दिएको छ। उनका लागि यस्तो पनि के दसैं ? जंगलबाटै राजतन्त्रको समाप्तिको घोषणा गरेका प्रचण्डले राजालाई भित्तामा त पुर्‍याए तर आफू पनि उनीसँगै सती गएको थाहै पाएनन्।

बरु कम्युनिस्ट भैकन सबैभन्दा स्वादिलो दसैं जनमोर्चा नेपालका उपाध्यक्ष लीलामणि पोखरेललाई आएको छ। जीवनमा कहिलै पनि सत्तामा पुग्ने सपना पनि नदेखेका पोखरेलले आफ्नै जीवन संगिनी शशी श्रेष्ठलाई स्वास्थ्य राज्यमन्त्री बनाएका छन्। आफ्ना विरोधीले धमाधम पार्टी छाडेर अर्कै दल खोलेपछि अब उनलाई थुनछेक गर्ने कोही छैनन्। कसलाई के पद दिने, आफ्ना भित्रियालाई कसरी मन्त्रालयमा पद सिर्जना गर्ने उनकै हातमा छ। अरू त सामान्य नै हो, श्रीमतीलाई सरकारले दिने दसैं खर्चलाई उनकै योजनाअनुरूप कार्यकर्तालाई बाँडेर सदुपयोग गर्ने कुरा बाहिर आएको छ।

यसपटकको दसैंमा विदेश शयर गरेर रमाउने बडाहरूको सूचीमा धेरै हुनसक्छ। सेलिब्रेटी भएका कारण यस्तो सूचीमा हाम्रा मन्त्रीलाई पच्छ्याउन सजिलो पर्छ। अर्थमन्त्री रामशरण महत दसैंको बिदा अमेरिकाको वासिङटन डिसीमा मनाउँदैछन्। नेपालमा भए बरखी बारेका मानिसले अरूले छोएको पनि खानुहुँदैन, माछा मासु, जाँड रक्सी त हातै लगाउनु हुँदैन। सेलिब्रटी भएका कारण महतलाई यी कुरामा बात नलाग्ने भएको छ। उनले अमेरिकामा सबै वर्जित वस्तु छुनुपर्ने कारणले हुनसक्छ, उनी नेपालमै सबै कुरा फुकाएर अमेरिका गएका छन्। सबै कुरा फुकाएपछि पाइने दसैंको आनन्द डा. महत जस्ता बडेलाई थाहा नभए अरू कसलाई होला र ?



राहुल रायको जस्तो केश पालेर फेमस भएका शिक्षा तथा खेलकुद मन्त्री प्रदीप नेपालको दसैं पनि सिंगापुर तथा पेरिसमा बित्दैछ। बेमौसमै केश फुलेपछि उनले भारतका प्रख्यात केस डिजाइनर हबिबको क्लिनिकमा गएर नयाँ हेयर स्टायल बनाएका हुन्। त्यही बेलादेखि नै केशमा कालो महेन्दी लगाउन थालेका नेपाल केश बनाएपछि केही युवा भएका छन्। आफ्नो मन अझै पनि १६ वर्ष भएको बताउने नेपालले विदेशमा मनाउने दसैंको अनुमानसम्म लगाउन सकिन्छ। जे होस् नेपालले विदेशमा मनाउने दसैं पनि रमाइलो नै होला। किनभने सरकारले दिएको दसैं खर्च बोकेरै उनी विदेशतिर लागेका हुन्।

यसरी बडेहरूले मनाउने बडा दसैंको कार्यसूची लामो हुन सक्छ। हामीलाई त के छ, आकाशको फल आँखातरी मर भन्न बाहेक अरू के गर्न सकिन्छ र ?

## सम्पादकीय

# परिवर्तनमा दसैं

फेरि एकपटक नेपालीहरूको पर्व दसैं घर-घरमा भित्रिएको छ। फेरि एकपटक नेपालीहरू केही दिनका लागि आफ्नो कार्यथलो छाडेर जन्मथलोतर्फ लागेका छन्। बजारमा चहलपहल बढेको छ। आर्थिक गतिविधि तीव्र भएको छ। विदेशबाट सहर आउने तथा सहरबाट गाउँ जानेहरूको लर्को बढेको छ। इष्ट-मित्र तथा पारिवारिक सदस्यहरूबीच पुर्नमिलनको प्रारम्भ भएको छ। यसले विगतका अन्यौलग्रस्त दसैंलाई बिर्साउन खोजेको मससुस हुन्छ। यसो भन्दैमा हामीले तराईलगायत अरू विभिन्न क्षेत्रमा देखिएका समस्यालाई बिर्सन मिल्दैन। नेकपा (माओवादी) ले शान्ति सम्झौतामा हस्ताक्षर गर्नुको अर्थ नेपालका सबै समस्या समाधान हुनु हो भन्ने भ्रम पाल्नाले यस पटक पनि नेपालीहरूले सोचेजस्तो दसैं मान्न पाइरहेका छैनन्। अहिले पनि तराईमा देखिएका समस्याले थुप्रै तराईवासी तथा तराईको बाटो हुँदै पहाडतर्फ जाने नेपालीहरूको दसैं अप्ठ्यारोमा परेको छ। सरकारले यस्ता समूहलाई दसैंका अवसरमा पर्व मान्ने जनताको अधिकारको रक्षा गर्न अपिल गर्नु अनिवार्य भएको छ।

अब राजनैतिक रूपमा नेपालीको दसैं फेरिएको छ। अघिल्लो पटक हामीले दसैंलाई हिन्दू अधिराज्यको अनिवार्य चाडका रूपमा मानेका थियौं। त्यसैले यो राष्ट्रिय पर्व थियो। अन्तरिम संविधानको निर्माणपछि नेपाल धर्मनिरपेक्ष राष्ट्र भएको छ। अब यो राष्ट्रिय पर्वका रूपमा नरहेर हिन्दूहरूको पर्वका रूपमा मात्र रहने निश्चितजस्तै छ। यसले फरक धर्म वा जातिलाई दसैं मान्न बाध्य पारिएको गुनासो पनि हट्दै जाने देखिन्छ। यद्यपि स्वतन्त्र रूपमा दसैं मनाउन चाहनेहरूको सम्मान गर्ने परम्परालाई पनि पहिलेजस्तै कायम रहन दिनेतर्फ पनि सबैले सचेत हुनुपर्छ। संविधानसभाको निर्वाचनपछि बन्ने नयाँ संविधानले धर्मनिरपेक्षकै बाटो समाउने हुनाले अब दसैंलाई हिन्दूहरूको पर्वका रूपमा व्याख्या नगरी अधिकांश नेपालीहरूको पर्वका रूपमा व्याख्या गरिनु सबैको हितमा देखिन्छ। यसले नेपालीहरूभित्रै विभाजनको रेखा कोर्नबाट रोक्न मद्दत गर्छ। त्यसबाहेक जसरी सबै नेपालीले दसैंको महत्त्वलाई स्वीकार गरेका छन्, त्यसैगरी ल्होसार, साकेवा, छठ, माघी, चासोक, तङनाम, इदजस्ता थुप्रै पर्वहरूलाई पनि महत्त्व दिनुपर्छ। यसले नेपालीलाई सांस्कृतिक रूपमा एक बनाउन मद्दत गर्छ। हिजोका गल्तीलाई सच्याउँदै जानु नै नयाँ नेपालको निर्माण गर्नु हो।

सर्वग्राह्य कुरालाई महत्त्व दिनु लोकतान्त्रिक पद्धति हो। दसैं पनि हिन्दू नेपालीको महान् पर्व हो। धर्मनिरपेक्ष राष्ट्रको घोषणापछि दसैंको राजनैतिक मुद्दा सकिएको मान्नुपर्छ। तर यसको सांस्कृतिक धरोहरको रक्षा गर्नु आमनेपालीको कर्तव्य हो। आधुनिकतासँगै कमजोर भएको दसैंको सांस्कृतिक पक्षले यसलाई दीर्घजीवी बनाउन सक्दैन। दसैंलाई नेपाली जनताको आत्मीय पर्वका रूपमा विकसित गर्न यसलाई एकताको प्रतीक खुसीको चाडका रूपमै अघि बढाउनुपर्छ। यसलाई सधैं सांस्कृतिक रूपमै हेर्नुपर्छ भन्ने मान्यता समयसँगै परिवर्तन गर्दै लानुपर्छ।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पत्रिकाहरू पढ्न।
सौजन्य : साप्ताहिक-पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल

## चिठीपत्र

### यस्तो होस् विजयादशमी



वीर गोर्खालीको जस्तो सान होस्
आफ्नै देशमा गर्ने काम होस्
बिहान-साँझ खाने माम होस्
सगरमाथाजस्तै उच्च नाम होस्
नेपालबन्द र चक्काजाम सधैंका लागि जाम होस्
हत्या, अपहरण, चन्दा आतंक, धम्कीको बदनाम होस्
अन्याय, अत्याचार गर्नेहरूको सर्वनाश होस्
हरेक नेपालीको घरमा दुर्गा भवानीको बास होस्
नेपाल र नेपालीको सधैं फलिफाप होस्
सबैलाई गाँस, बास र कपास होस्
जस्तोसुकै परोस् गरौं सामना
विजयादशमीको मंगलमय शुभकामना !

–रामप्रसाद खनाल

### दसैंको मूल्य

नेपालीहरूको महान् पर्व दसैंमा मानिसहरू आफ्नो हैसियत नाघेर अन्धाधुन्ध खर्च गर्छन् जुन गलत प्रवृत्ति हो। दसैं सामाजिक रवाफका निम्तिभन्दा पनि परम्परा धान्न मानिने उत्सव हो। आफ्नो हैसियतअनुसार दसैं मानेर पनि दसैंको पर्याप्त आनन्द लिन सकिन्छ। दसैंमा खसी लडाउनैपर्छ भन्ने कुरा कुनै शास्त्रमा लेखिएको छैन। यदि शास्त्रमा लेखेकै भए पनि बलिप्रथाविरुद्ध शास्त्रलाई चुनौती दिन सकिन्छ। प्राणीको रगत पिएर कुनै देवता खुसी हुँदैनन्। यो साहूमहाजन र ठालुहरूले थालेको रीति हो जसको उद्देश्य सोझासीधा जनतालाई ऋणमा डुबाउनु हो। दसैंमा जुवातासको विकृति पनि भित्रिएको छ। जुवातासमा बित्था पैसा रित्याउनुभन्दा छोराछोरीका लागि नयाँ भोटो किनिदिनु उत्तम हो।

दसैंलाई भड्किलो तरिकाले मान्नुपर्छ भन्ने पुरानो सोचका कारण दसैं दशा बन्न पुग्छ। आफ्नो हैसियतमा दसैं मान्ने हो भने कसैको पनि दसैं दशा बन्दैन। छिमेकीले आँगनमा खसी लडायो भन्दैमा ऋण लिएर त्योभन्दा ठूलो खसी ढाल्नु आत्मघाती कदम हो। यसले हाम्रो काँधमा ऋणको भार मात्र बोकाउँछ। सामाजिक सद्भावको यो चाडको मूल सार ठूलाबडाको आशीर्वाद नै हो। यसले ठूलाबडाको सम्मान गनुपर्ने पाठ सिकाउँछ। यो तथ्य अहिले श्रद्धा हराउँदै गएको युगका लागि अनिवार्य नै छ। जुवातासलाई प्रोत्साहन दिई श्रीमतीका कान बुच्चै पारेर, खसी ढालेर र नयाँ लुगा लगाएर मात्र दसैंको मूल्य उच्च हुने होइन। आफ्नो हैसियतअनुसार मान्दा नै दसैंको मूल्य कायम रहन्छ। ऋण लिएर दसैंलाई दशा नबनाऔं। दसैं आफ्नो गच्छेअनुसार प्रेम र सद्भाव छर्दै मानौं, सबै नेपालीलाई मेरो हार्दिक अनुरोध छ।

प्रेमकृष्ण श्रेष्ठ, कीर्तिपुर, काठमाडौं

### आशा मात्रै भयो

नेपालीमा रहेको संविधानसभा चुनावको आशा
पूरा भएन अनि मंसिरबाट पनि पर सऱ्यो
नयाँ नेपाल बन्ने क्रमको देश
पुरानै विचारधारामा अल्झिरहयो
अतः नेपालीको आशा आशामै सीमित रहयो
विकासको लहर छाओस् भन्ने नेपालीको आशा
रहरमै अल्झिएर अपूरो भयो
निरङ्कुशताको अन्त्य होला भनेको त
त्यसकै जरामा मलजल भयो
जनआन्दोलनको फल लोकतान्त्रिक नेपालमा
नेपालीको भावना नबुझिएको जस्तो लाग्यो
मंसिरमा संविधानसभाको चुनाव नहोस् भनेर
अनेकौं बहाना बनाइयो
अतः सहिदको बलिदानको अवमूल्यन भयो
शान्तिका लागि नेपालीको पर्खाइ
पूरा नभै मेटिने भयो
अराजकता फैलाउनेहरू रमीरमी
सक्रिय बन्नतर्फ लाग्ने भए
अतः शान्तिको सास फेर्न पाउने
आशा-आशामै सीमित रहयो
संविधानसभाको निर्वाचन आकाशको फल
आँखा तरी मर् मात्र भयो !

–सागर शर्मा

## लाइभ सो

-आगामी कात्तिक १६ गते शुक्रबार साँझ होटल याक एन्ड यतिको क्लब प्लाटिनममा तिहारको स्वागत गर्दै एक विशेष डान्स पार्टीको आयोजना हुँदैछ। उक्त क्लबका व्यवस्थापक निरेश थापाका अनुसार डान्सपार्टीमा अन्तर्राष्ट्रिय जगतमा ख्याति कमाएका कुनै एक सेलिब्रेटीलाई सरप्राइजका रूपमा दर्शकहरूमाझ प्रस्तुत गर्ने योजना छ।

-दसैंका अवसरमा काठमाडौंको भृकुटीमण्डपस्थित फन पार्कमा आयोजना भैरहेको 'दसैं-तिहार महोत्सव' दसैंका बिदाका बेला पाँच दिनजति बन्द गरिए पनि त्यसपछि तिहारसम्म सञ्चालन हुने भएको छ। उक्त महोत्सवमा कन्सर्ट, डान्सपार्टीहरु हुनुका साथै विभिन्न खेलका स्टल पनि राखिएका छन्।

-आगामी कात्तिक १७ गते शनिबार दिउँसो ३ बजेदेखि काठमाडौंको नयाँ बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा पुरुष तथा महिला मोडलहरूबीचको प्रतिस्पर्धा 'मिस्टर एन्ड मिस कान्तिपुर'को आयोजना हुँदैछ। ग्यालेक्सी मोडलिङ एजेन्सीको आयोजना तथा धीरज तन्डुकारको कोरियोग्राफीमा हुन गैरहेको उक्त प्रतिस्पर्धामा १३ जना युवती तथा १५ जना युवकले प्रतिस्पर्धा गर्दैछन्। कार्यक्रमलाई मनोरञ्जनपूर्ण बनाउन विभिन्न नृत्य तथा गायन पनि प्रस्तुत गरिँदैछ।

-आगामी कात्तिक १७ गते शनिबार ललितपुर विशालबजारको शुभारम्भको अवसरमा उक्त बजार परिसरमा एक गरमागरम फेसन सो आयोजित हुँदैछ। प्रबल श्रेष्ठको कोरियोग्राफीमा हुने फेसन सोमा एक दर्जनभन्दा भन्दा बढी मोडलले जाडोमा लगाउन मिल्ने पोसाक प्रदर्शन गर्नेछन्।

-त्रिपुरेश्वरस्थित युनाइटेड वर्ल्ड ट्रेड सेन्टरमा दसैं र तिहारको उपलक्ष्यमा आयोजना भैरहेको कार्यक्रम 'दसैं-तिहार धमाका'कार्यक्रम तिहारको भाइटीकाको अघिल्लो दिन अर्थात् कात्तिक २४ गते शनिबारसम्म चल्नेछ। कार्यक्रमअन्तर्गत हरेक दिन दिउँसो भुइँ तल्लामा बालबालिकाहरूका लागि जादु, फेस पेन्टिङका साथै चकलेट वितरण कार्यक्रम भैरहेको छ भने साँझ ५ बजेदेखि लोकदोहोरी तथा अन्य गीतहरूको लाइभ कन्सर्ट हुने गरेको छ।

## नीति-नियम

अधिकाररूपी मात पिएर को उन्मत्त नहोला ? त्यसैले लामो समयसम्म कसैलाई पनि एउटै अधिकार दिएर राख्नु हुँदैन। जब नयाँ कर्मचारी आफ्नो पदभन्दा माथिल्लो पदमा काम गर्न योग्य हुँ्ै जान्छन् तब तिनीहरूलाई क्रमशः माथिल्लो पदमा नियुक्ति दिँदै जानुपर्छ।

कुनै अक्षर यस्तो छैन जुन मन्त्र बन्न लायक छैन, कुनै त्यस्तो जडीबुटी यस्तो छैन जुन औषधी बन्न नसकोस्। यस्ता पुरुष कहीं छैनन् जसले कुनै काम गर्न नसकुन्, बरु नीति अनुरूप उचित काममा लगाउने पुरुष पाउन दुर्लभ छ।

जो विनम्र स्वभावको छ, व्यवहारमा निकै बाठो छ, जनरक्षाका लागि आफ्नो प्राणभन्दा पनि प्यारो गरी काम गर्छ र त्यक्तिकै कसैलाई धन दिँदैन त्यस्तो व्यक्ति आर्थिक रूपमा सबल हुन्छ।

जो लोक व्यवहार जान्दछ, विद्वान् छ, सदाचार एवं सौजन्यादि दया, उदारता आदि गुणले युक्त छ, शत्रु-मित्र सबैमा समान व्यवहार गर्दछ, धर्मज्ञ छ, सत्यवादी, आलस्य नलिने, काम, क्रोध, लोभ आदिलाई जित्ने गुण भएका व्यक्तिलाई सभासद बनाउनुपर्छ।

-शुक्रनीति

अनुवाद : रामहरि बन्जारा

# नवरात्रमा पुजिने नवदुर्गा

आश्विन शुक्ल प्रतिपदाका दिन घटस्थापना गरी आरम्भ हुने नवरात्र पर्व विजयादशमीका दिन प्रसादका रूपमा टीका र जमरा ग्रहण गरेपछि विसर्जन हुन्छ। यसै अवधिमा शक्तिरूपा नौ दुर्गाको पूजा-अर्चना र जपतप हुन्छ। तिनै नौ स्वरूपका भगवतीलाई हामी समग्रमा नवदुर्गा भन्छौं। नवदुर्गामा क्रमशः शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, कुष्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्री, महागौरी एवं सिद्धिदात्री पर्छन्।

नवरात्रमा अधिराज्यभरका शक्तिपीठहरूमा ठूलो मेला लाग्छ। दक्षिणकाली, भद्रकाली, संकटा, मैतीदेवी, गुह्येश्वरी, नक्साल भगवती, मनकामना, छिन्नमस्ता, तुलजा भवानी, चण्डेश्वरी आदि देवीहरूका मठमन्दिरमा पूजा-अर्चना गर्ने श्रद्धालु भक्तजनको ठूलो भीड लाग्छ। हामी यस अवसरमा नौवटा दुर्गाको पूजा गर्छौं, जसमा छुट्टैछुट्टै विशेषता एवं महिमा छन्।

**शैलपुत्री**

घटस्थापनाको दिनदेखि नवरात्र पर्व सुरु हुन्छ। यस दिन नदी किनाराबाट बालुवा ल्याई घरको कोठामा वेदी बनाई कलश स्थापना गरी जौ छरेर जमरा राखिन्छ र विधिपूर्वक पूजा-अर्चना गरिन्छ। यस दिन पुजिने देवीको नाम शैलपुत्री हो। यिनी हिमालय पर्वतकी छोरी भएकीले शैलपुत्री भनिएको हो।

**ब्रह्मचारिणी**

नवरात्रको दोस्रो दिन ब्रह्मचारिणी नामकी देवीको पूजा-अर्चना गरिन्छ। शैलपुत्रीकै अर्को नाम ब्रह्मचारिणी हो। सतीदेवीले पार्वती रूप धारण गरेपछि उनले महादेवलाई पाउन पुनः तपस्या गरेकीले उनको नाम ब्रह्मचारिणी रहेको हो। यिनको दाहिने हातमा जपमाला र देब्रेहातमा कमण्डलु छ।

**चन्द्रघण्टा**

तेस्रो दिन पुजिने सिंहमाथि विराजमान देवीको नाम चन्द्रघण्टा हो। यी देवीका ५ मुख तथा १० हात छन्। चन्द्रघण्टाको सुवर्णमय स्वरूप देखेर दानवहरू डराउने भएकाले यिनलाई चन्द्रघण्टा भनिएको हो। यिनको हातमा घण्टा छ।

**कुष्माण्डा**

आठ हात भएकी, सूर्य मण्डलामा निवास गर्ने, सूर्यझैं तेज भएकी चौथो दिनमा पुजिने देवीलाई कुष्माण्डा भनिन्छ। उनको अट्टहासमा ब्रह्माण्डको उत्पत्ति र विनाश गर्ने शक्ति भएकाले उनलाई कुष्माण्डा भनिएको हो।

**स्कन्दमाता**

श्वेत वर्ण, तीन आँखा, चार हात, कमलको फूलमाथि आसन भएकी स्कन्दकी जननी देवी स्कन्दमाताको पूजा पाँचौं दिन गरिन्छ।

**कात्यायनी**

नवरात्रको छैठौं दिन कात्यायनी देवीको भव्य रूपमा पूजा-अर्चना गरिन्छ। तीन नेत्र, आठ हात भएकी यी देवीको स्वरूप सुवर्णमय छ। कात्यायनीको जन्म कात्यायनबाट भएको अर्थात् देवीमाताले कात्यायनको छोरीको रूपमा जन्म लिएकाले नै यिनको नाम कात्यायनी रहेको हो।



तस्बिर सौजन्य : नेपाल पर्यटन बोर्ड

**कालरात्री**

सातौं दिन कालरात्री नामकी देवीको पूजा-अर्चना गरिन्छ। कृष्ण वर्ण, गधा वाहन भएकी, तीन नेत्र, चार हात भएकी, चारै हातमा क्रमशः तरबार, मसाल, वरमुद्रा तथा अभय मुद्रा धारण गरेकी सास फेर्दा आगो ओकल्ने देवीको पूजा फूलपाती अर्थात् सप्तमीको दिन धूमधामसँग गरिन्छ।

**महागौरी**

गोरुमाथि चढ्ने, श्वेत वर्ण, श्वेतवस्त्र धारण गरेकी, तीन आँखा, चार हात भएकी यी देवीको पूजा अष्टमीका दिन अर्थात् आठौं दिन गरिन्छ।

**सिद्धिदात्री**

नवरात्रको नवौं वा अन्तिम दिन पुजिने देवीको नाम सिद्धिदात्री हो। भगवान् शिवले पनि यिनै देवीको आराधनापश्चात् सिद्धि प्राप्त गरेकाले यिनलाई सिद्धिदात्री भनिएको हो। नवरात्रमा पुजिने देवी दुर्गाका आ-आफ्नै विशेषता छन्। समग्रमा यो पर्वले असत्यमाथि सत्यको जित हुन्छ भन्ने भावना बोध गराउँछ।

● देवेन्द्र अर्याल

# दसैंका बेला समाजसेवा


अश्विनी कोइराला

काठमाडौंमा उच्च ओहदामा पुगेका १० जनामध्ये ८ जना मानिस गाउँमा जन्मिएका हुन्। देशको केन्द्रविन्दुमा रहेका राजनैतिक दलका नेताहरू, प्रधानमन्त्रीदेखि मन्त्रीसम्म सबै गाउँमै जन्मी हुर्किएका हुन्। नेपालका केही राम्रा उद्योग सञ्चालकहरू, राम्रो आम्दानी गरिरहेका ठेकेदारहरू, निजी विद्यालय तथा क्याम्पसप्रमुखहरू, सार्वजनिक संस्थानका महाप्रबन्धकहरू अनि थुप्रै सामाजिक संस्थामा काम गरेर राम्रो आम्दानी गरिरहेका विकासे कार्यकर्ताहरू। अधिकांश कुनै न कुनै रूपमा गाउँसँग सम्बन्ध भएका मानिस हुन्।

२०४६ सालयता स्वतन्त्रताको उपयोग गरेर माथि पुगेका मानिसका नागरिकतामा उल्लेख गरिएको स्थायी ठेगाना गाउँ नै भएको सहजै देखिन्छ। सहरमै जन्मी हुर्किएकाहरूले पनि गाउँको खेतीबाट दाल-चामल ल्याएर जीवन गुजारा गर्ने भएकाले उनीहरूको सम्बन्ध पनि गाउँसँगै जोडिएको छ।

त्यसो भए यस्ता ठूला मानिस जन्माउने गाउँका लागि उनीहरूले के योगदान गरे, यो पनि एउटा बहसको विषय हुनसक्छ। केही समयअघि आफ्नो गायन प्रतिभाका कारण भारतीय संगीत उद्योगमा स्थापित भएका उदितनारायणले आफ्नो गाउँ सप्तरी भारदहस्थित कंकालिनी मन्दिरको जीर्णोद्धार गर्दा यसले सप्तरीमा मात्र होइन, काठमाडौंमै चर्चा पाएको थियो। भत्किएको कंकालिनी मन्दिरलाई उदितले १३ लाख नेपाली रुपैयाँ खर्च गरेर त्यस क्षेत्रकै आकर्षक मन्दिर बनाएका छन्। अहिले पनि कोसी ब्यारेजको पश्चिमतर्फ रहेको कंकालिनी मन्दिरमा उदितनारायणको नेपाली १३ लाख रुपैयाँको लगानी भक्तजनले उपभोग गरिरहेको राजमार्गबाट सजिलै देखिन्छ।

संसार नै मेरो गाउँ हो भन्ने विचारले प्रश्रय पाइरहेको आजको समयमा मानिसले आफू जन्मिएकै गाउँमा केही गर्नुपर्छ भन्ने धारणा गलत पनि हुनसक्छ। यद्यपि मानिस जहाँ जन्मियो, त्यस स्थानप्रति उसको भावनात्मक सम्बन्ध हुन्छ। यही सम्बन्धले सबैजसो मानिस आफ्नो गाउँका लागि केही गर्ने इच्छा राख्छन्। बाहिर बसेर पनि आफ्नो गाउँलाई केही गरिरहेकाहरूको सूची लामै छ।



चर्चित कलाकार हरिवंश आचार्य काठमाडौं आउँदा गाउँबाट पैदल हिँडेको सम्झन्छन्। उनी आफ्नो गाउँ शङ्खुबाट दुई-तीन घण्टा हिँडेपछि मात्र बनेपा आइपुग्थे। कुनै बेला उनको गाउँ शङ्खु काभ्रेपलाञ्चोककै दुर्गम गाउँ मानिन्थ्यो। अहिले उनी आफ्नै गाडीमा गाउँ पुग्ने भएका छन्। यो बाटो हिँड्दा उनलाई सन्तोष लाग्छ, कारण यो बाटोको निर्माण उनकै पहलमा भएको हो। बनेपाबाट नमोबुद्धसम्मको १७ किलोमिटर सडक निर्माणमा हरिवंशले नेतृत्व लिए। काठमाडौंमा बनेपा-नमोबुद्ध सडक निर्माणका लागि सरकारसँग डोजर माग गर्ने, चन्दा उठाउने तथा कुनै बाधा-व्यवधान आए त्यसलाई मिलाउने कामको जिम्मा पनि गाउँलेले हरिवंशलाई नै दिए। चर्चित कलाकार भएकाले सरकारले पनि उनको कुरा सुन्यो। नभन्दै पाँच वर्षको प्रयासपछि बाटो निर्माण मात्र भएन, अहिले उक्त बाटोलाई सडक विभागको मातहतमा पनि ल्याइएको छ।

हरिवंशकै पहलमा अहिले सडक विभागले उक्त बोटोलाई कालो पत्र पनि गर्दैछ। मैले आफ्नो गाउँमा मात्र सडक पुऱ्याएको होइन, बौद्धधर्मावलम्बीहरूको चर्चित धार्मिक स्थल नमोबुद्ध जाने यात्रीहरूका लागि पनि यो कार्य गरेको हुँ, आचार्य भन्छन्– 'आफ्नो गाउँका लागि योगदान गर्न खोज्दा समाजसेवा पनि हुनपुग्यो।' उनी दसैं-तिहारजस्ता पर्वमा फुर्सद हुने भएकाले गाउँ जान्छन्। यस्तै फुर्सदका बेला गाउँलेहरूका आवश्यकता बुझ्ने मौका मिल्ने उनको कथन छ।

हरिवंशले आफ्नो खर्चमा मात्र गाउँ सेवा गरेका छैनन्, विभिन्न दाता खोजेर आफ्नो गाउँको विकासमा मद्दत गर्दै आएका छन्। उनले समाजसेवी राजु मानन्धरको सहयोगमा गाउँमा भत्किएको विद्यालयको पुनःनिर्माण गराएका थिए भने जापानी दातालाई अनुरोध गरेर आफूले अध्ययन गरेको जनजागृति विद्यालयमा थप ६ कोठा निर्माण गर्न लगाएका थिए। 'आयस्रोत नहुँदा त्यही गाउँको अन्नले म काठमाडौंमा पालिएको थिएँ।' गाउँप्रतिको आफ्नो लगावका सम्बन्धमा आचार्य भन्छन्, 'मैले त्यहाँको घर जग्गा केही बेचेको छैन। अहिले पनि म गाउँको सुन्तला खाएर काठमाडौंको जाडो बिताउँछु।'

गाउँमा केही गर्नुपर्छ भन्ने धारणा राख्नेहरूको भीडमा नारायण श्रेष्ठ पनि पर्छन्। अन्तर्राष्ट्रिय हेल्पिङ हेन्डका अन्तर्राष्ट्रिय अध्यक्ष श्रेष्ठ विगत ३० वर्षदेखि अमेरिकाको कोलोराडोमा बसोबास गर्छन्। अमेरिकामा उनी होटल, रेस्टुराँ, क्युरियो व्यवसायी तथा ट्राभल एजेन्टका रूपमा चिनिन्छन्। संखुवासभाको खाँदबारीमा जन्मी-हुर्किएका श्रेष्ठले आफू अमेरिका पुगे पनि आफ्नो आम्दानी तथा प्रयासले गाउँको शिक्षा र स्वास्थ्यको मुहारै परिवर्तन गरेका छन्।

खाँदबारीमा उनले स्थापना गरेको सूर्य बोर्डिङ स्कुल त्यस क्षेत्रको एक मात्र निःशुल्क बोर्डिङ स्कुल हो। उक्त विद्यालयमा अध्ययनरत ४ सय विद्यार्थीले पाठ्यपुस्तक, कापी-कलम पनि किन्नु पर्दैन। कक्षा १ देखि १० सम्म अध्यापन हुने उक्त विद्यालय गुणस्तरीय शिक्षा तथा परिणामका आधारमा पहाडी जिल्लाका विद्यालयहरूमा सबैभन्दा अगाडि भएको दावी गरिन्छ। श्रेष्ठले आफूले अध्ययन गरेको विद्यालयको भवन निर्माण पनि गरेका छन्।

नारायण श्रेष्ठले आफ्ना अमेरिकी साथीभाइको सहयोग जुटाएर खाँदबारी बजारमा हेल्पिङ हेन्ड सामुदायिक क्लिनिक स्थापना गरेका छन्। जहाँ गरिबहरूका लागि परीक्षण मात्र होइन, उपचार पनि निःशुल्क हुने गरेको छ। उक्त सामुदायिक अस्पतालमा नाक, कान, घाँटी, आँखाका विशेषज्ञहरूले निःशुल्क शल्यक्रिया गर्छन्। प्रसूति सेवा पनि निःशुल्क गरिएको छ।

आफूले कमाएको रकममा साथीभाइको रकम जोडर नेपाल पठाउने गरेको छु भन्दै नेपाल आएका बखत साप्ताहिकसँग कुराकानी गर्दै श्रेष्ठले भने, 'प्रत्येक वर्ष म एकपटक नेपाल आउँछु, नेपाल आएको बेला घर नपुगी अमेरिका फर्किएँ भने मेरो नेपाल यात्रा अधुरो हुन्छ।' श्रेष्ठको संस्थाले नेपालका ५ वटा जिल्लामा सामुदायिक क्लिनिक सञ्चालन गरेको छ भने विभिन्न जिल्लामा १ सय ५० पटक हेल्थ क्याम्प गरेको छ। श्रेष्ठले आफ्नो गाउँलाई कतिसम्म महत्त्व दिएका छन् भने खाँदबारीमा मात्र हेल्पिङ हेन्डको १ करोड ५० लाख अमेरिकी डलर खर्च भैसकेको देखिन्छ।

शिक्षाविद् चीजकुमार श्रेष्ठ गाउँ फर्क अभियानका अनुयायी हुन्। ओड एजुकेसन कार्यक्रमका साउथ एसियाका निर्देशक श्रेष्ठको काम दक्षिण एसियाभरि नै शिक्षा कार्यक्रममा सुधार गर्नु हो। यद्यपि उनी आफू जन्मिएको तनहुँको बन्दीपुरलाई आफूले जानेका सबै ज्ञानको नमुना केन्द्र बनाउन उद्दत छन्। कुनै बेला मृत हिल स्टेसन मानिएको बन्दीपुरलाई आजको अवस्थामा पुऱ्याउन श्रेष्ठको ठूलो योगदान छ। एक दशकअघि उनले बन्दीपुरबाट काठमाडौं झरेका तथा विदेश पुगेकाहरूलाई जम्मा गरेर

बाँकी पृष्ठ १९ मा

# सेलिब्रेटीको गाउँ









**सेलिब्रेटी**लाई पनि दसैं लागेको छ। सेलिब्रेटीका गाउँ आफ्ना गाउँले कुरेर बसेका छन्। नपत्याए मोरङको सलकपुर जानुहोस्, त्यहाँ नायिका रेखा थापा आउने पक्का भएपछि स्थानीय युवाले पिङ हालेका छन्। हरेक गाउँमा दसैंको अवसरमा पिङ नहालिने होइन, तर रेखा थापाका लागि निर्माण भएको पिङलाई विशेष किसिमले सजाइएको छ। थापालाई पिङमा मच्चिन साह्रै आनन्द आउँछ भन्ने थाहा भएकै कारण यो पिङको डिजाइन केही भिन्न पाराले गरिएको छ। छेउछाउका गाउँलेहरू पनि नेपाली चलचित्रकी सबैभन्दा व्यस्त नायिका सलकपुरे पिङमा मच्चिएको हेर्न आइपुग्ने भएकाले यो पिङको महत्त्व बढेको हो। रेखा किशोरहरूबीच लोकप्रिय छिन्। त्यसैले उनी पिङमा मच्चिन थालेपछि किशोरहरू हौसला दिँदै कराउन थाल्छन्, यसले सानोतिनो भीड नै जम्मा गराउँछ।

सलकपुर मोरङ जिल्लाको उत्तरी क्षेत्रमा पर्छ। इटहरी बजारबाट झन्डै १२ किलोमिटर पूर्व रहेको यो गाउँ महेन्द्र राजमार्गमै टाँसिएको छ। रेखा थापाको घरअगाडिबाट दैनिक सयौं बस पूर्व-पश्चिम हुइँकिरहेका हुन्छन्। पाँच-सात वर्षअघिसम्म रेखालाई घरमै बनाएको पिङमा मच्चिएको देखिन्थ्यो। त्यसबेला उनलाई महत्त्व दिइँदैनथ्यो, अहिले उनी गाउँ आएको खबरले नै रौनक पैदा हुन्छ।

'मलाई भने गाउँ भित्रिएपछि सेलिब्रेटी हुँ भन्ने लाग्दैन।' गाउँ जान हतारिरहेका बेला रेखाले साप्ताहिकसँग भनिन्- 'म बेफ्वाँकसँग त्यस्तै व्यवहार गरिरहेकी हुन्छु, जस्तो म गाउँमा रहँदा गर्थें।' उनी छिमेकीले अचार चाख्न बोलाउँदा पनि सजिलै जान्छिन्। साथीभाइसँग त्यसरी नै कुरा गर्छिन्। 'मलाई गाउँ पुगेपछि सम्पूर्ण भारी बिसाएको अनुभव हुन्छ।' रेखा भन्छिन्- 'यसपटक पनि म मन खोलेर पिङमा मच्चिने सुरमा छु।'

नेपाली चलचित्रमा एक जना युवक अहिले निकै व्यस्त छन्- विराज भट्ट। निखिल उप्रेती, राजेश हमालपछि विराज नेपाली चलचित्रका अनिवार्य नायकमा गनिन्छन्। अध्ययनशील एवं बौद्धिक नायकको छवि बनाउन थालेका भट्टलाई भने गाउँमा आज पनि भोजे भनेर सम्बोधन गरिन्छ। देहरादूनबाट स्नातक गरेका यी नायक मार्सल आर्टका राम्रा खेलाडी पनि हुन्। यद्यपि उनको घर पश्चिम नेपालको धनगढीबाट ९ किलोमिटर उत्तर गेटा भन्ने स्थानमा पर्छ। गाउँबाट नेपाली चलचित्रमा राम्रो स्थान बनाएपछि तत्कालीन भोजे अहिले भोजराजमा परिणत भएका छन्।

गाउँमा उनलाई विराज भट्टका रूपमा चिनिँदैन। यद्यपि वरपरका गाउँले समेत यो क्षेत्रबाट एकजना ठिटो नेपाली चलचित्रको हिरो भएकोमा आश्चर्य व्यक्त गर्छन्। गाउँघरमा चलचित्रको हिरो हुनुलाई प्रधानमन्त्रीभन्दा माथिल्लो स्थानमा पुगेको मानिन्छ। त्यसैले भोजराज गाउँमा पुग्दा उनको ठूलो सम्मान हुन्छ। धनगढीमा विराज भट्टको चलचित्र प्रदर्शन हुँदा गाउँलेहरू हूल बाँधेर हलसम्म पुग्छन्। चलचित्रमा व्यस्त भएपछि एकपटक मात्र गाउँ पुगेको छु।' विराज भन्छन्, 'तर गाउँमा मेरो ठूलो चर्चा हुने गरेको गाउँबाट काठमाडौं आएका साथीभाइहरूबाट थाहा पाउँछु।' उनी यसपटक दसैं र तिहारबीच गाउँ जाँदैछन्। गाउँमा भोजराज आउने जानकारी पाएपछि उनीसँग भेटघाट कार्यक्रम राखिएको छ। बालबालिकाहरू विराजसँग मार्सल आर्टसम्बन्धी ज्ञान लिने सुरमा छन्। 'म मेरो गाउँका लागि आफूले सक्ने सहयोग गर्छु।' विराज अर्थात् भोजराजले गाउँका बालबालिका आफू गाउँ जाने खबरले उत्साहित भएको थाहा पाएपछि भने,- 'मजस्तै मेरो गाउँबाट अरूले पनि केही गर्न खोज्नु राम्रो कुरा हो।'

गजल गायक आनन्द कार्कीको घर सोलुखुम्बु जिल्लाको तिङ्ला भन्ने स्थानमा छ। करिब एक सय परिवार रहेको तिङ्ला गाउँमा आनन्द कार्कीलाई देवान भनिन्छ। आज पनि आनन्द कार्की नामको गायक तिङ्लामा जन्मिएको-हुर्किएको हो भन्दा स्थानीय बासिन्दाहरूले पत्याउँदैनन्। देवानको गीत टेलिभिजनबाट प्रशारण भएको कुरालाई भने त्यहाँ ठूलो महत्त्व दिइन्छ। जिरीबाट ६ दिन पैदल हिँडेर पुगिने आनन्द कार्कीको गाउँमा केही अघिसम्म देवान कहाँ हरायो होला भन्ने चर्चा हुन्थ्यो। तिङ्लाको विद्यालयमा ३ कक्षा पढ्दापढ्दै भारततिर गएका देवान लामो समयसम्म हराएकोमा स्थानीयवासीले आश्चर्य व्यक्त गरेका थिए।

रेडियो नेपालमा गीत गाउन थालेपछि उनी धेरै पटक गाउँ पुगेका थिए। त्यसबेला उनले आफूले गीत गाउन थालेको बताए पनि नाम फेरेको कुरालाई महत्त्व दिएका थिएनन्। त्यसैले रेडियो नेपालबाट उनको गीत बज्दा पनि गाउँलेले यो गीत देवानले गाएको हो भन्ने विश्वास गरेनन्। गाउँमा टेलिभिजन पुगेपछि मात्र देवान ठूलो गायक भएकोमा तिङ्लावासी आश्यर्चचकित भए। आजभोलि गाउँ जाँदा हूल बाँधेर मलाई हेर्न आउँछन्।' आनन्द कार्की भन्छन्- 'युवापुस्ताहरूले मलाई आनन्द दाइ भन्न थालेका छन् तर पुरानो पुस्ताले मलाई अझै पनि देवान नै भनेर बोलाउँछन्।'

लामो समयसम्म माओवादी द्वन्द्वका कारण गाउँ जान नसकेका आनन्द कार्की यसपटक तिङ्ला जाने भएका छन्। आफ्नो बुबाले बनाएको पुरानो घरलाई मर्मत गर्ने तथा टाढा रहेको खेत बेच्ने उनको योजना छ। 'मेरो गाउँ पुग्न लुक्लासम्म जहाजमा गएर दुई दिन हिंड्नुपर्छ। मलाई ट्रेकिङमा रुचि भएकाले काठमाडौंबाट जिरीसम्म बसमा जान्छु। त्यसपछि ६ दिन पैदल हिँडेर गाउँ पुग्छु।'

अर्को विचित्रको गाउँ हो, कुम्राटोल। यज्ञभूमि गाविसमा पर्ने

बाँकी पृष्ठ १९ मा

# मौसम घुमघामको




सुव्रत आचार्य

अक्टोबर-नोभेम्बर अर्थात् असोज, कात्तिक र मंसिर महिनाको वातावरण भ्रमणका लागि निकै उपयुक्त मानिन्छ। यही मौसम दसैं-तिहारको मौसम हो। दसैंको अष्टमीको दिनदेखि तीन-चार दिन काठमाडौंको सडकमा भीडभाड कम हुन्छ। पसल, रेस्टुराँ तथा कार्यालय सबै बन्द हुन्छन्। वर्षैभरि भीडभाड रहने काठमाडौं उपत्यकाका बजार, टोल, गल्ली, सडक दसैंमा खाली तथा सुनसान देखिन्छन्। अरू बेला देखिने हजारौं मानिसको भीड र सयौं सवारी साधनको लाम काठमाडौंमै कतै विलीन हुन्छ। चाडबाडका बेला काठमाडौंको वातावरण उदेकलाग्दो हुन्छ।' घरभित्रै बसेर चाडबाड मनाउने चलनबाट दिक्क भएका कतिपय काठमाडौंवासीले केही वर्षयता चाडबाडको लामो बिदा सदुपयोग गर्ने एउटा उपाय रोजेका छन्- सपरिवार वा साथीभाइहरूसँग विभिन्न ठाउँको भ्रमण।



*चाडबाडको लामो बिदामा घुमघाम गर्नेहरूका लागि घुमघाम गर्न मिल्ने गन्तव्यको सामान्य परिचय र आवश्यक जानकारी :*

**काठमाडौंवरिपरि**

**नगरकोट** : काठमाडौंबाट ३२ किलोमिटर उत्तर-पूर्वमा समुद्री सतहदेखि २ हजार ७ सय ७५ मिटर उचाइमा रहेको नगरकोट उपत्यकानजिकको सबैभन्दा चर्चित रमणीय स्थल मानिन्छ। गर्मी मौसममा पनि चिसो वातावरण हुने नगरकोटबाट मौसम सफा भएको बेला धौलागिरि हिमश्रृंखलादेखि कञ्चनजंघा हिमश्रृंखलासम्मको रोमाञ्चक दृश्य हेर्न पाइन्छ। नगरकोटमा खानपिन तथा बसोबासका लागि सामान्यदेखि स्तरीय होटल तथा रिसोर्टहरू उपलब्ध छन्।

**धुलिखेल** : काठमाडौं सहरबाट ३२ किलोमिटरपूर्व समुद्री सतहदेखि १ हजार ४ सय ७० मिटर उचाइमा रहेको रमणीय धुलिखेल अरनिको राजमार्गमा पर्छ। ३० भन्दा बढी सुविधा सम्पन्न विभिन्न स्तरका रिसोर्टहरू रहेको धुलिखेलबाट पनि नगरकोटबाट जस्तै विभिन्न हिमश्रृंखलाका रमणीय दृश्य अवलोकन गर्न पाइन्छ।

**ककनी** : काठमाडौंबाट २९ किलोमिटर उत्तर-पश्चिममा पर्ने ककनी पिकनिक वा प्राकृतिक भ्रमण गर्न जानेहरूका लागि गतिलो गन्तव्य मानिएको छ। त्रिशूली राजमार्गमा पर्ने यो रमणीय स्थलबाट उपत्यकाको नजिक रहेका गणेश, गौरीशंकरलगायत अन्नपूर्ण हिमश्रृंखलाका लोभलाग्दा दृश्य देखिन्छन्। ओशो तपोवन पनि ककनीनजिकै छ। ककनीमा विभिन्न होटल तथा रिसोर्टहरू सञ्चालनमा छन्।

**दामन** : दामन काठमाडौंबाट ८० किलोमिटर दक्षिण-पश्चिममा त्रिभुवन राजपथमा पर्छ। समुद्री सतहभन्दा २ हजार ३ सय ५२ मिटर उचाइमा रहेको यो स्थानबाट मौसम सफा भएको बेला धौलागिरि हिमश्रृंखलादेखि संसारकै सर्वोच्च शिखर सगरमाथाको दृश्य देखिन्छ। यहाँ पनि विभिन्न होटल तथा रिसोर्टहरू सञ्चालित छन्।

काठमाडौंवरपरिका यी स्थानहरूमा जानु खर्चका हिसाबले पनि सस्तो मानिन्छ। स्थानीय बसका अतिरिक्त रिजर्भ कार वा बसबाट यी स्थानहरूमा पुग्न सकिन्छ। आफ्नै गाडी वा मोटरसाइकलमा पनि यी स्थानहरूमा जान सकिन्छ।

**काठमाडौंबाट टाढा**

**पोखरा** : बस तथा माइक्रो- रु. ३ सयदेखि ९ सय (प्रतिव्यक्ति)
हवाइजहाज - रु. ३ हजार (प्रतिव्यक्ति)
होटल - रु.३ सयदेखि ५ हजार (प्रतिदिन)

काठमाडौंबाट २ सय किलोमिटर पश्चिममा पर्ने पोखरा नेपालको सबैभन्दा रमणीय सहर हो। हाल भिजिट पोखरा २००७ मनाइरहिएकाले पनि पोखरा भ्रमण गर्ने सुवर्ण अवसर हो। भूमिगत सेती नदी, माछापुच्छ्रे हिमाल, दन्तलहरजस्तो मिलेका अन्नपूर्ण र धौलागिरि हिमश्रृंखला, मनोरम फेवाताल आदि पोखराको सुन्दरताका परिचय हुन्। पर्यटकहरूले पोखरालाई अन्नपूर्ण बेसक्याम्प, घोडेपानी, मुस्ताङ, घान्द्रुक आदि स्थानहरूको भ्रमण गर्ने 'सेन्टर डेस्टिनेसन' पनि बनाउने गरेका छन्।

**मुस्ताङ** : पैदल - ५ हजारदेखि १० हजार रुपैयाँ (प्रतिव्यक्ति)
हवाईजहाज - पोखराबाट ३ हजार रुपयाँ (प्रतिव्यक्ति)
होटल - ३ सयदेखि ५ सय (प्रतिदिन)

जोमसोम बजार, मुक्तिनाथ, कागबेनी, चिसो मौसम, खुला पर्वत, हिमश्रृंखला आदि एकै स्थानमा हेर्न पाइने मुस्ताङ पोखराबाट उत्तर-पूर्वमा पर्ने रमाइलो ठाउँ हो। समुद्री सतहबाट ३ हजार ७ सय ४९ मिटर उचाइमा रहेको यो स्थल प्रायः पैदलयात्रीहरूको पहिलो रोजाइ बन्ने गरेको छ। विशेष गरी पैदलयात्रुहरू पोखराबाट विभिन्न मार्ग हुँदै मुस्ताङ पुग्ने गरेका छन्, तर पोखराबाट हवाईजहाजमा त्यहाँ पुग्नेहरू पनि निकै हुन्छन्। चलचित्र तथा म्युजिक भिडियोहरूमा निकै पटक खिचिएको यो रमणीय स्थल जीवनमा एक पटक पुग्नै पर्ने धारणा त्यहाँ पुगेर आउनेहरूको छ।

**चितवन** : बस तथा माइक्रो - रु. ३ सयदेखि ९ सय (प्रतिव्यक्ति)
हवाइजहाज - रु. २ हजार (प्रतिव्यक्ति)
होटल - रु. ३ सयदेखि ३ हजार (प्रतिदिन)

काठमाडौंबाट १ सय ४५ किलोमिटर दक्षिणमा अवस्थित चितवन चितवन राष्ट्रिय निकुञ्जका कारण आकर्षक थलो बनेको छ। ९ सय ३२ वर्गकिलोमिटरमा फैलिएको यो निकुञ्ज विभिन्न जंगली जनावर (विशेष गरी दुर्लभ एकसिंगे गैंडा) अवलोकनका लागि प्रसिद्ध छ। जंगलबीचका यहाँका होटल तथा रिसोर्ट एवं हात्ती चढेर जंगल यात्राले पर्यटकहरूलाई प्रकृतिको नजिक पुऱ्याउँछ। यहाँका जंगल तथा नदीमा भालु, पाटेबाघ, गोही, चितुवा, डल्फिनका साथै ४ सय ५० थरीका चरा-चुरुङ्गीको अवलोकन गर्न पाइन्छ।

**बर्दिया** : बस तथा माइक्रो - रु. ७ सयदेखि १ हजार (प्रतिव्यक्ति)
हवाईजहाज - नेपालगन्जसम्म- रु. ४ हजार २ सय (प्रतिव्यक्ति)
होटल - रु. ५ सयदेखि २ हजार (प्रतिदिन)

काठमाडौंबाट ५ सय ५० किलोमिटर पश्चिममा पर्ने यो क्षेत्र जंगल सफारीका लागि प्रसिद्ध छ। ९ सय ६८ वर्गकिलोमिटर क्षेत्रमा फैलिएको बर्दिया राष्ट्रिय निकुञ्जलाई चिर्दै बग्ने कर्णाली र बबई नदीको सुन्दरतामा रम्दै यहाँ रहेका प्राकृतिक रिसोर्टहरूमा रात बिताउन सकिन्छ। हात्ती चढ्ने र विभिन्न जंगली जनावरहरू हेर्दै जंगल घुम्दै रोमाञ्चक यात्राका लागि पनि यो स्थान चर्चित छ।

**तानसेन (पाल्पा)** : बस तथा माइक्रो - रु. ५ सयदेखि १ हजार (प्रतिव्यक्ति)
हवाइजहाज - भैरहवासम्म-रु. ३ हजार २ सय (प्रतिव्यक्ति)
होटल - रु. ३ सयदेखि १ हजार (प्रतिदिन)

काठमाडौंबाट ३ सय २ किलोमिटर टाढा रहेको तानसेन पोखराबाट १ सय २३ किलोमिटर यात्रा गर्नुपर्छ भने भैरहवाबाट बुटवल हुँदै पनि यहाँ पुग्न सकिन्छ। समुद्री सतहबाट १ हजार ३ सय ७१ मिटर उचाइमा अवस्थित यो रमणीय क्षेत्रको श्रीनगर डाँडा प्राकृतिक दृश्यावलोकनका लागि प्रख्यात छ। विभिन्न हरिया र घना पहाडी जंगल र बस्तीहरूभन्दा माथि दन्तलहरझैं देखिने धौलागिरिदेखि गौरीशंकर हिमश्रृंखलाको मनोरम दृश्यले मानिसहरूलाई पटक-पटक यो क्षेत्रमा आउने निम्तो दिइरहेको हुन्छ। नेपालको ताजमहल मानिएको रानीमहल पनि यो क्षेत्रको दर्शनीय स्थल बनेको छ।

**जनकपुर** : बस तथा माइक्रो - रु. ४ सयदेखि ९ सय (प्रतिव्यक्ति)
हवाइजहाज -रु. २ हजार २ सय (प्रतिव्यक्ति)
होटल - रु. ३ सयदेखि ८ सय (प्रतिदिन)

धार्मिक महत्त्व बोकेको जनकपुर हिन्दूधर्मावलम्बीको तीर्थस्थल पनि हो। हिन्दू ग्रन्थ रामायणमा भगवान् श्रीरामचन्द्रको ससुराली, राजा जनकको राज्य र सीताको जन्मथलो भनी वर्णन गरिएको जनकपुर यहाँको रामजानकी मन्दिर तथा मिथिला संस्कृतिका कारण प्रसिद्ध छ। हवाईमार्ग वा सडकमार्गबाट सजिलै पुग्न सकिने यो स्थान काठमाडौंबाट ४ सय ६५ किलोमिटरको दूरीमा छ।

**लुम्बिनी** : बस तथा माइक्रो - रु. ४ सयदेखि ९ सय (प्रतिव्यक्ति)
हवाइजहाज - भैरहवासम्म- रु. ३ हजार २ सय (प्रतिव्यक्ति)
होटल - रु. ३ सयदेखि १ हजार ५ सय (प्रतिदिन)

बौद्ध धर्मका प्रवर्तक गौतम बुद्धको जन्मथलो लुम्बिनीलाई विश्वसम्पदाको सूचीमा राखिएको छ। काठमाडौंबाट २ सय ७० किलोमिटर पश्चिममा रहेको यो क्षेत्र शान्त तथा धार्मिक दृष्टिकोणबाट महत्त्वपूर्ण छ। विभिन्न चैत्य र गुम्बाहरूको शान्त वातावरणमा विचरण गर्दै यो स्थानमा समय व्यतीत गर्नुको आनन्द बेग्लै हुन्छ।

**नाम्चेबजार** : - पैदलयात्रा रु. २० हजारदेखि २५ हजार (प्रतिव्यक्ति)
हवाइजहाज - लुक्लासम्म-रु. २ हजार ७ सय (प्रतिव्यक्ति)

काठमाडौं विमानस्थलबाट ५० मिनेटमा लुक्ला विमानस्थल पुगिन्छ। जहाँबाट भन्डै दुई दिनको पैदलयात्रापछि पुगिन्छ- नाम्चे बजार। लोभलाग्दो प्राकृतिक दृश्यावलोकनले हिंडाइको थकान पनि बिर्साउने अनुभव यो क्षेत्रको भ्रमण गरेर आउनेहरूको छ। नाम्चे पुगेपछि सर्वोच्च शिखर सगरमाथालाई नजिकैबाट हेरेपछि त भन्नै आनन्द आउँछ। समुद्री सतहबाट ३ हजार ९ सय ८० मिटर उचाइमा रहेको यो रमणीय क्षेत्रबाट खुम्बु, कालापत्थर आदि क्षेत्रको पैदलयात्रा गर्न सकिन्छ।

**कोसीटप्पु** : बस तथा माइक्रो- रु. ६ सयदेखि ९ सय (प्रतिव्यक्ति)
हवाईजहाज - विराटनगरसम्म रु. ४ हजार (प्रतिव्यक्ति)
होटल - रु. ३ सयदेखि २ हजार (प्रतिदिन)

काठमाडौंबाट ५ सय ५० किलोमिटर पूर्वमा रहेको यो रमणीय स्थलमा पुग्न विराटनगरबाट भन्डै दुई घण्टा लामो (गाडीमा) यात्रा गर्नुपर्छ। यहाँको प्रसिद्ध वन्यजन्तु आरक्ष क्षेत्र सप्तकोसी नदीको किनारामा पर्छ। २ सय ८० थरीका चराचुरुङ्गीको बासस्थल भनिएको यो क्षेत्रमा अर्ना, नीलगाई, बँदेल, जरायो, घडियाल, गोही र डल्फिन माछा पाइन्छन्।

*उल्लेखित स्थानमा पुग्न, बस्न र खान लाग्ने खर्च विशेष गरी यात्रु आफैमा भर पर्छ। यद्यपि यहाँ उल्लेख गरिएको खर्च विवरणलाई सामान्य मान्न सकिन्छ। अन्त्यमा, चाडपर्वका बेला काठमाडौंबाट बाहिर जाने र फर्कने भाडाका सवारी साधनहरूको टिकट नपाइन सक्छ। त्यसैले समयमै गाडी वा हवाईजहाजको टिकट सुरक्षित गर्नु उचित हुन्छ।*

## फूलबारीमा अक्टोबर फेस्टको मज्जा



पोखरा- तारे होटल फूलबारीमा गएको शनिबार बेग्लै रौनक थियो। बिहान ११ बजेदेखि नै वातावरण जम्न थालेको आभास मिल्थ्यो। एकातिर संगीतको रन्को, अर्कातिर आगन्तुकहरूको भीड दसैंको अवसर छोपेर रिसोर्टले चंगा चेट महोत्सव आयोजना गर्दै आए पनि यस पटक भने बिल्कुलै भिन्न कार्यक्रम गऱ्यो। कार्यक्रम थियो- अक्टोबर फेस्ट। यो खास गरी जर्मनमा मनाइने विशेष पर्व हो। आन्तरिक तथा बाह्य पर्यटनलाई बढावा दिने उद्देश्यले यो महोत्सवको आयोजना गरिएको हो। पर्यटन सिजनसँगै अहिले पोखरामा विदेशी पाहुनाहरूको संख्या पोखरामा बढ्न थालेको छ। अक्टोबर फेस्ट युरोपमा मुख्य आकर्षण रहने गरेको छ। रिसोर्टका सेल्स म्यानेजर दशरथ पाण्डे भन्दै थिए- 'महोत्सवमार्फत पर्यटकहरूको पोखरा बसाइ लम्ब्याउनु हाम्रो उद्देश्य हो।'

आफूलाई मन परेका स्वदेशीदेखि विदेशी परिकारको स्वादमा स्वदेशी तथा विदेशी पर्यटकहरू मग्न देखिन्थे। महोत्सवमा केटाकेटीदेखि पाकासम्मको जमघट देखिन्थ्यो। फराकिलो चौरमा आयोजित महोत्सवमा साँझसम्म मनोरञ्जनपारखीहरूको जमघट उल्लासमय रह्यो। महोत्सवमा थरी-थरीका परिकारको स्वादसँगै विविध मनोरञ्जनात्मक खेलहरू पनि समावेश थिए। महोत्सवमा बियर पिउने तथा पिलो फाइट प्रतिस्पर्धा पनि गराइयो। तातो वातावरणलाई चिसो तुल्याउन स्वीमिङ प्रतिस्पर्धा पनि कार्यक्रमको विशेष आकर्षण रह्यो। उता लोकदोहोरीको कार्यक्रमले धेरैलाई कम्मर भाँच्न बाध्य तुल्यायो।

-शिव शर्मा

# किन हुन्छ चंगा दुर्घटना

सुव्रत आचार्य

११ वर्षीय राजु बिहानैदेखि टोलका साथीहरू कन्चन, पप्पु, गठे र प्रवाससँग घरको छतमा चंगा उडाउन थालिसकेका थिए। कालिमाटीको एउटा घरमा डेरामा बसेका राजुका बाबा कार्यालय जान हतारिइरहेका थिए भने मम्मी बाबालाई खाना तयार पार्दै थिइन्। राजुकी दिदी भने टेलिफोनमा कसैसँग बात मार्दैथिइन्। अचानक सबै जना चिच्याएको आवाज आयो। 'राजु खस्यो, राजु खस्यो....' कन्चन चिच्याउँदै दौडँदै आयो।

दाँत माभ्भिरहेका बाबा, तरकारी ओइरिन ठिक्क परेकी मम्मीका साथै सबै कन्चनको पछिपछि अत्तालिँदै दौडिए। राजु घरको पछाडि पर्खालमा अचेत अवस्थामा अड्किरहेको थियो। राजुका बाबा र मम्मी अत्तालिँदै रुन चिच्याउन थाले- 'लौन, मेरो छोरालाई बचाउनु...'। दिदीभाइको रगताम्य हालत देखेपछि त्यही ढलिन्।

टोलका युवाहरूले राजुलाई पर्खालबाट झिकेर हत्तपत्त ट्याक्सीमा वीर अस्पताल पुर्‍याए। अत्तालिएका राजुका साथीहरू भन्दै थिए- '..अड्किएको चंगा झिक्न छतको छेउमा पुगेको थियो, चिप्लिएर झर्‍यो।' राजुको भाग्य बलियो रहेछ। दाहिने खुट्टामा मात्रै चोट लागेकोले घुँडाको हड्डी भाँचिएको रहेछ। डाक्टरले भने- 'सानो अप्रेसन र प्लास्टर गरेपछि केही महिनामै ठीक हुन्छ।'

यो कुनै लघुकथा होइन। रमाइलो दसैंलाई सानो लापर्वाहीले नरमाइलो बनाउन सक्ने एउटा उदाहरण मात्र हो। वीर अस्पतालको इमर्जेन्सीका डाक्टर सुशील पाण्डे भन्छन्- 'दसैं लागेपछि आकाशतिर हेर्दै सडकमा चंगा टिप्न दौडने बालबालिकाहरू सडक दुर्घटनाको सिकार भएका केसहरू बढी आउँछन्। त्यसपछि छतबाट खसेका र धागोले काटेको केसहरू पनि आउँछन्।'

चंगा उडाउनेहरूको भाषामा 'चेट' भएको चंगा आफ्नो हातमा पार्ने दाउमा दायाँबायाँ केही नहेरी सडकमा चंगा टिप्नेहरूको 'रेस' सुरु हुन्छ। उनीहरूलाई बाटो काट्ने नियमको पर्वाह हुँदैन। त्यस्ता बालबालिकाहरू नै सडक दुर्घटनाको सिकार हुन्छन्। ट्याक्सीचालक अशोक भन्छन्-'उनीहरूलाई बेस्करी हुइँकिएर आएको गाडीको मतलब हुँदैन। बरु हामीहरू पो उनी गाडीमा ठोक्किएलान् भनेर डराउनुपर्छ।'

अर्को किसिमको 'चंगा दुर्घटना' को उदाहरण दिँदै मोटरसाइकल चालक राजु थापा भन्छन्- 'खतरा त चंगा उडाउनेलाई भन्दा हामीलाई पो हुन्छ। एकसुरले मोटरसाइकल हाँकिरहेको बेला कता हो कताबाट धागो या चंगा उडेर आएर हामीसँग ठोकिन्छ। त्यसमा अल्झिएर लडिएला कि भन्ने डर लाग्छ।'


तस्बिर : साइबर संसार डटकम

गत वर्ष काठमाडौंको चाबहिल मित्रपार्कमा एउटा त्यस्तै घटना घटेको थियो। चेट भएर आएको चंगाको धागो घाँटीमा अल्झँदा एक जना मोटरसाइकल चालक दुर्घटनामा परे। गौशाला ट्राफिक प्रहरी कार्यालयका असही सीताराम हाछेथुका अनुसार ती चालकको एकातिर चंगा अल्झियो र माझा लगाइएको धागो घाँटीमा बेरिँदा उनको घाँटीको छाला काटियो। रगताम्य भएका उनी तुरुन्तै मोटरसाइकलबाट लडे।

'पछाडिबाट कुनै गाडी आइरहेको भए उनी त्यसमा ठोक्किएर ठूलो दुर्घटना हुन सक्थ्यो।' -हाछेथुले घटना सम्झँदै बताए। 'चंगा दुर्घटना'को पहिलो दोष बालबालिकाका अभिभावकहरूलाई दिँदै हाछेथु भन्छन्- 'अभिभावकहरूले छोराछोरीहरूप्रति ध्यान नदिँदा यस्ता दुर्घटना हुने गरेका छन्। सडकमा खुलेआम चंगा उडाउने र खोस्ने प्रतिस्पर्धा गरिरहेका छोराछोरीप्रति उनीहरू पहिल्यै सजक भैदिए यस्ता दुर्घटना हुन पाउँदैनन्।'

दसैंको अवसरमा विद्यालयहरू लामो समयसम्म बन्द गरिन्छ। बिदामा फुर्सदिला भएका बालबालिकाहरूको पहिलो रोजाइ चंगा हुने गरेको छ। पसलहरूमा सजाएर राखिएका रंगीचंगी चंगाबाट लोभिने बालबालिका मात्र होइन, वयस्क युवाहरू पनि चंगा उडाउन उत्प्रेरित हुन्छन्। लामो बिदामा सस्तोमा दिन बिताउने माध्यम बनेको चंगा मृत्यु वा दुर्घटनाको कारण कसरी बन्न सक्छ। केही उदाहरण :

- खुल्ला छतमा चंगा उडाउन पछाडि सर्दै जाँदा।
- अग्लो स्थानमा अडकिएको चंगा टिप्न जाँदा।
- हावा नचलेको बेला चंगा उडाउन दायाँ/बायाँ नहेरी दौडँदा।
- सडकमा चंगामा मात्रै ध्यान दिएर दौडँदा।
- चौरमा पनि चंगा उडाउने धुनमा लागेर दौडँदा अल्झन पुग्दा।
- सिसाका धूलो मिसाएर बनाइएको 'माझा'युक्त धागोले काटेर।
- अरूको चंगा लुट्नका लागि एउटा घरबाट अर्को घरमा फाल हाल्दा।
- नांगो खुट्टा चंगा टिप्न दौडँदा सिसा वा किल्ला बिझ्दा आदि।

यसका अतिरिक्त छतमा मादक पदार्थ सेवन गरी चंगा उडाउँदा छतबाट खसेका वयस्कका उदाहरणहरू पनि भेटिन्छन्। चंगा उडाउनु र त्यसमा रमाइलो गर्नु पर्वका दृष्टिले पनि राम्रो मान्नुपर्छ। भनिन्छ, चंगाको माध्यमबाट देवलोकमा सन्देश पुर्‍याइन्छ। यद्यपि बढ्दो सहरीकरणका कारण चंगा उडाउन सुरक्षित स्थानहरूको अभावका कारण रमाइलो गर्न खोज्दा त्यही चंगा देवलोकमा पुर्‍याउने सन्देशको बाहक होइन कि आफैं परलोक यात्रु बन्न सकिन्छ।

## दसैंमा पिङको रौनक



घटस्थापनाको दिनदेखि गाउँटोलतिर केटाहरू पिङ हाल्ने तयारी गर्दैछन्। साथीभाइ एवं टोलछिमेकमा पैसा उठाएर पनि उनीहरू परम्परा निर्वाह गर्न लागिपरेका छन्। यो ज्यादै सुखद् कुरा हो। आफ्नो कला, परम्परा, संस्कृति जगेर्ना गर्न पाउनु गौरवको कुरा हो।

पिङ हिन्दु लोकसंस्कृतिको प्राचीन एवं जीवन्त संस्कृति हो। पिङ दसैं-तिहारताका सहर, टोल-गाउँ यत्रतत्र देख्न सकिन्छ। 'किन पिङ खेलिन्छ ?' भन्ने प्रश्नको उत्तर थाहा नभए पनि वर्षमा एक दिन पिङ खेल्नुपर्ने धारणा फुटुङ्का राजेश ढकालको छ। राजेश भन्छन्– 'यो हाम्रो लामो समयदेखि चलिआएको परम्परा हो र खास अर्थमा यसलाई मनोरञ्जनका रूपमा लिनुपर्छ।'

दसैं-तिहारको रौनक बढाउने काम पिङले गर्छ। हाम्रो देशमा पिङ पूर्व-पश्चिम सर्वत्र खेलिन्छ। बीबीएस द्वितीय वर्षमा अध्ययनरत नेपाल कमर्स क्याम्पसका अमृत उप्रेती पनि दसैंमा आफू सारनाथस्थित गाउँघरमा गएर पिङ खेल्ने कुरा बताउँछन्। दसैं-तिहारमा खेलिने पिङको मज्जा नै छुट्टै हुन्छ तर हिंजोआज पिङ हाल्ने ज्ञान र सीपको अभावका कारण अरू पिङ लोप हुँदै गएको छ। दसैंमा बाँसको लिंगोमा हालिने पिङ सर्वत्र देख्न सकिन्छ तर रोटेपिङ र जाँतेपिङको देशका केही ठाउँमा मात्र पाइन्छ। आवश्यक काठ, सीप तथा ज्ञानको अभावका कारण रोटेपिङ, जाँतेपिङ, चर्खेपिङ लोप हुँदै गएको हो। जाँतोझैं घुम्ने पिङलाई जाँतेपिङ भनिन्छ। यस्ता पिङ खासगरी पहाडी भागमा प्रचलनमा छन्। यो हाम्रो परम्परागत कला पनि हो।

पश्चिमतिर दसैंमा पिङ खेल्न डाक्ने चलन छ। जसलाई देशाली बोलाउने भनिन्छ। 'रोदी' पनि खेलिन्छ। पिङ निर्माण गर्दा विधिवत् रूपमा निर्माण गर्नुपर्ने विचार संस्कृतिविद् रामप्रसाद फुयाँलको छ। फुयाँलका अनुसार पिङको चारै खाँबामा दायाँ-बायाँतिर महादेव, पार्वती, हनुमानको नैवेद्य, जमरा चढाई पूजा गर्नुपर्छ।'

भगवान् कृष्णले झुला अथवा पिङ खेलेको प्रसंग पाइन्छ। यसैलाई मिथिलाञ्चलमा झुला महोत्सव भनिन्छ। धर्मशास्त्रअनुसार वर्षको एक दिन पिङ खेल्नुपर्छ। फुयाँल भन्छन्, 'वर्षदिनमा एक दिन हामीले एकछिन भुइँ छाडेर आफ्नो भारबाट धर्ती मातालाई मुक्ति दिलाउनुपर्छ।' पिङका सम्बन्धमा जे-जस्ता कथन, मान्यता भए पनि पिङ दसैंको आकर्षण हो भने यो प्राचीन संस्कृति पनि हो। यसको धार्मिक, सांस्कृतिक एवं पौराणिक महत्त्व छ।



## चंगा उडे छतबाट

साप्ताहिक समाचार

काठमाडौं- सुन्धारास्थित काठमाडौं मलमा दसैंको किनमेल गर्ने मानिसहरूको घुइँचो थियो। त्यो घुइँचोबाट अलग दृश्य उक्त मलको छतमा हेर्न सकिन्थ्यो। दुई दर्जनजति युवा हातमा लट्टाई लिएर चंगा उडाउँदै थिए। सँगै बनाइएको डिजे रुममा डिजे सुदान एकपछि अर्को हिन्दी, नेपाली र अंग्रेजी मिक्स गीतहरू घन्काइरहेका थिए। एउटा कुनामा मलमै रहेको रेस्टुराँ हट चिल्लीका कर्मचारी ममः, चाउमिन, बर्गरजस्ता परिकार बेच्दै थिए। ओराञ्जेबुम बियरका ब्रान्ड म्यानेजर रोशन पुरी केही बेर अरुले चंगा उडाएको हेरेर बसे। बाल्यकालमा आफूले चंगा उडाएको एकैछिन कुरा गरेपछि उनी पनि एउटा लट्टाई र चंगा लिएर मैदानमा ओर्लिए।

चंगाले हावामा कावा खाँदाखाँदै हावाको वेग नै कम भयो र उनको चंगा टुँडिखेलको बीचमा रहेको रूखमा गएर अड्कियो। चंगा उडाएर 'जोगाऔं हाम्रो परम्परा र संस्कृति' नारासहित केटीएम कार्ड, स्पिन्ज ३६० र हट चिल्लीको सहभागितामा आयोजित 'चंगा चेट' कार्यक्रममा शुक्रबारभन्दा शनिबार युवाहरूको सहभागिता बढ्यो। दिनभरि चंगा उडाउने र साँझ परेपछि डान्स पार्टीमा नाच्ने कार्यक्रमसहित आयोजना गरिएको उक्त कार्यक्रम स्थानाभावका कारण काठमाडौंमा धीत मर्ने गरी चंगा उडाउन नपाएकाहरूका लागि निकै रमाइलो भएको थियो।

## ओमविक्रम र बाबुले तताए धनकुटा

धनकुटा- चिसिँदै गएको बेलुकाको मौसमलाई नेपालका चर्चित चार पप हस्तीले पसिना छुट्ने गरी तताए। दिउँसो दुई बजे नै सुरु हुने भनिएको कन्सर्ट एक घण्टा ढिलो तीन बजे सुरु भए प्रनिल एल. तिमल्सिना स्टेजमा के प्रवेश गरेका थिए धनकुटेली युवाहरूको तालीको गडगडाहटले त्रिवेणी स्कुलको प्रांगण थामिनसक्नु भयो। अनि सुरु गरे प्रनिलले 'यही हो त माया'। उनको चर्चित गीत र अर्को एक गरी जम्मा दुईवटा गीत प्रस्तुत गरेका प्रनिल अलि अस्वस्थझैं देखिन्थे। त्यसपछि स्टेजमा उद्घोषकद्वय प्रनिता र भुवनले निमन्त्रण गरे अहिलेका युवामाझ लोकप्रिय हुन सफल धराने गाईका प्रश्ना शाक्यलाई। नमस्ते धनकुटा भन्दै स्टेज प्रवेश गरेकी प्रश्नाले 'लाउन त लाएँ माया' लगायतका तीनवटा गीत गाएकी थिइन्। स्थानीय गायकहरूले स्थापित गायकहरूलाई बेला-बेलामा नेपाली तथा हिन्दी गीत गाएर पालो दिइरहेका थिए भने लाइभ कन्सर्टका अर्का हस्ती बाबुको प्रवेशसँगै कोलाहल यति बढ्यो कि उनी दर्शकहरूसँगै आफू पनि नाच्न थाले। बाबुपछि पालो आयो पपसम्राट ओम विक्रम विष्टको। उमेरले ४० नाघेजस्ता देखिए पनि उनमा १६ वर्षे उमंग अझै गएको रहेनछ भन्ने कुरा उनको गायिकी र नाच्दै गाउने हाउभाउले प्रस्टै देखिन्थ्यो। उनको गायकी र हाउभाउ देखेर धनकुटेली युवा युवतीहरू भुतुक्कै भएको देखिन्थे।

धनकुटाको त्रिवेणी मा.वि.को प्राङ्गणमा सम्पन्न उक्त लाइभ कन्सर्ट धनकुटा युवा समाजले आयोजना गरेको थियो भने मुख्य प्रयोजक नेपाल आइसले गरेको थियो।

– भिषा काफ्ले




## यलम्बरलाई उपाधि

साप्ताहिक समाचार

धरान- सुनसरीको तरहरामा सम्पन्न जिल्लास्तरीय अन्तरक्लब नकआउट बास्केटबल प्रतियोगिताको उपाधि धरानको यलम्बर क्लबले जितेको छ। हाँसपोसा बास्केटबल कोर्टमा शनिबार सम्पन्न फाइनलमा धरानकै युनाइटेड ब्रदर्सलाई ७२-५२ स्कोरले पराजित गर्दै यलम्बरले उपाधि जितेको हो। यलम्बरलाई उपाधि



दिलाउन उसका स्टार खेलाडी एलेक्स तामाङले फाइनलमा २२ स्कोर गरेका थिए। नरेश राईले १३ अंकको योगदान गरे पनि युनाइटेड ब्रदर्श उपविजेतामै रोकिएको थियो। प्रतियोगिताको सेमिफाइनलमा यलम्बरले द होराइजन क्लबलाई रोमाञ्चक खेलमा ६५-६४ ले पराजित गरेको थियो भने युनाइटेड ब्रदर्शले हरियाली सामुदायिक वनको बास्केटबल टिमलाई ६४-५२ ले हराएको थियो। प्रतियोगितामा यलम्बरका जीवन लिम्बू सर्वोत्कृष्ट खेलाडी तथा द होराइजनका राम सुनुवारले हाई स्कोररको पुरस्कार हात पारे भने हरियाली सामुदायिक वनका नवीन राईले उदियमान खेलाडी घोषित भए।



# हामी 'जी' पुस्ताका युवा



**एकराज सुवेदी**

संसार मेरो खल्तीमा ............।

युवापुस्ताका लागि यो वाक्य प्यारो भएको छ। उनीहरूको यो भनाइलाई पूरा गरेका छन् इलेक्ट्रोनिक ग्याजेट्सले। अहिलेको पुस्ताको जीवनशैलीमै परिवर्तन आएको छ। सबैभन्दा सजिलो, सस्तो र आकर्षणको माध्यम बनेको छ– मोबाइल। सामान्य मोबाइल फोनले उनीहरूको सबै चाहना पूरा गर्दैन, तर पनि कमसेकम कुराकानी र एसएमएस सजिलै गर्न सकिन्छ। अझ राम्रो खालको सेट भयो भने अरू के चाहियो ? जीपीआरएस, मल्टिमिडिया, वाईफाई, मेगापिक्सेल क्यामेरा, इमेल, इन्टरनेट, भिजुअल रेडियोजस्ता तमाम फिचर भएको मोबाइल सेट भयो भने ? अब युवापुस्ताका लागि जिन्स वा जुत्ताजस्ता चीजभन्दा पनि मोबाइल वा आइपड महत्वपूर्ण भएका छन्।

**मोबाइलसँगै हेडसेट**

खल्तीमा मोबाइल, कानमा स्पिकर। शरीरमा बेरिएको तार। हेर्दा डिजिटल मानवजस्तै। यो आमयुवाहरूको पहिचान बनेको छ। आँखा सडकतिर, अनि गीत ......

केही समयअघिसम्म आइपड, क्यासेट प्लेयर तथा एमपीथ्री आदिले उनीहरूको चाहना पूरा गरिदिन्थे। अहिले यी सबैको विकल्प बनेको छ मोबाइल सेट। त्यसैले त उनीहरू भन्छन्– एफएम अथवा एमपीथ्री नभएको मोबाइल के मोबाइल ?

नेपाल टेलिकममा कार्यरत एक कर्मचारी भन्छन्– 'धेरैजसो मोबाइल प्रयोगकर्ताहरू आफ्नो मोबाइल सेटमा भएको फिचरका बारेमा २० प्रतिशत पनि जानकार हुँदैनन्, तर पनि उनीहरू यस्तो सेट बोक्न चाहन्छन्, जसमा सबै कुरा पाउन सकियोस्।' गीत सुन्न बाहेक टेलिभिजन र भिडियोसमेत हेर्न सकिने अवसर मोबाइलमा उपलब्ध छ।

गाडीको सिगरेट लाइटरमा राख्न सकिने एमपीथ्रीमा एफएम मोडुलेटर हुन्छ। यसमा पेन ड्राइभ, मोबाइल, आईपड, एमपीथ्री अथवा एमपीफोर राख्न सकिन्छ। यसलाई रिमोट कन्ट्रोलले चलाउन सकिन्छ र विभिन्न फ्रिक्वेन्सीहरूमा गीत बज्छन्।

त्यसैगरी एफएमसमेत भएको वायरलेस इयरफोन पनि बजारमा उपलब्ध छन्। कम्प्युटरमा कुनै गीत बजेको छ भने यसको प्रयोगबाट १ सय मिटर परसम्म पनि गीत सुन्न सकिन्छ। सोनी, फनेटिक आदि ब्रान्डमा यस्ता वायरलेस इयर फोन उपलब्ध छन्।

संगीत पारखीहरूका लागि भनेर बजारमा एमपीथ्री आयो। त्यसलगत्तै बजारमा आयो– एमपीफोर। म्युजिक भिडियोसमेत हेर्न सकिने एमपीफोर सानो उपकरण भएकाले यसलाई खल्तीमा समेत बोकेर प्रयोग गर्न सकिन्छ। यसमा पेन ड्राइभमा जस्तै विभिन्न सामग्री बोक्न सकिन्छ।

अर्को आकर्षण हो युटु ब्रान्डको एमपी फोर। यसमा १ दशमलव ३ मेगापिक्सेलको क्यामेरा छ। यसमा भिजुअल, अडियो तथा एमपीथ्री आदिको सुविधा छ। यसमा तस्बिर तथा डाटासमेत सेभ गर्न सकिन्छ। यसबाहेक क्यामेरा भएका एमपी फोरसमेत बजारमा उपलब्ध छन्, जसमा गीत सुन्न र रेकर्डिङ गर्न सकिन्छ।

अहिलेको युग डिभाइस आइपडको हो। १ देखि ३० जीबीसम्म क्षमता भएका एप्पलका आइपड पनि नेपाली बजारमा छन्। जसमा गीत, तस्बिर, भिडियो आदि रेकर्ड गर्न सकिन्छ।

**गेमको बजार**

एक्सबक्स, प्लेस्टेसन तथा निन्टेन्डोजस्ता गेमका बारेमा नेपाली युवापुस्ता खासै जानकार छैनन्, तर पनि उनीहरू विभिन्न गेम खेल्न माहिर छन्। यो अवस्थामा मोबाइलमै विभिन्न प्रकारका खेल हुने हो भने के चाहियो र ? अहिलेको व्यस्त जमाना अनि काठमाडौंको पट्यारलाग्दो जाममा यो पनि एउटा साथी भैदिन्छ।

यसबाहेक व्यावसायिक रूपमा पनि विभिन्न गेमिङ सफ्टवेयर उपलब्ध छन्। यो अहिले जोए स्टिक र जोए प्याड सम्म आइपुगेको छ। जोए प्याड नर्मल सिस्टममा उपलब्ध हुन्छ भने जोए स्टिक एनालग सिस्टममा जसमा प्रायः सबै गेम उपलब्ध हुन्छन्। यसलाई कम्प्युटरमा जोडेर किबोर्डको सट्टामा प्रयोग गरिन्छ। सिंगल र डबल दुवै रूपमा यो गेम खेल्न सकिन्छ।

युवाहरूका लागि सबैभन्दा लोकप्रिय गेम माइक्रोसफ्टको एक्सबक्स ३ सय ६० हो। यो एक प्रकारको गेमिङ डिभाइस हो, जसमा कम्बो ड्राइभ लगाइएको हुन्छ। यसमा सीडी वा डीभीडी राखेर खेल्न सकिन्छ। यसका साथ एउटा वायरलेस जोए स्टिक पनि हुन्छ। यसमा भएको गजबको ग्राफिक्सका कारण गेमिङको रोमाञ्चक अनुभव हुन्छ। यसलाई टेलिभिजन वा कम्प्युटरमा जोड्न पनि सकिन्छ। इन्टरनेटमा जोडेर अनलाइन खेल्न पनि सकिन्छ। यसमा २० जीबीको हार्डडिस्क हुन्छन्, जसमा तस्बिर, म्युजिक तथा चलचित्र पनि स्टोर गर्न सकिन्छ।

**पेन ड्राइभ**

एक जमाना थियो, आफूसँग भएका सबै डकुमेन्ट झोलामा कोचेर हिंड्नुपर्थ्यो। यो अवस्था अझै पनि कतिपय स्थानमा छ, तर अहिले एउटा सानो ग्याजेट भए पुग्छ। जति पनि डकुमेन्ट छन्, सबैलाई एउटा पेन ड्राइभमा कोच्न सकिन्छ। इलेक्ट्रोनिक फाइलका रूपमा तिनलाई एउटा कम्प्युटरबाट अर्कोमा सार्न सकिन्छ।

पेन ड्राइभ पनि विभिन्न रूपरंगसहित बजारमा आएका छन्। अहिले सोनी कम्पनीको माइक्रोभल्ट टाइनी नामको सानो पेन ड्राइभ बजारमा उपलब्ध छ। यी पेन ड्राइभ ५ सय १२ एमबी, १ जीबी र २ जीबीसम्म क्षमताका छन्। कम्प्रेस सिस्टम भएका कारण क्षमताको ३ गुणा बढीसम्म स्टोरेज गर्न सक्ने क्षमता त्यसमा रहेको कुरा जीआईटी कम्प्युटरका दीपक सुवेदी बताउँछन्। डकुमेन्टहरू राखिसकेपछि फेरि खोल्नका लागि पासवर्ड आवश्यक पर्ने पेन ड्राइभ पनि प्रयोगमा छन्। इन्फिट्रोन, स्यानडिस्क आदिका पेन ड्राइभहरू यो रूपमा उपलब्ध छन्। इन्फिट्रोनले कम्प्युटरलाई बुट गर्न सक्छ। त्यसैगरी स्यानडिस्कले कम्प्युटरको विन्डोजमा भर्चुअल ड्राइभ क्रिएट गर्छ। उक्त ड्राइभमा सफ्टवेयर इन्स्टल पनि गर्न सकिन्छ। यसलाई अर्को कम्प्युटरमा इन्स्टल नगररै पनि चलाउन सकिन्छ। यसको क्षमता १ देखि ४ जीबीसम्म हुन्छ।

**ल्यापटप**

ल्यापटपलाई पनि पोर्टेबल ग्याजेटका रूपमा लिइन्छ। यस प्रकारका पोर्टेबल ग्याजेटको पहिचान अलग्गै छ। यसको बजार यति अघि बढेको छ कि केही वर्षमै यसले डेस्कटप कम्प्युटरलाई पछाडि छोड्नेछ।

कम्प्युटरको बजारलाई नियाल्दा ल्यापटप अहिले पनि पछाडि नै छ। उच्च स्तरका व्यापारी, कर्मचारी, गैरसरकारी संस्थामा काम गर्नेहरू र अन्य सौखिनहरू यसका प्रयोगकर्ता मानिन्छन्। संसारभरिकै तथ्यांक हेर्ने हो भने पनि कम्प्युटर खरिद गर्नेहरूमध्ये २० प्रतिशतले ल्यापटप खरिद गर्छन्। बजार विश्लेषकहरूका अनुसार अबको चार–पाँच वर्षभित्रैमा यो संख्या ५० प्रतिशत पुग्नेछ। ल्यापटपप्रति चासो राख्नेहरूको संख्या हेर्ने हो भने यो कुरा सहजै सम्भव हुन्छ जस्तो देखिन्छ।

नेपालमा ल्यापटपको बजार युरोपीय देशको तुलनामा अत्यन्तै कम छ। नेपालमा बल्ल यसको प्रयोग बढ्दैछ। हाल एसर, लेनोभो, कम्प्याक, आइबीएम आदि ब्रान्डका ल्यापटप नेपाली बजारमा छन्।

**ब्लु टुथ**

ब्लुटुथ डाटा ट्रान्सफरका लागि अत्यन्तै उपयोगी पछिल्लो प्रविधि हो। मोबाइल फोनसेटमा ब्लुटुथको प्रयोग सामान्य भैसकेको छ। रिङटोन, सन्देश तथा अन्य डाटाहरू ब्लुटुथयुक्त मोबाइलमा बिनाखर्च सार्न सकिन्छ। कम्प्युटरमा पनि ब्लुटुथको प्रयोग हुन्छ। यदि कम्प्युटरमा ब्लुटुथ छैन भने बजारबाट खरिद गरेर पनि ब्लुटुथ प्रयोग गर्न सकिन्छ। यसलाई सीपीयुको पोर्टमा राखेर इन्स्टल गरेपछि आइपड, एमपीफोर, पेनड्राइभ आदिका डाटा कम्प्युटरमा तथा कम्प्युटरबाट यिनमा सार्न सकिन्छ। यसले गर्दा छिटोछरितो तरिकाले काम सम्पन्न गर्न सकिन्छ।

अहिले नेपाली बजारमा अन्य ब्लुटुथ ग्याजेटसँग सञ्चार गर्ने क्षमता भएका ब्लुटुथसमेत आएका छन्, जसमा हेडसेट समेत जोडिएको हुन्छ। वेब ब्राउज गर्न, इमेल इन्टरनेट प्रयोग गर्नसमेत यसको आवश्यकता पर्छ।

**अन्य आकर्षण**

हाइ डिफिनिसन अडियो अर्को एउटा आकर्षण हो। यसमा ८ च्यानलको साउन्ड कार्ड हुन्छ। यो अटो फ्लेक्जिवल र अटो सेन्सिङ हुन्छ। यसका कारण नै यसले आफैं नै आवश्यक च्यानल पत्ता लगाएर गीतहरू सुनाउँछ।

विशेषतः ल्यापटपका लागि प्रयोग गरिने युएसबी टेलिभिजन स्टिक पाइन्छ। यो एक प्रकारको टेलिभिजन कार्ड हो। सुरुमा यसमा सफ्टवेयर इन्स्टल गर्नुपर्छ। कुनै पनि टेलिभिजन प्रोग्राम आइसकेपछि छुट्यो भने फेरि दोहोऱ्याएर हेर्न सक्नु नै यसको नयाँ विशेषता हो। कुनै प्रोग्राम अथवा खेल हेर्दाहेर्दै बाहिर जानुपऱ्यो भने रिमोटमा भएको निश्चित बटन थिचेर निस्कन सकिन्छ।

कुनै पनि इमेजलाई डिभिडीमै राइट गर्न सकिने डिभिडी आरडब्ल्यु पनि नेपाली बजारमा आएको छ। यसका लागि कागजको आवश्यकता पर्दैन। डिभिडीमै १८ एक्सको स्पिडमा यो राइट हुन्छ।

एउटा नयाँ र आकर्षक प्रविधि हो स्टार ओएसडी। यसमा एउटा ग्राफिक्स कार्ड हुन्छ। यसले कम्प्युटरको मोनिटर मिलाउने काम गर्छ। मोनिटरको चम्किलोपन, रंग, आकार तथा सतह मिलाउन यसको प्रयोग गरिन्छ। त्यसैगरी प्रोसेसरमा ओभर क्लकिङ गर्नका लागि प्रयोग गरिने ड्युअल कोर सेन्टर पनि उपलब्ध छ। यसको सहायताबाट तापक्रम मिलाएर राखिन्छ।

कम्प्युटरमा सीपीयुविना नै काम गर्नका लागि एसएलआई आएको छ। सीपीयुको सट्टामा यसको प्रयोग गर्न सकिन्छ। यसमा भएको ग्राफिक्स कार्डबाट प्रोसेसिङ हुन्छ। यसको मदरबोर्डमा २ वटा ग्राफिक्स कार्ड राख्न सकिन्छ।

विभिन्न प्रकारका प्राविधिक कार्य एकैपटक गर्न सकिने अल इन वान मल्टिफङसन ग्याजेट पनि नेपाली बजारमा उपलब्ध छन्। फोटोकपी, लेजर प्रिन्ट, फ्याक्स, स्क्यानिङजस्ता सम्पूर्ण कार्य यही मेसिनबाट गर्न सकिन्छ, तर अहिले बजारमा आएको लेक्समार्क एक्स थ्रीफोरटु एनबाट अर्को फाइदा पनि प्राप्त गर्न सकिन्छ। यसमा अटोमेटिक डकुमेन्ट फिडर छ। विभिन्न प्रकारका डकुमेन्टलाई आफैं नै फर्काएर फोटोकपी गर्नेदेखि लिएर विनासर्भर निश्चित क्षेत्रभित्र रहेका क्लाइन्ट कम्प्युटरबाट प्रिन्ट गर्ने कामसमेत यसबाट हुन्छ।

जमाना सानो र छरितोको छ। यो कुरालाई पछ्याएका छन् युवापुस्ताले। सकेसम्म सुविधायुक्त ग्याजेट्सको प्रयोग गरेर जिन्दगीलाई हाईफाई बनाउन कोही किन पछि पर्थे र ? त्यसैले त अन्य मुलुकमा यिनीहरूलाई ग्याजेट पुस्ता अर्थात् जी जेनेरेसन भनिन्छ। बन्ने होइन त जी पुस्ता ?

# तयार हुनुहोस्
## नयाँ मोबाइल क्रान्तिका लागि



तस्बिर : मोडल संसार डटकम



मोबाइल मानिसको सबैभन्दा निकट र प्रिय विद्युतीय उपकरण बनिसकेको छ। अहिले मोबाइल निर्माता कम्पनीहरू नयाँ–नयाँ सुविधा थपी उपभोक्तालाई लोभ्याउने होडमा देखिएका छन् जसले गर्दा यसले मोबाइलको मात्र काम नगरेर मिनी कम्प्युटरको रूप धारण गरेको छ। मोबाइल अहिले कुराकानी गर्न मात्र प्रयोग हुँदैन घडी, अलार्म, डिजिटल स्टिल तथा मुभी क्यामेरा, म्युजिक प्लेयर, गेम, रेडियो, टेलिभिजन, आइपोड, पेनड्राइभ, तथ्याङ्क प्रशोधन, इमेल- इन्टरनेट, एसएमएस, एमएमएसलगायतका सुविधा पनि यसैसँग जोडिएर आउन थालेका छन् जसले मिनी कम्प्युटरको अवधारणालाई पूर्णता दिएको छ। बहुचर्चित कम्प्युटर निर्माता कम्पनी एप्पलले अमेरिकामा उपभोक्तामाझ आइफोन सार्वजनिक गरेपछि त्यसलाई किन्न उपभोक्ताहरू दिनभर लाइन बसेका थिए।

यही अंग्रेजी वर्षको अन्त्यसम्म युरोप र आउने वर्षभित्र एसियाका उपभोक्तामाझ आइफोन ल्याउने योजना एप्पलको छ। केहीले आइफोनलाई अहिलेसम्मकै सबैभन्दा आकर्षक र सुविधायुक्त मोबाइलको संज्ञा दिएका छन्। मिनीकम्प्युटरको दर्जा पाएको आइफोनमा मोबाइल फोन, आइपोड, इन्टरनेट, डिजिटल क्यामेरा, पेनड्राइभजस्ता सुविधा त छँदै छन्, साथसाथै यो पूर्ण रूपमा टच स्क्रिन प्रणालीमा आधारित छ। यसमा ९ इन्चको स्क्रिन छ भने किबोर्डको आवश्यकता पर्दैन। एप्पलले ४ र ८ गिगाबाइटका दुई थरी आईफोन बजारमा ल्याएको छ।

आइफोनको अर्को विशेषता भनेको ब्याट्री हो जुन एकपटक रिचार्ज गरेपछि ८ घन्टा कुराकानी गर्न तथा ६ घन्टा भिडियो हेर्न सकिन्छ। सन् २००८ भित्र विश्वभर १ करोड आइफोन बेच्ने लक्ष्य एप्पलको छ। जापानी कम्पनी सोनीले पनि छिट्टै नयाँ सुविधा भएको लिक्विड मोबाइल फोन बजारमा ल्याउने तयारी गरेको छ, जसलाई सामान्य रूपमा फुटाउन सकिनेछैन। यो फोन तरल पदार्थले भरिएको पारदर्शी हुनेछ। विश्वमै सबैभन्दा बढी मोबाइल निर्माण गर्ने नोकियाले हालसालै बजारमा ल्याएको एन-७६ मोबाइल सेट पनि कम आकर्षक छैन। यसमा वेब ब्राउजिङका साथै भिडियो कन्फ्रेन्स, च्याट, इमेल, संगीत, एफएम रेडियो, अडियो भिडियो डाउनलोडिङ, २ मेगापेक्सल क्यामेरा, एमएमएस, जीपीआरएस, ब्लुटुथ, एमएस अफिस, स्नेपसटजस्ता थुप्रै आकर्षक सुविधा समावेश छन्।

नोकियाले क्यासिक ३११० मोडललाई मिनी कम्प्युटरको स्वरूप दिएको छ। मध्यम खालको मोबाइल सेटमा नोकियाले पहिलो पटक यति धेरै सुविधा समावेश गरेको हो। १ दशमलव ३ मेगापिक्सल क्यामेरा, म्युजिक प्लेयर, एफएम, ब्लुटुथ, इन्फ्रारेड, इमेल, इन्टरनेटजस्ता सुविधा नोकिया क्लासिक ३११० मा प्राप्त गर्न सकिन्छ।

उता स्लिम बनावट र सानदार फिचरका निम्ति प्रसिद्धि कमाएको मोबाइल फोन निर्माता कम्पनी मोटोरोलाले नयाँ मोबाइल सेट बजारमा ल्याउने तर्खर गर्दै छ। मोटोरोलाको नयाँ सेटमा उच्च अडियो गुणस्तरका साथ एमपी थ्री प्लेयर, भिडियो स्टोरेज, डिजिटल क्यामेरा, ब्लुटुथ कनेक्टिभिटी, इन्टरनेट, जीपीआरएसजस्ता सुविधा हुनेछन्। मोबाइलको माग प्रत्येक वर्ष बढ्दो छ भने प्रयोगकर्तालाई लोभ्याउन निर्माण कम्पनीहरू मोबाइललाई नयाँ सुविधा तथा डिजाइन प्रदान गरी मिनी कम्प्युटरतर्फ ढाल्दैछन्।

सुपर मोडलझैं मोबाइल फोन पनि लगातार दुब्लाउँदै गएको छ भने ग्राहकको रुचि क्रेडिट कार्डजस्तै पातला ह्यान्डसेटमा बढ्दै गएको छ। मोबाइल फोन निर्माता कम्पनी नोकियाको अनुसार सन् २००७ को अन्त्यसम्म विश्वको कुल जनसंख्यामध्ये आधासँग मोबाइल फोन हुनेछ। नोकियाका मोबाइल एकाइप्रमुख काई ओइस्तामो भन्छन्– 'मोबाइलको सबैभन्दा ठूलो माग विकासोन्मुख देशमा छ, जसमा चीन, भारत र केही अफ्रिकी देश पर्छन्' ओइस्तामोका अनुसार यस वर्षको अन्त्यसम्म विश्वका ३ अर्ब मानिस मोबाइल कनेक्सनबाट जोडिनेछन् भने सन् २०१० सम्म यो संख्या बढेर ४ अर्ब पुग्नेछ। मोबाइल बजारको अध्ययन गर्दै आएको गार्टनर कम्पनीको तथ्यांक भने नोकियाको भन्दा केही फरक छ। विश्वका ६२ देशको बिक्री तथ्याङ्कलाई आधार मानेर गरिएको अध्ययनमा गार्टनरले सन् २००८ सम्म २ अर्ब ६० करोड मोबाइलले काम गर्ने जनाएको छ भने सन् २००९ मा मात्र १ अर्ब मोबाइल सेट बिक्री हुने उल्लेख गरिएको छ। सन् २००९ मा एक अर्ब मोबाइलमध्ये एकतिहाई एसिया-प्रशान्त क्षेत्रमा मात्र बिक्री हुनेछन्।

## अन्तरकलेज नृत्य प्रतियोगिता



बुटवल - नेपाली लोकसंस्कृति एवं परम्पराको संरक्षण गर्ने उद्देश्यले स्थानीय संगम श्रोता क्लबले विजयादशमीको उपलक्ष्यमा शनिबार यहाँ अन्तरकलेज नृत्य प्रतियोगिता सम्पन्न गर्‍यो। बुटवल-१३ योगीकुटीस्थित हाटबजार प्रांगणमा उल्लेख्य दर्शकमाझ भएको प्रतियोगितामा कलेजका छात्रछात्राहरूले कौडा, मारुनी, माझी, मैथिली, भोजपुरीलगायत नेपाली मौलिक संस्कृति झल्कने विविध नृत्यहरू प्रस्तुत गरे। जिल्लाका सात कलेजले भाग लिएको प्रतियोगितामा मणिमुकुन्द उच्च मावि योगीकुटी प्रथम, राममणि बहुमुखी क्याम्पस मणिग्राम द्वितीय, मायादेवी फार्मेसी कलेज नयाँगाउँ तृतीय तथा न्यू होराइजन कलेज कालिकानगरले सान्त्वना पुरस्कार प्राप्त गरे। आयोजक क्लबका कलाकारहरूले राष्ट्रिय गीत गाएर सुरु गरेको कार्यक्रममा स्थानीय कलाकार चेतन ढकालको हास्य प्रस्तुतिले दर्शकहरूलाई बेग्लै मनोरञ्जन प्रदान गरेको थियो। विविध आदिवासी-जनजति वेशभूषामा सजिएका अन्य कलाकारले देशको समसामयिक राजनीतिप्रति व्यंग्य एवं दलका नेताहरूलाई संविधानसभाको नयाँ मिति छिटो तोक्न खबरदारी गर्दै गाएको गीतले दर्शकहरूको मन जितेको थियो।

## अनाथका लागि सांस्कृतिक कार्यक्रम

बुटवल- अनाथ तथा सडक बालबालिकाहरूका लागि सहयोग जुटाउने तथा स्थानीय कलाकारलाई प्रोत्साहित गर्ने उद्देश्यले बुद्ध बहुउद्देश्यीय युवा क्लब बुटवलले शुक्रबार विविध सांस्कृतिक कार्यक्रम आयोजित गर्‍यो। स्थानीय कान्ति सभाहलमा सम्पन्न कार्यक्रममा स्थानीय प्रतिभाहरूले लोक, आधुनिक र दोहोरी गीत तथा नृत्य, नाटक एवं क्यारिकेचर प्रस्तुत गरेर दर्शकहरूलाई मनोरञ्जन प्रदान गरे। उक्त अवसरमा कोपिला रसाइली, सुमित्रा गुरुङ तथा नारायण थापाले आधुनिक गीत प्रस्तुत गरेका थिए भने राजकुमार गुरुङ, सुन्दर गुरुङ, लक्षु, मेनुका र दुर्गा थापाको समूहगत तामाङ सेलो, कौडा एवं घाटु नृत्यले दर्शकलाई नेपाली परम्परा एवं लोक संस्कृतिको झझल्को दिएको थियो। बाल कलाकार सञ्चिता श्रेष्ठ, कुसुम थापा आदिको नृत्यले दर्शकहरूलाई उत्साहित बनाएको थियो। उक्त अवसरमा सुशील थापाको क्यारिकेचरले पर्याप्त हँसाएको थियो। दिउँसो १२ बजे सुरु भएर साँझ ७ बजेसम्म चलेको कार्यक्रममा थकाली, तामाङ,गुरुङ, मगर आदि आदिवासी-जनजातिको जातीय तथा धार्मिक वेशभूषा पनि प्रदर्शन गरिएको थियो।



# लिटिल मिस्टर एन्ड मिस पोखरा



पोखरा- लस्करै स-साना बाबुनानीहरू मञ्चमा देखा परे। विद्यालयकै पोसाकमा प्रकट भएका बाबु-नानीहरूलाई सबैले तालीले स्वागत गरे। पोखरामै यसअघि पनि बालसौन्दर्य सम्बन्धी कार्यक्रम गरिसकेको जित हाम्रो काठमाडौंले पृथक् ढंगले बालबालिकाको अन्तरनिहित क्षमता बाहिर ल्याउने उद्देश्यले विद्यालयस्तरबाटै बालसौन्दर्य प्रतियोगिताको आयोजना गर्न थालेको छ।

गएको साता पहिलो पटक दुई विद्यालय स्टेप वाई स्टेप उच्च मा.वि. र सृजना उच्च मा.वि.का स-साना बाबु-नानीहरूबीचमा प्रतियोगिता गरेको हो। परिचय राउन्ड, प्रश्नोत्तर, ट्यालेन्ट, टप सिक्स हुँदै विद्यालयबाट छुट्टाछुट्टै विजेताहरू घोषित गरिएको थियो। लिटिल मिस्टर एन्ड मिस स्टेप वाई स्टेप स्कुलको बालिकातर्फ स्नेहा अधिकारी लिटिल मिस स्टेप घोषित भइन्। यसका साथै उनले मिस ट्यालेन्टको उपाधि पनि पाइन्। प्रतियोगितामा सुस्मिता लामिछाने फस्ट रनरअप, कविता पराजुली सेकन्ड रनरअप भए। यस्तै बाबुतर्फ सुजन पौडेल लिटिल मिस्टर स्टेप वाई स्टेप घोषित भए। अनिष कुँवर फस्ट रनरअप र विजय श्रेष्ठ सेकन्ड रनरअप घोषित भए। विजयले मिस्टर ट्यालेन्टको टाइटल पनि पाए।

सृजना उच्च मा.वि.बाट दिव्य बस्ताकोटी लिटिल सिम सृजना उच्च मा.वि. घोषित भइन् भने ताजिया गुरुङ फस्ट रनरअप र एलिसा गुरुङ सेकन्ड रनरअप भए। लिटिल बाबुतर्फ अभिषेक केसी लिटिल मिस्टर सृजना उच्च मा.वि. भए। युजन पालिखे फस्ट रनरअप र परगत बिजुक्छे सेकन्ड रनर अप घोषित भए। प्रत्येक स्कुलको नामबाट प्रतियोगिता गर्दै अन्त्यमा प्रत्येक स्कुलका विजेताहरूबीचको प्रतिस्पर्धाबाट लिटिल मिस्टर एन्ड मिस पोखरा अफ दि एयर घोषित गरिने जानकारी जित हाम्रोका प्रबन्धक निर्देशक राजेश जोशीले दिए। १० वटा विद्यालयबाट विजेता छनौट गरिनेछ। यसरी विजय भएकाहरूलाई एक ठाउँमै भेला गराएर तालिम दिएपछि उनीहरूले अन्तिम प्रतिस्पर्धामा सहभागिता जनाउनेछन्।

**–शिव शर्मा**

# दसैंको सबैभन्दा रमाइलो पक्ष कुन हो ?



दसैंको वातावरणले नै रोमाञ्चित बनाउँछ, छुट्टै मौसम, काम गर्न ढिलो भैसक्यो जस्तो, ... एउटा कुरा हुन त नराम्रो पक्ष होला, दसैं आएपछि मलाई काम गर्नै अल्छी लाग्छ । त्यस्तै दसैंको बेलामा छुट्टिएर वा अलग्गिएर बसेका आफन्तहरूबीच भेटघाट हुन्छ । सबै एकैथलोमा भेला हुन्छन्...रिसराग हटेर जान्छ.. ।

**सुरजसिंह ठकुरी, भिजे**

दसैं..? पिङ खेल्ने, काम केही हुँदैन, त्यसैले दिनभरि मासु खाइरहने, टीका लगाएर पैसा लिने.. ए अनि म त थोरै पैसा भयो भने रिसाउँछु नि, थोरैमा पनि एक सय रूपैयाँ चाहिन्छ, त्यो भन्दा थोरै दिए फिर्ता नै गरिदिन्छु... ।

**रेखा, थापा नायिका**

सबैजना घरमा भेला हुने, मासु खाने । लुगा किन्ने भनेको त अरूबेला पनि हुन्छ, त्यही त हो,....केटाकेटी नै छँदा टीका लगाउने, पैसा बटुल्ने, पिङ खेल्ने थियो तर अहिले भेटघाट नै महत्वपूर्ण भएको छ, अरू....झट्ट



सोच्नै सकिएन यार, हाहाहा.... ।

**बाबु बोगटी, गायक**

छरिएको परिवारसँगै बसेर खाने हो, सानोमा बढी रमाइलो हुन्थ्यो, अहिले त दसैंको खासै 'भ्यालु' लाग्दैन, दसैं भनेको बालबालिकाहरूका लागि रैछ, जिम्मेवारी थपिएपछि त सबै आफैंले मिलाउनुपर्ने । यसपटक बुबा बित्नुभएकाले दसैं मनाइँदैन, दसैंको नवमी र दशमी दुई दिन म इजरायलमा कार्यक्रम गर्न जाने भएको छु।

**यशकुमार, गायक**

परिवारसँगको जमघट नै हो, दसैंमा घर जाने वातावरण तयार हुँदैछ, अरू बेला घरलाई बिर्सिए पनि दसैंको बेलामा घरको मासुभातले तान्छ, अरू के भन्ने ? थपेर लेखिदिनु न ... ।

**भरत सिटौला, गायक**

आफूभन्दा ठूलासँग टीका लगाएर दक्षिणा लिनु नै सबैभन्दा रमाइलो पक्ष हो, त्यसपछि नयाँ लुगा... हामी तीन जना दिदी-बहिनी छौं, टीका लगाइसकेपछि कसको धेरै पैसा भयो भनेर हामीबीच प्रतिस्पर्धा नै चल्छ, सानो हुँदा ड्याडीले कपडा किनिदिनुहुन्थ्यो, अहिले पैसा दिनुहुन्छ, हामी आफैं किन्छौं । ड्याडी-ममी दुवै जागिरे भएकाले दसैंमा उहाँहरूलाई ठग्न पाइन्छ, हा हा.. ।

**सञ्चिता लुइँटेल, नायिका**

हा हा हा....मामाघर गएर टीका लगाउने, त्यहाँ धेरै पैसा पाइन्छ नि, नजाने पनि डराउँदै पिङ खेल्न पनि मज्जा हुन्छ.....गाउँघरमा पिङ खेलिन्थ्यो तर अहिले काठमाडौंमा त्यो रमाइलो पाइँदैन । यहाँ तास खेल्ने (मलाई कलब्रेक र फ्लास मात्रै आउँछ), खाने काम हुन्छ.....

**सरोज केसी, कलाकार**

सबैभन्दा रमाइलो पक्ष टीका लगाउने र आफन्तहरूसँग भेटघाट गर्ने हो । यो बेलामा जतिसुकै टाढिएको वा रिसाएको मानिस देख्दा पनि मेलमिलापको भावना आउँछ । सबै रिस-राग हराउँछ ।

**सरिता लामिछाने, कलाकार**

टीका नै प्रमुख आकर्षण हो, आफन्तकहाँ टीका लगाउन जाँदाको क्षण रमाइलो हुन्छ । अर्को कुरा यो बेला फुर्सद पनि हुन्छ, हेलो, हेलो, हेलो... । (मोबाइल डिसकनेक्ट अनि फेरि) हेलो अँ अघि लाइन डिसकनेक्ट भयो, फेरि हेलो, हेलो, हेलो ........

**रामकृष्ण ढकाल, गायक**

हामी घरबाहिर बसेकाहरूले दसैंको बेलामा घर जान पाउँछौं, धेरै समयदेखि नभेटेका आफन्तहरूसँग भेटघाट हुन्छ । खानपिन, कुराकानी, लामो गन्थन अनि धेरै रमाइलो हुन्छ...मामाघर गयो टीका लायो, रातो टीका र आशीर्वाद....दसैंमा दिएको आशीर्वाद साँच्चै पुग्छ जस्तो लाग्छ मलाई ।

**प्राश्ना शाक्य, गायिका**

घर गइन्छ, दसैं आएपछि घर जानैपर्छ भन्ने हुन्छ, अझ म त दसैंमा घर गएपछि एक महिना उतै बस्छु, बाबा, ममीसँग बसेर सँगै खान पाइन्छ । त्यो नै ठूलो कुरा हो नि होइन र ? यहाँ त एक्लै बस्दा-बस्दा टेन्सन हुन्छ नि, कार्यक्रम भएन भने त एकप्रकारले आराम गर्ने बेला पनि यही हो...

**जुना प्रसाईं, गायिका**

परिवार, आफन्त तथा साथीभाइसँगको भेटघाट, एकप्रकारले आत्मीयता, सबैको फुर्सद.. दसैंमा यिनै कुरा पाइन्छ । परिवारभन्दा पनि आफन्तहरूसँग वर्ष दिनभरि भेट्न पाइएको हुँदैन, दसैंमा एकैपटक भेटिन्छ । म तास-जुवा खेल्दिन । खाने-पिउने, घुम्न जाने जस्ता कार्यक्रममा सरिक भइन्छ.... ।

**निमा रूम्बा, गायक**

साथीभाइसँग विशेष गरेर परिवारसँगको भेटघाट त हो नि, हामी दिदीबहिनीहरूबीच त्यही बेला भेट हुन्छ । दुई जना दिदीसँग बसेर पुराना कुरा सम्झेर गफ गर्छु । बाल्यावस्थाका कुरा सम्झेर (लुगा किनेको, झगडा गरेको) खुब हाँसिन्छ । तास पनि खेल्छु तर तासमा कहिल्यै जित्दिनँ र हार्दा पनि पैसा गयो भन्ने 'फिल' हुँदैन ।

**संगीता श्रेष्ठ, भिजे, कान्तिपुर टेलिभिजन**

दसैंमा सबै जनासँग भेट हुन्छ, धेरै खान पाइन्छ, आफन्त- छिमेकीको



घरमा गएर पनि मासु खाइन्छ । जे होस्, मलाई असाध्यै मनपर्ने खसीको कबाब दसैंमा खान पाइन्छ । यही बहानामा कतिसँग भेट पनि हुन्छ ।

**मौसमी गुरुङ, गायिका**

दसैंको रमाइलो पक्षलाई सामाजिक, धार्मिक, सांस्कृतिक लगायत विभिन्न दृष्टिकोणले हेर्छु । सामाजिक पक्षबाट हेर्ने हो भने



रिसराग, वैमनस्य हटाई आपसी सद्भाव, भाइचारा र मायाप्रेम साट्दै आफूभन्दा ठूलाबाट आशीर्वाद लिनु नै दसैंको राम्रो पक्ष हो ।

**जीवन लुइँटेल, अभिनेता-मोडल**

परिवार तथा आफन्तहरूसँगको भेटघाट नै हो । वर्षभरि नै काममा व्यस्त भइन्छ, यही बेला त हो नि फुर्सद हुने । दसैंबाहेक अरू बेला आफन्तले भेटे भने आज त दसैं होइन कसरी भेट भयो भनेर प्रश्न गर्छन् । त्यसैले यो समय आफन्तजन भेट्ने सबैभन्दा उपयुक्त समय हो जस्तो लाग्छ ।

**आलोक नेम्वाङ, निर्देशक**

आशीर्वाद हो, जमरा राख्नु, जमराको टुसा पलाउनु, अग्रजबाट कलशमा राखेको जमरा टाउकोमा लगाउनु कत्ति मज्जा हुन्छ ? यस पटकको दसैंमा भने सम्पूर्ण जनताले नेताहरूलाई संविधानसभा निर्वाचन सम्पन्न होस् भनेर आशीर्वाद दिनुपर्छ र नेताले पनि त्यसलाई अवमूल्यन गर्नु हुँदैन ।

**दमन रूपाखेती, हास्यकलाकार**

मेरो विचारमा आज पकाएको कबाब भोलिपल्ट नतताई पटक-पटक गरेर कुपुकुपु खाइरहने । बोसो चुस्यो प्वाक्क मुखमा हाल्यो, कत्ति मज्जा, फेरि एकछिनमा भाँडो खोज्यो फेरि खायो । दसैंभरि यसै गरिरहने... ।

**हरिवंश आचार्य, कलाकार**

सबैको निधारमा टीका र कानमा जमरा हेर्न पाइन्छ, आफन्तहरूलाई यही बेला भेट्न पाइन्छ । भेटघाटले मेलमिलाप बढाउँछ । एक-अर्कामा शुभेच्छा आदान-प्रदान हुन्छ । बेवास्ता र आरोपको सट्टा एकछिन भए पनि राम्रो होस् भनेर सोच्ने, नकारात्मकको सट्टा सकारात्मक कुरा मात्र गर्नु नै दसैंको विशेषता हो जस्तो लाग्छ.... ।

**मदनकृष्ण श्रेष्ठ**

हाम्रो परिवार ठूलो छ, दिदी-बहिनी पनि टन्नै छौं । विवाहित दिदीहरूसँग भेट गर्ने मौका पनि दसैं नै हो । उहाँहरू आउँदा रमाइलो हुन्छ, त्यस्तै दसैंको बेलामा सबै मिलेर सपिङ जान्छौं । हाम्रो त सपिङकै लागि पाँच दिन छुट्याउनुपर्छ ।

**इन्दिरा जोशी, गायिका**

ला भन्नै आएन, त्यही भेटघाट त हो, दसैंमा फुर्सद हुन्छ, पहिलेको याद आउँछ, सानो छँदाको अवस्था सम्झेर रमाइलो लाग्छ । दसैंको समयमा उठ्नेबित्तिकै चिसो-चिसो छुट्टै खालको वातावरण देखेर आनन्द लाग्छ । दसैंमा आशीर्वाद लिन पाइन्छ, यो पनि राम्रो पक्ष हो नि ... ।

**माण्डवी त्रिपाठी, गायिका**

साथीभाइसँगको भेटघाट, पुराना साथीसँग विशेष गरेर पहिलेका गर्लफ्रेन्डहरू...ए अनि पहिलेका गर्लफ्रेन्डका छोराछोरी मामा-मामा भन्दा लै-लै बाबु भन्नुपर्ने कस्तो रमाइलो पक्ष होला... ?

**नारद खतिवडा, हाँस्यकलाकार**

मलाई पारिवारिक जमघट एकदमै मनपर्छ, दसैं यस्तै अवसर हो, जति बेला घरमा भीडभाड हुन्छ, पाहुनाहरू आउँछन्, आफ्ना उमेर मिल्नेहरूसँग कुराकानी गर्न पाइन्छ । दसैंको अवसरमा हामी दाजुबहिनी तास खेल्छौं । तासमा म कहिल्यै हार्दिनँ । खसीको मासु त्यति मन नपर्ने भएकाले मासु कमै खान्छु । टीका लगाउँदै दक्षिणा संकलन गर्नुको मज्जा नै छुट्टै छ, दसैंपछि कति भयो भनेर पैसा गन्छु ।

**खुस्बु ओली, पूर्व मिस टिन**

रातो टीका अनि जमरा लगाउने, आफूभन्दा ठूला मानिससँग टीका लगाएर लामो आशिष भन्न लगाउँछु, यो मेरो सानैदेखिको बानी हो, मैले टीका लगाइदिनुपर्नेहरूलाई पनि लामो आशिष दिन्छु । दसैंको बेलामा घर-घर जाने-खाने, साथीभाइ तथा आफन्तहरूसँग भेटघाट गर्ने ।

**कोमल वली, गायिका**

मलाई अर्काको घरमा खान बोलाउँदा साह्रै आनन्द लाग्छ, दसैंको बेलामा अर्काको घरमा गएर खान पाइन्छ, आफ्नो घरमा पकाएको मासुको गन्धले खाना खानै वाक्क लागेको बेलामा अरूको घरमा नयाँ स्वाद पाउँछु, त्यसैले कसले बोलाउँछ भनेर पर्खेर बस्छु । जाँडरक्सी र मासु त अरू बेला पनि खाइन्छ, तर दसैंमा जस्तो एकैपटक विभिन्न प्रकार र स्वादमा खाने मौका जुरेको हुँदैन । पटक-पटक पकाएको कालो भैसकेको मासु खाँदै उब्रिएको जति भाँडोमा राख्दै फेरि खाँदै ...आहा.. ?

**शिवहरि पौडेल, कलाकार**

साथीभाइसँग धेरै समयमा भेटघाट हुन्छ, त्यस्तै टीका लगाएर आशीर्वाद थापिन्छ, फुर्सद हुने भएकाले तास खेलिन्छ । जे होस् हामी नेपालीको महान् चाड भएको दसैं साँच्चै रमाइलो हुन्छ । वर्षौंदेखि नमिलेका दाजुभाइ पनि यो चाडको बेलामा मिल्छन् ।

**योगेन्द्र श्रेष्ठ, द्वन्द्व-निर्देशक**

दसैंमा धेरै रमाइलो हुन्छ, मुख्य कुरा, एक वर्षदेखि नभेटेका आफन्तहरूसँग भेटघाट हुन्छ, दसैंकै बहानामा नातेदार, साथीभाइहरूसँग कुराकानी हुन्छ । ख्वाउने-पिउने, आशीर्वाद लिने औपचारिक अवसर दसैं भए पनि यी कुरा अन्य समयमा पनि अनौपचारिक रूपमा चलिरहेकै हुन्छन्.... ।

**प्रकाश ओझा, गायक**

टीका र आशीर्वाद । ठूलाहरूले दिएको आशीर्वाद लाग्छ जस्तो लाग्छ । धेरैसँग भेटघाट पनि हुन्छ । त्यही हो,..दसैंको मौसम पनि एकदमै रमाइलो लाग्छ ।

**सुनील पोखरेल, रंगकर्मी**

परिवार एवं आफन्तजनसँगको जमघट, वर्षौं नभेटेका मानिसहरूसँग भेट गर्ने जस्ता धेरै अवसर दसैंले जुटाइदिन्छ । आफूभन्दा ठूला मानिससँग पनि यही बेलामा भेटघाट हुन्छ । दसैंको बेलामा म आफ्नो जिल्ला सिन्धुपाल्चोक जान्छु, पुराना साथीहरूसँग भेटघाट हुन्छ, कति त बोल्न पनि डराउँछन्, उनीहरूको छेवैमा गएर बोल्छु । एक दिन छिमेकका सबै घर चहार्दैमा बित्छ, कोदोको रक्सी, मासु, मकैको ढिंडो अनि सिस्नोको साग खाइन्छ .... ।

**अविनाश घिसिङ, गायक**

टीका लगाउने बेलामा ठूलाबडाले शिरमा दुई हात राखेर आशीर्वाद दिंदा भावनात्मक रूपमा असाध्यै रमाइलो लाग्छ । दसैंको बेलामा जति रिसराग भए पनि सबै बिर्सेर एक-आपसमा टीकोटालो गरेर मेलमिलाप बढाइन्छ, त्यो पनि राम्रो कुरा हो । यो खुसीयालीको



उत्सव हो जस्तो लाग्छ...।

**झरना थापा, नायिका**

हामी नेपाली हौं, नेपाली संस्कृतिलाई दसैंले सम्झाउँछ, त्यस्तै आफ्ना मानिस र आफन्तजनलाई नजिक्याउन पनि दसैंको महत्त्व छ । छोटो समय भए पनि दसैंले मानिसहरूमा खुसीयाली तथा ताजगी ल्याउँछ । दसैंको बेलामा पिङ खेल्न, घुम्न तथा आशीर्वाद लिन पाउँदा रमाइलो लाग्छ ।

**प्रमोद खरेल, गायक**

आफूभन्दा ठूलासँग टीका लगाएर आशीर्वाद लिने, उहाँहरूले यसो गरेस्, उसो गरेस्, परिवारको बदनाम नगरेस्, बाबुआमाको इज्जत राखेस्, जताततै तेरै गुणगाण सुन्न पाइयोस भनेको साह्रै राम्रो लाग्छ, यो नै मुख्य कुरा होइन र ?..

**श्रीकृष्ण लुइँटेल, गायक**

म त दसैं मनाउन नेपालगन्ज आइसकेकी छु, दसैं रमाइलो चाड हो, यो बेलामा परिवारसँग रमाइलो गर्न पाइन्छ, अरू बेला नभेटेकाहरूसँग पनि भेटिन्छ, जमघट हुन्छ । मासु खाने, टीका लगाउने अनि तास खेल्ने काम हुन्छ । तासमा म प्रायः हार्छु अनि सपिङ पनि गर्छु ।

**सिन्धु मल्ल, गायिका**

टीका लगाउने, दक्षिणा थाप्ने, पाएको दक्षिणा गन्ने काम रमाइलो हुन्छ । छोरा मानिसले त्यति धेरै दक्षिणा पाउँदैनन्, जति पाइन्छ त्यतिमै खुसी हुनुपर्छ । दसैंमा भेटघाट त छँदैछ, तर मेरो ध्यान भने दक्षिणामै केन्द्रित हुन्छ ।

**सुदिन पोखरेल, गायक**

टाढा-टाढादेखिका इष्टमित्र, आफन्त सबै जनासँग रमाइलो गर्न पाइन्छ । फुर्सद हुने भएकाले दसैंमा सारा काम बिर्सेर रमाइलो गर्छु । मासु खान्नँ, त्यसकारण मेरा लागि प्रशस्त मिठाईको व्यवस्था हुन्छ । सानो छँदा नयाँ लुगा खोजिन्थ्यो तर अहिले म आफैंले भाइ-बहिनीहरूलाई सपिङ गराउँछु । मन्दिर जान्छु पूजापाठ गर्छु.... ।

**समा थापा**
**कान्तिपुर टेलिभिजन समाचारवाचिका**

सानामा हुँदा दसैं आएपछि नयाँ लुगा लगाउने, मामाघर जाने कुरा महत्त्वपूर्ण हुन्थ्यो । अहिले आफन्त तथा इष्टमित्रहरूसँगको भेटघाट नै मुख्य कुरा हुन्छ । वर्षभरिमा यही एउटा समय हो फुर्सद हुने, त्यसो भएकाले गफगाफ गर्ने, मासुका विभिन्न परिकार खाने काम हुन्छ । तासचाहिँ खेलिँदैन.... ।

**निखिल उप्रेती, नायक**

परिवारका सदस्यहरू भेला भइन्छ, त्यसैका लागि पनि दसैं महत्त्वपूर्ण हो जस्तो लाग्छ । पिङ खेल्ने परम्परा हराउँदै गएको छ, सानोमा छँदा पिङ खेलेर रमाइलो गरिन्थ्यो । अहिले जमघटमा बसेर गफ गर्‍यो, टीका लगाएर ठूला मानिसबाट आशीर्वाद ग्रहण गर्‍यो, त्यही त हो, म त यतिखेर मासु पनि खाँदिनँ..... ।

**जविक, गायक**

दसैंमा लगाइने टीका नै रमाइलो पक्ष हो जस्तो लाग्छ । दसैंका धेरै सकारात्मक पक्ष छन् । पूजापाठ गरिन्छ, कार्यक्रममा व्यस्त भइन्छ, काका-बाबुहरूसँग टीका थापेर आशीर्वाद लिइन्छ । दसैं फुर्सदको समय भएकाले रमाइलो गर्नपट्टि लागिन्छ.. ।

**आनन्द कार्की, गायक**

दसैंमा टीका लगाएर नयाँ कटकटे नोट दक्षिणा लिन, मासु भात टन्न खान, निधारमा टीका लगाएर झन्डी-मुकुट खेल्न असाध्यै रमाइलो लाग्छ.... ।

**प्रकाश पौडेल, गायक**

सबैभन्दा रमाइलो पक्ष ससुराली जान पाइन्छ । हामीले विदेशको कार्यक्रममा गएर पारिश्रमिक ल्याएजस्तै दसैंको बेलामा ससुरालीबाट पारिश्रमिक ल्याइन्छ । खामबन्दी पारिश्रमिक पछि खोलेर हेर्नुपर्छ । नरमाइलो पक्ष भनूँ, दसैंको बेला दसै दिन श्रीमतीसँगै बस्नुपर्छ जुन एकदमै कठिन काम हो। त्यस्तै जे चीजले जिन्दगी एकदमै कठिन भएको छ, त्यही खेल्नुपर्छ अर्थात् 'म्यारिज'.. ।

**दीपकराज गिरी, कलाकार**

टाढा बसेर काम गर्ने हामीले दसैंमा घर गएर आफ्ना परिवारसँग भेट गर्ने अवसर पाउँछौं । यो वर्षभरिको थकाइ मेट्ने सुवर्ण अवसर हो, अनि वर्षभरि कमाएको लुटाउने अवसर पनि दसैं नै हो.... ।

**दीपाश्री निरौला, कलाकार**





























## जितु'चाको जोक्स

jitendra_rajb@hotmail.com



विक्रामसँग जितुचाले सोधेछ : ल भन्नुस् त विक्राम दाइ, आठ फिटको पर्खाल दस जना डकर्मीले आठ घण्टामा बनाए भने त्यही पर्खाल चार जनाले कति घण्टामा बनाउन सक्छन् ?

विक्राम : एक मिनेट पनि लाग्दैन ।

जितुचा छक्क पर्दै : कसरी ?

विक्राम : किनभने त्यो पर्खाल त आठ जनाले पहिले नै बनाइसके नि ।

०००

कक्षा तीनमा स्वास्थ्य पढाइरहेकी मिसले विद्यार्थीहरूसँग प्रश्न सोधिछन् : ल भन त, रुघा-खोकीको भाइरसबाट बच्न के गर्न सकिन्छ ?

मिसको प्रश्न सुनेर पारसले जरुक्क उठेर भनेछ : मिस, हामीले रुघा-खोकीको भाइरसबाट बच्न पासवर्ड राख्नुपर्छ । अनि पासवर्ड राख्दा आफ्नो नाम, जन्म मिति जस्ता सजिला शब्द कहिल्यै राख्नु हुँदैन ।

०००

बैंकको एटीएम मेसिनबाट पैसा निकाल्न सँगै गएको विक्रामको पछाडि लाइनमा बसेर जितुचाले विक्रामले पैसा निकालेको हेरिरहेको थियो । विक्रामलाई जिस्क्याउने मनसायले जितुचाले भनेछ : विक्राम दाइ, मैले त तपाईंको एटीएम कार्डको पिनकोड पत्ता लगाएँ नि ।

जितुचाको कुरा सुनेर विक्रामले अनौठो मान्दै सोधेछ : त्यसो भए ल भन त मेरो पिन नम्बर ?

जितुचा हाँस्दै : चारवटा चार हैन त ।

विक्राम हाँस्दै : मिलेन-मिलेन, सही उत्तर त एक दुई तीन पाँच हो ।

०००

कथालेखन प्रतियोगितामा भाग लिने कथा नारी, धर्म, सस्पेन्स र रहस्य आदि विषयमा केन्द्रित हुनुपर्ने नियम रहेछ तर प्रतियोगितामा सामेल कथाहरूमा एउटा कथा जम्मा एउटा वाक्यको मात्र थियो । जसमा लेखिएको थियो : हे भगवान् ! मेरी श्रीमती सुत्केरी हुनेवाला छिन् ।

यस्तो एक वाक्य समेटिएको कथा देखेर प्रतियोगिताका निर्णायकहरूले छक्क पर्दै कथाकारसँग प्रश्न गरेछन् : यो कस्तो कथा हो र यो प्रतियोगिताको नियमअन्तरर्गत नारी, धर्म, सस्पेन्स र रहस्य आदि विषयवस्तुमा नभएको देखियो । कथाकार भनेछ : मेरो यो कथामा नियमका सबै विषयवस्तु समेटिएका छन् । हे भगवान् : धर्म भयो, मेरी श्रीमती : नारी अनि छोरा पाउने हो कि छोरी ? भन्ने कुराचाहिँ सस्पेन्स ।

कथाकारको उत्तर ध्यानपूर्वक सुनिरहेका निर्णायकहरूमध्ये एक जनाले प्रश्न गरेछन् : नारी, धर्म र सस्पेन्स त छ, तर तपाईंको कथामा खोइ त रहस्यको कुरा ?

जजको कुरा सुनेर कथाकारले भनेछ : ल अब मेरी श्रीमती सुत्केरी हुनेवाला छिन्, तर हुनेवाला बच्चाको बाउचाहिँ को ? भएन त सस्पेन्स !

०००

धेरै वर्षअघिदेखि आफूले पालेको बोल्ने सुगाले जे-जे पायो त्यही बोल्न थालेको देखेर रीना हैरान भइछन् । उक्त बदमास सुगाको आचरण सुधार्न रीना आफैं बसेर प्रत्येक दिन एक घण्टा सुगालाई मेहनत गरी पाठ सिकाउन थालिछन् । महिनौं दिन हुँदा पनि सुगाले राम्रो र आफूले सिकाएजस्तो नगरेको देखेर रीनाले सुगालाई सजाय दिन त्यसलाई समातेर फ्रिजभित्र बन्द गरिछन् । फ्रिजमा राखेको केही मिनेटसम्म त सुगाले नाना थरीको शब्द बोल्दै उल्टै रीनालाई नै गाली-गलौज गरेछ, तर पाँच मिनेटपछि नै ऊ एकाएक शान्त भएछ । त्यस्तो बदमास सुगा शान्त भएको देखेर रीनालाई अचम्म लागेछ । उनलाई डर पनि लागेछ । फ्रिजको चिसोले कतै सुगालाई नराम्रो असर त गरेन ? त्यसैले उनले हत्त न पत्त फ्रिज खोलिन् । फ्रिज खोल्नेबित्तिकै सुगाले नम्र हुँदै भनेछ : अबदेखि म कहिल्यै पनि जे पायो त्यो बोल्दिनँ र तपाईंले भनेको सबै कुरा मान्छु । मलाई माफ गरिदिनुहोस् ।

सुगा बोली र स्वभावमा पाँच मिनेटमै यस्तो ठूलो परिवर्तन भएको देखेर रीना दङ्ग मात्र के परेकी थिइन्, सुगाले प्रश्न गरेछ : हैन, ए राँड ! मैले त जे पायो त्यो बोलेको गल्तीको सजाय पाएँ तर त्यो फ्रिजभित्र नाङ्गै पारेर टाउकै काटि दिनुपर्ने गरी त्यो कुखुराले के गल्ती गरेको थियो नि ?

०००

दसैंको रमझम थियो, एक जना जँड्याहा साँझपख एउटा ठूलै होटलको बारमा गएछ र बारटेन्डरलाई भनेछ : भाइ, यो बारमा बसेर रक्सी खाइरहेका सबै मानिसलाई मेरो तर्फबाट एक-एक पेग फ्रि दिनु अनि तिमीले पनि एक पेग खानु र बिल मलाई दिनु ।

जँड्याहाले भनेझैं बारटेन्डरले आफ्ना सबै ग्राहकलाई एक एक पेग ड्रिङ्क बाँडेछ र फर्कन लाएको जँड्याहालाई बिल दिएछ । बारटेन्डरले बिल दिनेबित्तिकै जँड्याहाले आफूसँग पैसा छैन भनेछ । जँड्याहाको चाला देखेर बारटेन्डरले रिसाउँदै उसको गालामा चार-पाँच थप्पड हानेर होटलबाट बाहिर पठाइदिएछ ।

भोलिपल्ट साँझपख फेरि त्यही जँड्याहा त्यही बारमा आएर बारटेन्डरलाई : भाइ, यो बारमा बसेर रक्सी खाइरहेका सबै मानिसलाई मेरो तर्फबाट एक एक पेग फ्रि दिनु अनि तिमी पनि एक पेग खानु र बिल मलाई दिनु ।


बारटेन्डरले यो जँड्याहाले हिजोको गल्तीको कारण पाएको थप्पड त पक्कै बिर्सिएको छैन होला भन्दै बारमा बसेर रक्सी खाइरहेका सबै ग्राहकलाई एक-एक पेग ड्रिङ्क बाँडेछ । घर जान लागेको जँड्याहालाई बिल दिनुअघि नै उसले आफूले पैसा नबोकेको कुरा भनेछ । जँड्याहाको यस्तो ताल देखेर बारटेन्डरलाई साह्रै रिस उठेछ र जँड्याहालाई उठ्नै नसक्ने गरी मारसँग गोदेर बाहिर लगेर फालिदिएछ ।

पर्सिपल्ट पनि फेरि त्यही जँड्याहा त्यही होटलको त्यही बारमा आएर बारटेन्डरलाई भनेछ : ओ भाइ, यो बारमा बसेर रक्सी खाइरहेका सबै मानिसलाई मेरो तर्फबाट एक-एक पेग फ्रि दिनु अनि बिलचाहिँ मलाई दिनु ।

दुई पटकको त्यस्तो कुटाइ खाएर पनि सबक नसिकेको जँड्याहा देखेर बारटेन्डर छक्क पर्दै : किन आज मलाई चाहिँ फ्रि पेग नदिने ?

जँड्याहा नम्र हुँदै : तिमीलाई आज फ्री पेग छैन, किनभने रक्सी लागेपछि तिमी त मान्छे नै नचिनी कुट्दा रै'छौ ।

## जन्मदिनको शुभकामना



आँचल भट्ट
२०६० कात्तिक ३



अनुप ढुंगाना
२०६२ कात्तिक ६



रुपन लोप्चन लामा
२०५९ कात्तिक ७



सुलभ पौडेल
२०६२ कात्तिक ९



अनिजा राई
२०६१ कात्तिक ९



सुस्मिता विष्ट
२०५४ कात्तिक १४



शोभा पोखरेल
२०५६ कात्तिक ४



प्रतिभा पोखरेल
२०५५ कात्तिक ११

कुपन

जन्मदिनको शुभकामना

नाम :.......................................................

जन्म मिति :..................................................

स्कुल :.......................................................

ठेगाना : .....................................................

तस्बिर अनिवार्य

तस्बिर र विवरण दुई साताअगाडि आइपुग्नुपर्नेछ।

# दसैं र तिहारलाई समय सुहाउँदो बनाउन के गर्नुपर्ला ?

## अब हाम्रो पालो

दसैं र तिहारलाई समय सुहाउँदो बनाउन हालै काटिएका सरकारी बिदाहरूजति थप्नुपर्छ ।

**दिनेश न्यौपाने (२१), बलाम, स्याङ्जा**

पानी नपर्ने महिनामा यी महान् चाडपर्वलाई सारिनुपर्छ, साथै सारा नेपालीलाई सहज हुने महिना छान्नुपर्छ ।

**अनिल श्रेष्ठ (१६), भिमान, सिन्धुली**

दसैंमा काटमार नगर्ने, सेलरोटी खाने र तिहारमा चाहिँ काटमार गर्ने, अष्टमी-नवमी मनाएर मासुको परिकार पूर्ण भोजन खाए समय सुहाउँदो बनाउन सकिन्छ ।

**अजय**

दानवको नाउँमा निमुखा पशुको बलि दिने काम अनि फजुल खर्च नगरे दसैं-तिहारको परम्परा समय सुहाउँदो हुनेछ ।

**हर्षल कुशल (१७), चुनदेवी**

दसैं-तिहारमा गरिने अनावश्यक फजुल खर्च कम गरे यसलाई समय सुहाउँदो बनाउन सकिन्छ ।

**अमृता घिमिरे (१७), गोरखा**

दसैं-तिहार रमाइलो गरी मनाऔं, जिन्दगीमा के छ र, इन्जोय गर्ने त हो बाँचुन्जेल ।

**प्रेम कान्छा मगर, तानसेन, पाल्पा**

दसैं-तिहारको परम्परालाई सयम सुहाउँदो बनाउन मालश्री धुनको सट्टा र्‍याप गीतहरू बजाउनुपर्छ । अन्य पहिरनको सट्टा हिपहप पहिरन लगाउनुपर्छ र अन्य परिकारको सट्टा पिज्जा, बर्गर तथा आइसक्रिम खानुपर्छ । यही हो अहिलेको समय सुहाउँदो विधि ।

**अनिल पोखरेल, इटहरी, सुनसरी**

सरकारले राज्यको आर्थिक स्थितिमा सुधार तथा जनताले आफ्नो धर्म एवं संस्कृतिको आदर गर्नुपर्छ ।

**शशीकान्तकुमार गुप्ता (१९), पर्सा**

मारकाट तथा बलिप्रथा तथा जाँड-रक्सी एवं जुवातासलाई परम्पराको नाममा चलाउनेहरूमाथि कडा कानुन बनाएर कारवाही हुनुपर्छ ।

**मुक्ति अधिकारी, स्याङ्जा**

घाँटी हेरी हाड निल्नुपर्छ भन्ने उखानको पालना गरी सँगसँगै धार्मिक सहिष्णुता कायम गर्नुपर्ला ।

**चिन्तन 'बी', कैलाली**

अहिले जताततै डिजिटलको चलन आएको छ, त्यसैले दसैं र तिहारको परम्परालाई पनि डिजिटलमा ढाल्नुपर्छ ।

**टीकाराम अर्याल, गल्कोट, स्याङ्जा**

दसैंमा बलि चढाउने अनि तिहारमा जुवातास खेल्ने र रक्सी पिउने परम्परा तुरुन्त रोक्नुपर्छ ।

**सुबिन श्रेष्ठ, हेम्जा, पोखरा**

पैसा न कौडी टिकी ट्याँस-ट्याँस/ मनाउनै छाडिदिए टन्टै साफ हुन्यो ।

**विदुरविक्रम शाह, कैलाली**

अनगिन्ती झ्याउरे दलले ३ सय ६५ दिन नै नेपाल बन्द र चक्काजाम गरेपछि, दसैं र तिहार के गर्नुपर्ला ? सोच्ने जिम्मा तिनै झ्याउरे दलहरूलाई छाडिदिएँ मैले त ।

**केशव परियार, कैलाली**

जे छ सन्तुष्ट हौं, जे छैन, कल्पना गरेर दसैं होइन, दशा नरोजौं । यति गरे दसैं होइन दशा पनि कटाउन सकिन्छ ।

**रोशन एक्वै, माईस्थान, महोत्तरी**

दसैं र तिहारको वातावरणलाई लोकतान्त्रीकरण गर्नुपर्छ ।

**राम रानामगर, स्याङ्जा**

दसैं-तिहार संविधानसभा हो र समय सुहाएन भन्दै सार्ने । यत्तिकै ठीक छ, नत्र कति वर्ष लाग्ने हो दसैं-तिहार आउन ?

**कृष्ण हुमागाईं, रौतहट**

हिजोआज जुनसुकै काम पनि सडकमा गर्ने चलन बढेको छ । त्यसैले सडकमै खसी काटेर भतेर लगाएर सडकमै नाच्ने, सडकमै सुत्ने, सडकमै टीका-जमरा थाप्ने ।



तस्बिर : नवराज वाग्ले

**गणेश पराजुली, धरमपुर, झापा**

प्लेन चार्टर गरेर आकाशमा दसैं-तिहार मनाउनुपर्छ । भुईंमा त राजनैतिक पार्टीहरूले टेक्ने दिन छाडिहाले ।

**विष्णु ढकाल, बिर्तामोड**

यो प्रश्न त नेपाली कांग्रेस, एमाले, माओवादी, मधेसी जनअधिकार फोरम, ज्वाला सिंह, गोइत, लिम्बुवान, खुम्बुवान, थरुहट आदि पार्टीका नेताहरूसँग सोध्नुस् न ।

**तिलप्रसाद चौलागाई, जुम्ला**

सबै परिवार भेला भएर रमाइलो गर्दै टीका लगाएर लिङ्गे पिङमा चच हुई गर्दै मनाउन पाए राम्रो हुन्थ्यो नि ! तर सपनामा देख्न त सकिएला, बिपनामा मनाउन भने गाह्रो भैहाल्यो ।

**-ननकुमारी चौधरी, घोराही, दाङ**

नवदुर्गाको मूर्ति बनाएर पूजा गर्नुको साटो सात पार्टीका नेताका मूर्ति बनाएर पूजा गरी त्यो मूर्ति नदीमा सेलाएर मनाउनुपर्ला, यसो गरे देशमा शान्ति आउँथ्यो कि ?

**दुर्गा थापा, बाँके**

सम्पादक दाइ, मेरा लागिचाहिँ दसैं नआए हुन्थ्यो । के गर्नु ? आफूलाई कतैबाट दक्षिणा आउँदैन । आफूले भने खोलामा पानी बगाएजस्तो पैसा बगाउनुपर्छ । त्यसैले आफ्नो त मुटु नै कुटुक्क दुख्छ, दसैं-तिहार आउनुभन्दा एक महिनाअघिदेखि नै.... ।

**एस. दवाडी**

थरीथरीका क्रान्तिकारीहरूले मान्छे काट्ने काम बन्द गरेदेखि दसैं-तिहार आफैं रमाइलो हुँदै जान्छ ।

**नरेश बस्नेत, जाजरकोट**

रक्सीको साटो कुभिन्डोको मार हान्नुपर्छ । सोमरसको साटो स्वामी रामदेव ब्रान्ड लौकाको जुस पिउनुपर्छ, दसैं त्यसै समय सुहाउँदो हुन्छ ।

**शान्ता रोकाया, सुर्खेत**

आफूलाई त खरानी घसेर चिम्टा र कमन्डलु बोकेर बनारसतिर भाँसिऊ कि जस्तो लागिरहेछ । अरू बियर र मासु खान्छन्, आफूले भने उसिनेको लौका खानुपर्छ । के गर्नु डाइबिटिजले छोइहाल्यो ।

**आदिप्रसाद न्यौपाने, जुम्ला**

समय सुहाउँदो बनाउन टेन्सनै छैन । केटालाई केटी र केटीलाई केटाको जोडी मिलाइदिएर नगरकोटमा तीन दिन तीन रात नि:शुल्क रमाइलो गर्ने व्यवस्था सरकार आफैंले मिलाइदिनुपर्छ ।

**बेनकुमार गौतम, इटहरी**

वर्ल्डकप फुटबलजस्तो चार-चार वर्षमा मनाउनुपर्छ ।

**ललितकुमार किस्कु, नेपालगन्ज**

संविधानसभाको निर्वाचन पटक-पटक सारेझैं दसैं-तिहार पनि सार्दै अन्त्यमा सधैंका लागि बिदा गर्नुपर्छ ।

**भूपेन्द्र बराल, भरौल**

टोलटोलका मानिसहरू खुल्ला ठाउँमा भेला भएर एक दिन मात्र रमाइलो गरी मनाउनुपर्छ ।

**मुकेश तिम्सिना, फिक्कल**

सर्वप्रथम त दसैं र तिहार असोज-कात्तिकको साटो पुस-माघमा सार्नुपर्छ । गर्मीमा पखालाले हैरान पार्छ, जाडोमा मनाउन पाए पच्थ्यो कि ?

**कमल क्षेत्री, दैलेख**

आधुनिक युगअनुसार चल्नुपर्छ । इन्टरनेटमै खसी काटेर इन्टरनेटमै टिको थाप्ने प्रविधिको विकास गर्नुपर्छ ।

**महेश कटुवाल, झुम्का, सुनसरी**

खै ! कसरी पो मनाउने भन्नु ? आफ्नो त बाल्टीमोरमा तेलको पाइप समातेरै जिन्दगी बित्लाजस्तो छ ।

**दिनेश कार्की, बाल्टीमोर, अमेरिका**

पोहोर सालको ऋण अझै तिर्न सक्या छैन । यसपालिको दसैं-तिहार कसरी पो मनाउनु खोइ ? दसैंका बेला साप्ताहिकले ५०-५० हजार बाँड्ने परम्परा थाल्नुपर्‍यो सम्पादकज्यू ।

**श्यामकुमार चौधरी, बर्दिया**

यसपालिको दसैंचैं पेट्रोलपम्पकै लाइनमा बसेर मनाइन्छ ।

**विजयराज बाग्ले, कोटेश्वर**

आफू त संगीतकार मान्छे । घर गएर सांगीतिक दसैं मनाउँला भन्ने सोचेको थिएँ । गाडीको टिकट नै पाइएन । आ.... बाइकमा जान्छु भनेर पेट्रोल खोज्न हिंडेको, थोपै पाइएन । नपुगिने भइयो घर, न त बज्ने नै भो बाजा । यही काठमाडौं कन्टेरनमै सागको सुकुटी खाएर मनाइदिन्छु दसैं र तिहार ला्‌ जा्‌ ।

**राम कार्की, महादेवस्थान**

## सन्देश

सिर्जना, विजयादसमीको पावन अवसरमा तिम्रो सुस्वास्थ्य एवं दीर्घायुको शुभकामना ।

**आर.पी.**

इन्दिरा, के छ हालखबर ? किन तिमी मसँग रिसाएको ? प्लिज एकपटक भए पनि म तिम्रो दर्शन गर्न चाहन्छु साथै विजयादशमी तथा दीपावलीको हार्दिक शुभकामना ।

**७५ आईडी**

राजकुमार, आनन्द, सुमन, अनिल, निरञ्जीवी, आरती, कमला, इन्दिरा, कल्पनाका साथै कक्षा १२ को परीक्षा दिएर बसेका सम्पूर्ण साथीहरूमा विजयादशमी तथा दीपावलीको हार्दिक शुभकामना ।

**दल थापा**

सुमन, कुमार, हीरा, राकेश, निर्मल, लक्ष्मी, विनोद, प्रमिला, सविता, सरिता, शर्मिला, मैयाका साथै सम्पूर्ण साथीहरूलाई लाखौंलाख सम्झना, अपार माया अनि विजयादशमीको हार्दिक शुभकामना ।

**भीमसेन दर्शनधारी**

साथीहरू सुमन, भीमसेन, राकेश, विनोद, लक्ष्मी, रामभक्त, निर्मल, रूपमान, प्रमिला, सरिता, सविता, शर्मिला, नारायणी, मनिता, बनिता आदिमा विजयादशमीको शुभकामनाका साथै माया एवं सम्झना ।

**हीराकाजी बज्राचार्य**

वि., नवदुर्गा भवानीले तिमीजस्ती महान नारीलाई जलिरहेको अरूको आत्मामा मल्हम लगाउन तथा उदार रूपमा प्रस्तुत हुनसक्ने शक्ति प्रदान गरून् । साथै तिम्रो सम्पूर्ण परिवारमा विजयादशमी तथा दीपावलीको मंगलमय शुभकामना ।

**हिमाल**

मलाई चिन्ने र नचिन्ने समस्त साथीहरूलाई विजयादशमी तथा छठको अवसरमा उत्तरोत्तर प्रगतिको शुभकामना ।

**Vishal-badshah**

विजयादशमी तथा दीपावलीको पावन अवसरमा सुस्वास्थ्य, दीर्घायु एवं हरेक कार्यमा सफलताका लागि माता दुर्गाले शक्ति प्रदान गरून् । परिवारमा सदा खुसियाली छाओस् भन्दै हृदयदेखि नै लाखौंलाख शुभकामना ।

**ज्योति**

नेपालीहरूको महान् चाड विजयादशमी तथा दीपावलीको सु-अवसरमा साथीहरू पुस्कर, मनोज, भरत, प्रेम, केशव, सविना, कोपिला, पाण्डे, निराजन, प्रीति, राजन, कमल, बलु, ज्ञानु, भावना, अर्जुन, शालिग्राम, रोशन, कार्की प्रभात, नवीन, सोना, सलिना, शर्मिला, सुष्मा बिष्ट, मनिका, राजु, मिङ्मा, भवानी, दीपक तथा ममितालाई हार्दिक शुभकामना ।

**रुद्र**

विजयादशमी तथा दीपावलीको सुअवसरमा यामु, लक्ष्मी, मेनुका, मोनिका, अभिलाषा, चन्द, दाइ नारायण, मुक्ति, कृष्ण, कुमारलगायत दीपा, मीना, शिवु, समीक्षा, प्रतीक्षा, फुलु, भाउजू तेस तथा राजेशलाई हार्दिक शुभकामना ।

**दिनेश शर्मा**

भानुभक्त बहुमुखी क्याम्पसमा अध्ययनरत सबैमा विजयादशमी तथा दीपावलीको हार्दिक शुभकामना ।

**दिनेश शर्मा**

राम, समीर, रविन, मनीष, जितेन्द्र, केशव, लालकाजी, जगत, तपन, देविका, बहिनी मन्जिला, बहिनी तारा, पवित्रा तथा दिदी अञ्जुलाई विजयादशमीको हार्दिक शुभकामना ।

**दीपक चाम्लिङ राई**

सुख, शान्ति र समृद्धिको कामना गर्दै होलीकेयर स्कुलका शिक्षक-शिक्षिका, विद्यार्थी एवं चिरपरिचित सम्पूर्ण इष्टमित्रहरूमा विजयादशमी तथा दीपावलीको हार्दिक शुभकामना ।

**आइसिंह डी तामाङ**

आजको सांसारिक मोह र भौतिकवादी समाजबाट अलि टाढा रहेर मानववादी चिन्तनका साथ बाँच्ने प्रयास गरौं, सम्पूर्ण बन्धुबान्धवहरूमा विजयादशमी एवं दीपावलीको हार्दिक शुभकामना ।

**kirat4sunuwar@yahoo.com**

विजयादशमी तथा दीपावलीको सु-अवसरमा सम्पूर्ण प्यूटारवासी साथीहरूलाई मंगलमय शुभकामना ।

**प्रदीप**

मित्रहरू दीपक, केशव, विक्रम दाइ, लक्ष्मी भाउजु, तमन्ना दिदी, अंकल, आन्टी, भाइबहिनीहरूका साथै पत्रमित्र साथी मेनुकालाई विजयादशमी तथा दीपावलीको हार्दिक शुभकामना ।

**रविन मगर**

विजयादशमी तथा दीपावलीको पावन अवसरमा साथीहरू अनिता, अम्बिका, विष्णु, विनीता, चम्पा, दुर्गा, देवकी, गीता, गोपाल, गरिमा, हिमा, हेमन्त, इन्दिरा, ज्योति, कविता, कृष्मा, कोपिला, मैयाँ, प्रमोस, प्रकृति, प्रतिमा, प्रमिला, रोशनी, रेणु, रूपा, सरस्वती,


तस्विर : साइबर संसार डटकम

सुनिता, सुवास, शरद, सरू, सरिता, सीता, सावित्रीका साथै बहिनीहरू बबिता तथा भावनालाई हार्दिक शुभकामना ।

**रूपक सुवेदी**

रितु, विजयादशमी तथा दीपावलीको मंगलमय शुभकामना । तिम्रो सफलता, सुस्वास्थ्यका साथै दीर्घायुको कामना गर्दछु ।

**राजु**

खोटाङ घर भै हाल काठमाडौंमा बसोबास गर्दै आएका मनिकुमार, इन्द्र, मोहन, सीमा, रेनुका, भाउजू शशीकला, भतिज अनमोल र राजाराम, दिलीप, जयकला, राजेन्द्र, भूमिका, सोल्टिनीहरू निना, निशु, नाना अप्सरा, भेना दीपेन्द्र, भाञ्जा प्रदीप, भाञ्जी सुस्मिता, परिचित मित्रहरू तेज थुलुङ, सन्तोष, प्रवीण दाइ, रोशन थुलुङ, हरि तथा नारायणलाई विजयादशमीको हार्दिक शुभकामना ।

**आकाश राई**

विजयादशमी तथा दीपावलीको पावन अवसरमा सप्तरी कदमाहामा बस्ने मेरा हजुरआमा, आमाबुवा दाजु/भाउजु विजय/अञ्जु, दिदीहरू अनिता, रञ्जु, रेनुका, गंगा, रिमा, प्रभा भतिज, आदित्य, भान्जा सन्दर्भ, सौरभ दाजु, सुरेश, भाइ नरेन्द्र, सोल्टीहरू इन्दु, सञ्जु, सचिन, सोल्टाहरू धर्मेन्द्र, सुरेश, सुजित, पशुपति तथा म पढेको विद्यालय कुशहा-५ सप्तरीका सम्पूर्ण सरहरू, विद्यार्थी दाजुभाइ, दिदीबहिनीहरू लगायत काठमाडौंको सहिद स्मारक +२ मा पढ्ने सम्पूर्ण साथीभाइ तथा स्कुलमा अध्ययनरत सम्पूर्ण भाइबहिनीहरूमा सुख तथा शान्तिको शुभकामना ।

**अजयकुमार चौधरी**

कान्छी, तिमीजस्ती सुवासिली छैन कोही अरू, मेरो मनले तिमीलाई रोज्यो त म के गरूँ ? विजयादशमीको हार्दिक शुभकामना ।

**सविन**

नेपालीको महान् चाड विजयादशमी तथा दीपावलीको शुभउपलक्ष्यमा दाजुहरू राजन, मिलन, लक्ष्मण, निराजन, निशान, प्रकाश, विष्णु 'एलबीन', प्रमोद, मनोज, सुनिल, दीपनारायण लगायत दिदीहरू मिरा, अञ्जना, कञ्जन, तारा अनि सम्झना, सिर्जना, रञ्जना भाइ प्रदीप, अभिषेकमा यो भाइको तर्फबाट लाखौंलाख शुभकामना ।

**अजय**

परिचित तथा अपरिचित मित्रहरूका साथै जुना, मुना, चन्द्रा, इन्दु, निसा, अनुपा, कमला, कल्पना, शारदा, सुस्मिता एवं मीनालाई सफल जीवनका लागि हार्दिक शुभकामना ।

**हजुरबा**

सुकु, कालान्तरसम्म फोन नगरे पनि भेट्न नआए पनि माया नमार्नु । उच्च शिक्षा हासिल गर्नु र ठूलो मान्छे बन्नु । मेरी जीवनदाता तिमी र तिम्रो पारिवारिक सुख-सुस्वास्थ्य एवं उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभकामना ।

**डिलबहादुर**

धादिङ जोगीमारा बस्ने घरपरिवार, सम्पूर्ण आफन्तजनका साथै खड्का परिवार, मामा भरत, दाइहरू पुष्प, हरिराम, शम्भु, जीवन, कतारमा कार्यरत मामाहरू महेन्द्र, वकिल, दीपेन्द्र, अंकलहरू मदन, राजन, काजी दाइ र मसँगै काम गर्ने साथीहरू एवं विशेषगरी साउदी अरबमा कार्यरत भाइ रामचन्द्र अधिकारीलाई विजयादशमीको मंगलमय शुभकामना ।

**प्रकाश डी.सी.**

भाइ केशव रानामगर, हरेक पाइला सफलताले चुमोस् । तिमी जुन काम गर्दैछौ त्यो काममा सफलता मिलोस् अनि दुर्गा भवानीले सधैं तिमीलाई साथ दिऊन् । तिम्रा हरेक मनोकामना पूरा हुन्, विजयादशमीको लाखौंलाख शुभकामना ।

**लक्ष्मी आलेमगर, हङकङ**

विजयादशमी तथा दीपावलीको सु-अवसरमा मेरो समस्त परिवारमा उत्तरोत्तर प्रगतिको कामना । विशेषतः श्रीमती कमलालाई । साथै गीतकार भुपेन्द्र खड्का तथा उहाँको परिवारको उज्वल भविष्यको कामना गर्दछु । त्यस्तै रीता, बाबुराम, अर्जुन, गणेश, दुर्गा, ईश्वर, शम्भु, दुर्गा रानालगायत मलाई चिन्ने सबैमा उत्तरोत्तर प्रगतिको कामना ।

**कमल जी.सी.**

प्यारा आमाबुबा, दाजुभाउजु, दिदीभेनाहरूमा विजयादशमीको मंगलमय शुभकामना । टुकडा र जेसस, अनिसा, सोनी, कृष्टिना, साधना, केल्बिन, सहदीप तथा जिससमा आशीर्वादका साथै सम्पूर्ण नातागोतामा सुख एवं समृद्धिको कामना ।

**बहिनी-ज्वाइँ**

सम्पूर्ण देशवासी तथा मान्यजनहरूमा विजयादशमीको हार्दिक शुभकामना, विशेषगरेर विनीता, प्रतीक्षा, प्रतिज्ञा, सुमिका, रुमिना एवं सरोजमा ।

**आर.एल.**

सकारात्मक सोच एवं कर्तव्यबोध गर्न सके जीवन सार्थक बन्छ । सम्पूर्ण नेपालीहरूमा विजयादशमी एवं दीपावलीको हार्दिक शुभकामना ।

**myheartbeat-jj2003@yahoo.com**

आत्मीय मित्रहरू कृष्णलक्ष्मी, निकिता, सपना, प्रेमलक्ष्मी, पवित्रा, अनिता, सुनिता, संगीता, निष्ठा, सरस्वती, रेश्मा, उर्मिला, सत्यदेवी, मुना, मन्दा, करुणा, प्रेक्ष्या, ईश्वरी, रुस्तम, बाबुकाजी, रत्न, सिर्जना, विद्या, प्रतिमा, रिमा, रजनी, पुनम, मालती, अविनालगायत मलाई चिन्नुहुने सम्पूर्ण मित्रमा विजयादशमी तथा दीपावलीको हार्दिक शुभकामना ।

**विनय श्रेष्ठ**

प्रिय मित्रहरू एलिना, खुस्बु, सन्तोष, सम्झना, सरिता, सौभाग्य, ध्रुव, रेखा (अन्जु), नमिता, जिनिता, कल्पना, सरिता, सुनिता, सन्जिता, गिता, कल्पना, माया, अपेक्षा, कमल, दिनेश, प्रभात, घनश्याम, सुशीलामा विजयादशमीको हार्दिक शुभकामना ।

**प्रकाश तिमिल्सेना**

कमल, जनक, गणेश, इशान, किस्मत, सन्त, सुरेन्द्र, दीपेन्द्र, राजु, नारायण, विनोद, विजय, पूर्ण, कुमार, पारस, प्रकाश, शम्भु, बिरु, दिलकुमार, पवेन्द, शेरबहादुर, भीम, सूर्य, बुद्ध, सुमन, रोहित, दिदीबहिनीहरू ईशरा, सहारा, विमला, कुसुम, सविता, सविना, प्रमिला, सुनिता, सुशीला, सिर्जना तथा काकाकाकीहरूलाई विजयादशमी तथा दीपावलीको हार्दिक शुभकामना ।

**मिलनकुमार थिङ**

बडादसैंको पावन अवसरमा सम्पूर्ण नेपालीहरूको घरदैलोमा दुर्गा माताले बास गरून् र देशमा सुख, शान्ति एवं एकता छाओस्, मंगलमय शुभकामना ।

**कमल आले**

विजयादशमी तथा दीपावलीको सु-अवसरमा बहिनीहरू दक्षिणा, कविता, गायत्री, राधिका, पूर्णिमा र आन्टी दीपा, मामा वीरेन्द्र, भाइ वीरेन्द्र र हेमसागर, दिदी शान्ति तथा पुष्पा, ज्ञानु, कल्पना, सिसम एवं अञ्जितालाई हार्दिक शुभकामना ।

**दीपेन्द्र देउवा**

सद्भाव बाँडौं मायाको
छरेर शान्ति सन्देशको
जीवन सबैको रक्षा गरून्
गर्दछु कामना सधैं म
श्री नवदुर्गा भवानीको... ।
विजयादशमी तथा तिहारको शुभकामना ।

**sandesh-thapa84@yahoo.com**

पृष्ठ १९ मा जारी

# अर्थपूर्ण हुनुपर्छ उपहार

कुनै विशेष अवसर, चाडवर्प वा खुसीको बेला हामी हाम्रा मित्रजन, शुभचिन्तक, आफन्तजन वा अन्य परिचित एवं नजिकका व्यक्तिलाई कुनै न कुनै उपहार प्रदान गर्छौं । परन्तु कहिलेकाहीं हाम्रा उपहारहरू औचित्यहीन हुन्छन् । अतः कसैलाई कुनै उपहार प्रदान गर्दा त्यो व्यक्तिको आयु, रुचि, परिस्थिति, आवश्यकता एवं ऊसितको आफ्नो सम्बन्धलाई ध्यानमा राख्नुपर्छ, जसले गर्दा आफूले दिएको उपहारको अर्थ रहोस् र त्यसको महत्त्व पनि बढोस् ।

**बालबालिकाका लागि**

बालबालिका तथा खेलकुद एक-अर्काका पर्याय हुन् । बालालिकालाई खेलौनाहरू अत्यन्त प्रिय लाग्छन् । अतः बालबालिकालाई उपहार दिंदा इन्डोर वा आउटडोर खेलकुदका सरसामान दिन सकिन्छ । कमिक्स र कार्टुनको पनि रुचि हुने भएकाले उनीहरूलाइ कमिक्सका साथ किताब, कार्टुनका मोनो आदि उपहार दिन सकिन्छ । धेरैजसो बालबालिकालाई पहिरन उपहार दिइन्छ । फर अ चेञ्जका लागि आकर्षक चिटिक्क परेका रेनकोट वा छाता पनि उपहार दिन सकिन्छ । स्कुल जाने बालबालिकालाई भने स्कुल ब्याग, वाटर बोतल, लन्च बक्स आदि उपहार दिन सकिन्छ ।

**अग्रजहरूका लागि**

घरका सबै सदस्य सहितको सामूहिक तस्विरलाई आकर्षक फ्रेमिङ गरेर उपहार दिन सकिन्छ । उनीहरूको जन्मदिनमा कुनै अचम्भित तुल्याउने उपहारका साथै परिवारका सदस्यहरू एकत्रित भएर जन्मदिन मनाउन सकिन्छ । कहिलेकाहीं उनीहरूका अभिन्न मित्रलाई उनीहरूले थाहा नपाइकनै बोलाएर भेट गराउन सकिन्छ । यो पनि उनीहरूका लागि अविस्मरणीय उपहार हुन सक्छ ।

**जीवन साथीका लागि**

५ वर्ष वा सोभन्दा बढी समयका लागि बिमा गरेर आफ्नो जीवनसाथीलाई दिन सकिन्छ । बैंकमा उनको खाता खोलिदिन सकिन्छ ।

कुनै खास वातावरण वा अवसरमा खिचिएको युगल तस्विरलाई फ्रेमिङ गरेर उपहार दिन सकिन्छ । एक-अर्कालाई कुनै राम्रो ब्रान्डको परफ्युम उपहार दिन सकिन्छ ।

कतिपय महिलाहरू किनमेल भनेपछि भुतुक्कै हुने भएकाले उनीहरूले सोच्दै नसोचेको तरिकाले किनमेल गराउन सकिन्छ । लङ ड्राइभ लैजानमा वा कुनै राम्रो चलचित्र देखाउन सकिन्छ । डिनर वा लन्चका लागि पनि लान सकिन्छ ।

ज्वलरी, हयान्ड ब्याग आदिप्रति पनि स्त्रीको आकर्षण हुने भएकाले आकर्षक र सुन्दर ज्वलेरी सेट वा हयाण्ड ब्याग उपहार दिन सकिन्छ ।

पतिका लागि भने उनलाई सुहाउँदो खालको सर्ट, टि-सर्ट, टाई, कफलिंक, टाइपिन, वालेट, घडी वा अन्य एक्सेसरिज भेट गर्न सकिन्छ । प्रायः पुरुषहरू इलेक्ट्रोनिक ग्याजेट मन पराउने भएकाले त्यसै अनुसार उपहार दिन सकिन्छ । उनलाई मनपर्ने रेसिपीको स्वाद चखाउन सकिन्छ ।

**मित्रजनका लागि**

संगीतका रुचि राख्ने मित्रलाई उनको रुचि अनुसार गायक-गायिकाका एल्बम, सिडी उपहार दिन सकिन्छ । साहित्यमा रुचि राख्ने साथीलाई राम्रा पुस्तक, उपन्यास, म्यागजिन, बायोग्राफी आदि दिन सकिन्छ ।

बारीबगैंचामा रुचि राख्नेहरूलाई नर्सरीबाट कुनै राम्रा र आकर्षक फूल फुल्ने बिरुवा वा 'इन्डोर-आउटडोर प्लान्ट दिन सकिन्छ । परफ्युम, बडी स्प्रे, घडी, तस्बिर फ्रेम, विन्ड चार्म, अलार्म, क्लका साथै डेकोरेसनका सरसामान, मनी ब्याग, वालेट, कि-चेन, हल्का खालका ज्वेलरी, चकलेट, फेन्टेटिङ पोस्टकार्ड, एरोमा, क्यान्डल, डायरी बुक, फोनबुक आदि उपहार दिन सकिन्छ ।

उपहार दिंदा आफ्नो उनीप्रतिको भावना वा सम्बन्ध झल्कनुपर्छ न कि उपहारको मूल्य । उपहार आपसी सम्बन्धलाई अझ प्रगाढ तथा सुमधुर बनाउने बलियो सेतु हुनुपर्छ, आत्मीयता बढाउने स्रोत हुनुपर्छ न कि आफ्नो आर्थिक सक्षमता दर्शाउने माध्यम । त्यसैले उपहार भावनाले दिनुपर्छ, पैसाको मूल्यले होइन ।



## सन्देश



तस्बिर : साइबर संसार डटकम

आत्मीय साथीहरू, गीता, सीता, राधिका, ईश्वरी, निर्मला, भगवती, विमला, तारा, सुम्निमा, यसोदा, चन्द्रकला, सपना, नारायणी, खिलनाथ, नारायण, आफन्तहरू चिरञ्जीवी, खगेन्द्र, रेवती, विमला, उर्मिला, ममता, शशिकला, कमलाका साथै सम्पूर्ण देशवासीमा बडादसैंको हार्दिक शुभकामना ।

**वैद्यनाथ कोइराला**

विजयादशमीको उपलक्ष्यमा मेरा सम्पूर्ण साथीहरूमा हार्दिक शुभकामनाका साथै उत्तरोत्तर प्रगतिको कामना गर्दछु । विशेषगरी साथीहरू अशोक, रूपक, सुवास, शुक्रराज, यम, आकाश, समिर, राजेन्द्र, अनिता, राधिका, समिता, अनुष्का, सविता, रूपा, शर्मिला एवं संगीतालाई ।

**देवेन्द्र**

दशरथ, महान् चाड विजयादशमी तथा दीपावलीमा म घरमा आउन पाउँछु कि पाउँदिन आउन पाएँ भने टीकाको दिन आउनेछु । घरमा मेरो चिन्ता नलिनुहोला । मलाई आरामै छ र घरमा पनि आरामै होला भनी श्री मनकामना माईसँग प्रार्थना गर्दछु । मेरो सम्पूर्ण परिवार र अन्य साथीभाइ तथा दिदीबहिनीहरूका साथै वालिङ फूलबारी गेस्टहाउस परिवारलाई हार्दिक शुभकामना ।

**हरि रानामगर**

मित्रहरू गंगा, भुवन, दीपक, हिमा, लक्ष्मी, सम्झना, बिन्दा, सुनिता, रोमन, जनक, सरस्वती, उमा, निर्मला, प्रश्ना, जेनिसा, मनोज, बहिनीहरू सिर्जना, रुक्मिणी, निरा, सजिता, शर्मिला, निर्मला, विमला, पूजा, मीठु, जुनु, यमुना तथा धनमायामा विजयादशमी एवं दीपावलीको हार्दिक शुभकामना । विशेषगरी नाम उल्लेख नभएका मित्रहरूलाई ।

**दुर्गाबहादुर माझी**

नेपालगन्जका साथीहरू, बागेश्वरी एफएमद्वारा परिचित मित्रहरू, महेन्द्र बहुमुखी क्याम्पसका साथीहरू, श्री जनजागृति युवा क्लब, सुन्दरवरित, चौरी, कैलालीका सम्पूर्ण सहपाठी एवं दाइहरू अनि नेपाल कलेज अफ इन्फरमेसन टेक्नोलोजी, बालकुमारी ललितपुरमा छैठौं आईटी इन्जिनियरिङका शर्मिला, रजिशा, प्रीति, नरेन, सुदीप, सुजन, टाइगर, चन्द्र, जल्लु, विक्की, विक्रम, ललित अनि स्वयम्भु डल्लुका रमेश बटाला, देवेन्द्र शाही, खकेन्द्र तथा तारालाई सुख एवं समृद्धिको मंगलमय शुभकामना ।

**डी.बी. क्षेत्री**

नेपालीको महान् चाड विजयादशमी तथा दीपावलीको शुभउपलक्ष्यमा घरपरिवार, इष्टमित्र, नातागोतालगायत सम्पूर्ण नेपालीहरूमा मंगलमय शुभकामना ।

**प्रकाश बस्नेत**

सेन दाज्यू, सायद सम्बोधनबाटै थाहा पाउनुभयो होला कसको सन्देश भन्ने । मसँग यसबाहेक अर्को विकल्प रहेन । किनकि तपाईंको फोन नम्बर वा इमेल आईडी पाउन सकिनँ । मैले अज्ञानतावश गरेका गल्ती माफ गरिदिनुहोला । अँ, मैले तपाईंलाई सुरक्षित राख्न दिएको डायरी मेरो घर ठेगानामा पठाइदिनुहोला किनभने त्यसको ओरिजनल कपी पनि अहिले मसँग छैन । विजयादशमी तथा दीपावलीको मंगलमय शुभकामना ।

**khaqesawar-dhakal@yahoo.com**

विजयादशमी तथा दीपावलीको अवसरमा साथीहरू राधा, कृति, गोमा, पवित्रा, देवी, विनीता, पुष्पा, भीमा, गोमा, करिना, बिनु, पुनम, सुन्मा, प्रेशु, मायालु, सुमिना, अनिता, सुवासना, पवित्रा, अमिशा, ममता, माया, एलिसा, रुबि, खिनमाया, झरना, सुनिता, पदमा, सिर्जना, उमालगायत सम्पूर्ण साथीहरूलाई सुस्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना ।

**खेम थापा**

मलेसियामा कार्यरत निर्मल, कुल, हरि, दिलीपलगायत मलाई चिन्ने सम्पूर्ण मित्रहरू तथा मेरो परिवारका सम्पूर्ण सदस्यमा विजयादशमीको हार्दिक शुभकामना ।

**चिरञ्जीवी अर्याल**

हाई रोज, सञ्चै हो ? घरमा कस्तो छ ? दिदीबहिनी, अंकल आन्टी, हजुरबा-हजुरआमाको हालखबर के छ ? विजयादशमी एवं दीपावलीको मंगलमय शुभकामना । यसपालिको विजयादशमी एवं दीपावलीले तिमीलगायत तिम्रो घरपरिवारमा हर्षोल्लास ल्याओस् । तिम्रो जिन्दगीको मार्ग बदलियोस्, तिम्रो चाँडै रिसाउने बानी हटोस् ।

**मोटु**

विजयादशमी तथा दीपावलीको सु-अवसरमा मित्रहरू विष्णु, ऋषि, पवन, ध्रुव, गीता, दीपा, मीना, अंकल तथा कृष्णलाई मंगलमय शुभकामना ।

**रानु पौडेल**

विजयादशमी तथा दीपावलीको सु-अवसरमा गीता, वसन्त, सुलभ, कृष्ण, मीना अन्टी, शारदा दिदी तथा परिवार, विष्णु दिदी तथा परिवार, लक्ष्मी दिदी तथा परिवार, घनश्याम तथा परिवार, मावली परिवारलगायत सम्पूर्ण आफन्तलाई हार्दिक शुभकामना ।

**रानु पौडेल**

विजयादशमी तथा दीपावलीले सम्पूर्ण देशवासी तथा मलाई चिन्नुहुने सबैलाई विशेष गरी निष्ठुरी एसलाई उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक शुभकामना ।

**सोम**

दसैं-तिहार वर्षमा केवल एकपल्ट मात्र आउने उत्सव हुन् । त्यसैले प्रत्यक्ष-अप्रत्यक्ष रूपले परिचित सम्पूर्ण मित्रहरूमा हार्दिक शुभकामना । यदि भूलवश तपाईंहरूको चित्त दुखेको भए यो चाडसँगै रिसराग त्यागेर नयाँ उमंगसाथ आफ्नै मान्छे सम्झिनुहोला । कतै तपाईंहरूले मलाई बिर्सनु त भएको छैन ? बिर्सिएको भए यही दसैं-तिहारको अवसर पारी पुनः सम्पर्कमा आउनुहोला । दसैं तिहारमा खुसियालीका अतिरिक्त तपाईंमा सुख, शान्ति, सफलता एवं मित्रताको उमंग उजागर होस् । जीवन इतिहासको एउटा कोसेढुंगा सावित होस् यो दसैं-तिहार ।

**केडी कुलुङ राई**

# दसैंका बेला समाजसेवा

पृष्ठ ५ बाट जारी

बन्दीपुरको विकास गर्ने योजना बनाए । बन्दीपुरमा जन्मी हुर्किएकाहरूले वर्षमा एकपल्ट गाउँ जानैपर्ने नियममा हस्ताक्षर पनि गराए । बन्दीपुरमा आफूले जानेका काम गर्नुपर्ने नियमका कारण बन्दीपुरले काँचुली फेरेको श्रेष्ठको दावी छ । यो नियमपछि दसैंजस्तो पर्वमा बन्दीपुरमा सहरवासीहरूको भेला हुन्छ । सबैले आफूले सकेअनुसारको सुझाव एवं आर्थिक सहयोग गर्छन् । श्रेष्ठ शिक्षाविद् भएकाले उनले बन्दीपुरमा रहेको भानु माध्यमिक विद्यालयमा विदेशी शिक्षक ल्याएर तालिम दिँदै आएका छन् भने तनहुँका २० वटा विद्यालयका शिक्षकलाई आफ्नै खर्चमा विदेशमा तालिमका लागि पठाउँदै आएका छन् । यसैगरी उनले दलितका लागि विशेष शिक्षा अभियान प्रारम्भ गरेका छन् । यसका लागि जिल्लाका बन्दीपुर, मोहरिया, बेसिटारजस्ता स्थानमा विद्यालय भवन निर्माण भएका छन् । आफूले जानेको कुरा गाउँलाई दिन पाउँदा खुसी लाग्छ । भन्दै यसपटकको दसैंमा विज्ञहरूसँग बसेर छलफल गर्ने तयारी गरिरहेका श्रेष्ठ भन्छन्– 'यसपटक पनि गाउँको शिक्षामा के आवश्यकता छ, त्यही आवश्कता पूरा गर्ने योजना बनाएर फर्कन्छु ।

चार्टड एकाउन्टेन्ट हरि सिलवाल काठमाडौंमा मध्यम स्तरको जीवन बिताउँछन् । यद्यपि जति कमाउँछन्, त्यसको केही प्रतिशत आफु जन्मी हुर्किएको गाउँका लागि खर्च गर्छन् । उनले २०५७ सालदेखि अनौपचारिक रूपमा गाउँसेवा गर्न थालेका हुन् । आफ्ना आमा-बुबाका नाममा 'लेखमणि-सावित्री प्रतिष्ठान' खोलेका सिलवालले २०६१ सालदेखि औपचारिक रूपमा गाउँमा शिक्षासम्बन्धी कार्य प्रारम्भ गरेका हुन् ।

चितवनको वीरेन्द्रनगर गाविसमा उनले सबैलाई अनिवार्य प्राथमिक शिक्षाको नारा अघि सारेका छन् । उनको गाउँमा विद्यालय नजाने बालबालिकालाई खोजेर विद्यालय भर्ना गर्ने, उनीहरूलाई अध्ययन गर्ने वातावरण मिलाइदिने कार्य हुँदै आएको छ । सिलवाल आफूले आम्दानी गरेको रकमबाट वार्षिक ८० हजार रुपैयाँ त्यसमा खर्च गर्छन् । सामान्य अवस्थामा आफूलाई फुर्सद नहुने भएकाले सिलवाल दसैंमा गाउँ गएका बेला प्रतिष्ठानको योजना बनाई आवश्यक रकम दिन्छन् । म विदेशी सहयोगले हाम्रो गाउँको विकास हुन्छ भन्ने विश्वास गर्दिनँ, सिलवाल भन्छन्– 'हरेक व्यक्तिले आफ्नो गाउँका लागि थोरै मात्र योगदान गर्ने हो भने विदेशी दाताको आवश्यकता नै पर्दैन ।'

# सेलिब्रेटीको गाउँ

पृष्ठ ५ बाट जारी

कुम्राटोल ढल्केबरबाट १० किलोमिटर पूर्व गएपछि धनुषाधाम जाने मार्गमा गएर ठोकिन्छ । उक्त मार्गबाट दुई किलोमिटर दक्षिणतर्फ लागेपछि मात्र कुम्राटोल पुगिन्छ । यही कुम्राटोलका जमिन्दार हुन्- गायक अरुण कार्की । मगर, गुरुङ, यादव, साह आदिको बस्ती रहेको यज्ञभूमि गाविसमा दसैंका अवसरमा ठूलो मेला लाग्छ । यो मेलामा नौटङ्गी, नाच तथा जुवाको ठूलो रमझम हुन्छ ।

गायक अरुण कार्की गाउँका साथीहरू बटुलेर उक्त मेला भर्न पुग्छन् । उनी जुवा त खेल्दैनन्, तर अरूलाई पैसा सापट दिएर भए पनि जुवा खेल्न उक्साउँछन् । पिङ उनलाई मन पर्ने खेल हो । गर्मीमा पसिना चुहाउँदै उनी खेत-खेत चहार्छन् । वर्षमा एकपटक मात्र गाउँ जाने मौका मिल्ने भएकाले उनी आफ्ना सबै साथी-सँगीलाई भेट्न बिर्सदैनन् । अरूतिर मधिसे-पहाडेबीच द्वन्द्व चर्किएको भनिए पनि उनी आफ्नो गाउँमा कुनै किसिमको समस्या नभएकोमा खुसी छन् । यसपटक पनि मधिसे-पहाडे मिलेर दसैंको मेलामा रमाइलो गर्ने उनको योजना छ ।

काठमाडौंमा आफ्नो स्थानका लागि संघर्ष गरिरहेका अरुण कार्की गाउँमा भने ठूला सेलिब्रेटी भएका छन् । 'तिमी ठूला मानिस भयौ' भन्दै अरुण घर गएका बेला घेरा हाल्ने गाउँलेको संख्या ठूलै हुन्छ । 'तिम्रो सपना पूरा भयो, हामी खुसी छौं' भन्दै अरुणलाई घर-घरमा बोलाएर खाना ख्वाउनेहरू पनि बढेका छन् । 'उनीहरू कुन मितिमा कति समय मेरो गीत टेलिभिजनबाट प्रसारण भयो, कण्ठस्त सुनाउन सक्छन् । रेडियोमा कतिपल्ट गीत बजे गणना गरेर राखेका हुन्छन् ।' अरुण भन्छन्, 'मेरो गाउँबाट टेलिभिजनमा देखिने म मात्र भएकाले पनि उनीहरू मैले नै कुम्राटोलको इज्जत बढाएको मान्छन् ।'

अरुण सानो छँदा मध्यदिनको १२ बजे एउटा अमलाको रूखमा चढेर गीत गाउन थाल्थे । दिउँसोको चकमन्नतामा उनको स्वर गाउँभरि छरिन्थ्यो । उनको गीतबाट प्रभावित हुनेहरू रूखमुन्तिरबाट अर्को गीत गाउने आग्रह गर्थे, त्यसलाई पनि उनी त्यसैगरी गाइदिन्थे । यो सिलसिला २०४८ सालसम्म चल्यो । अरुणको गीतप्रतिको लगाव देखेर गाउँलेहरू एक दिन यो ठूलो मानिस हुन्छ भन्थे । नभन्दै आजभोलि टेलिभिजन तथा रेडियोमा उनको गीत प्रसारण भएपछि कुम्राटोलमा मात्र होइन, गोदारक्षेत्रमै उनी विशेष रूपमा मानिएका छन् । यसपटकको दसैं मनाउन अरुण हिजो बिहीबार नै त्यसतर्फ हुइँकिसकेका छन् ।

जमुना र सान्नानीजस्ता गीत गाएर लोकप्रियता हासिल गरेका बाबु बोगटीको गाउँ मोरङको उत्तरी गाउँ लेटाङ हो । पूर्वपश्चिम राजमार्ग कानेपोखरीबाट १८ किलोमिटर उत्तरमा पर्ने लेटाङ जंगलको बीचमा पर्छ । युवाहरूबीच बाबु बोगटीका नामले चिने पनि गाउँमा उनलाई सुमन भनेर बोलाइन्छ । आफ्नो गाउँमा बूढापाखाहरू जम्मा भएर 'लौ सुमने नाम राखिस्, स्याबास' भनेर धाप दिने गरेको बाबु बोगटीले बताए ।

घरमा पनि उनलाई सुमन भनेर बोलाइन्छ । यता विद्यालयका साथीहरू उनलाई बाबुराम भनेर बोलाउँछन् । विद्यालयमा राखिएको बाबुराम नै छोट्टिएर बाबु भएको बोगटीको कथन छ । यसपालिको दसैंमा चाँडै लेटाङ पुगेका बाबुले मोबाइलबाटै भने- 'म त दसैंका लागि घर जाँदैछु । यसपटक जमेर तोङ्बा खाने योजनामा छु ।'

लेटाङमा यसपटक उनी लंगुरबुर्जा खेल्ने योजनामा छन् । आफ्ना पुराना साथीभाइ जम्मा गरेर जंगल घुम्न जाने योजना पनि बनाएका छन् । दिउँसो गर्मी हुने भएकाले साथीहरूसँग जंगलका छाहारीमा पहिलेझैं मन खोलेर कुरा कुरा गर्ने उनले बताए । 'गाउँमा पुगेपछि म सेलिब्रेटी हुँ भन्ने फिल नै गर्दिनँ ।' बाबु भन्छन्- 'गाउँमा पनि साथीभाइले पहिलेझैं सामान्य बाबुरामकै रूपमा लिन्छन् ।'

# बदलिँदो परिभाषा दसैंको

पृष्ठ १ बाट जारी

कुनै समय थियो, केही दिन भए पनि मीठो मसिनो चामल र मासुका विभिन्न परिकार बनाएर तथा सालमा एक जोर नयाँ लुगा फेरेर मनाउने चाडका रूपमा दसैं परिचित थियो, अहिले पनि अत्यन्तै निम्न आय भएका परिवारका निम्ति यो कुरा लागू हुन्छ तर सामान्यतया सहरीकरणको प्रभावसँगै यो वर्गमा पनि दसैंलाई नै मात्र लक्षित गरेर नयाँ कपडा किन्ने र चामलको खाना खाने भन्ने कुरा लगभग हराइसकेको छ । श्रम गरेर कमाएको पैसाको अनुपातको आधारमा निम्न वर्गले पनि दसैंबाहेक अन्य दिनमा पनि चामलकै भात खाने र समय-समयमा कपडा खरिद गर्ने चलन बढेको छ ।

आधुनिकतासँगै व्यस्त हुँदै गएको अहिलेको नेपाली समाजका कामकाजी मानिसहरूका निम्ति दसैं थकान मेट्ने र आफूलाई स्फूर्त बनाउने उपयुक्त समय हो । (दसैंको रमाइलो पक्षका बारेमा नेपाली सेलिब्रेटीहरूको अनुभूति यही अंकमा प्रकाशित गरिएको छ) साप्ताहिकसँगको कुराकानीका क्रममा नेपालका प्रायः सबै सेलिब्रेटीहरूले दसैंलाई भेटघाटको चाड भएको बताएका छन् । त्यसैले दसैं आफन्त तथा साथीभाइहरूसँग कुराकानी र रमाइलो गर्ने चाडका रूपमा परिभाषित हुँदै गएको छ । म्युजिक भिडियो निर्देशक आलोक नेम्वाङलाई उनका आफन्तले दसैंबाहेक अन्य दिन भेटे आज त दसैं होइन, कसरी भेट भयो भनेर व्यङ्ग्य गर्छन् । आलोकको जस्तो व्यथा पेसागत रूपमा एकदमै व्यस्त हुने थुप्रै मानिसमा लागू हुन्छ ।

पछिल्ला वर्षहरूमा एसएमएस तथा इमेलमार्फत घटस्थापनाको दिन बिहानैदेखि दसैंको शुभकामना पनि आदान-प्रदान प्रारम्भ हुन्छ । विकसित प्रविधिका उपभोक्ताहरूले सूचना तथा सञ्चार प्रविधिको यो युगले ल्याएको सुचना क्रान्तिको पर्याप्त उपयोग गर्ने क्रममा दसौं लाख एसएमएस आदान-प्रदान गर्ने होड चलाइरहेका छन् । नेपाल टेलिकम र स्पाइस नेपालले यो समयमा राम्रो व्यापार गर्न सफल मात्र भएका छैनन्, प्रविधिको माध्यमबाट टाढा-टाढा रहेकाहरूलाई नजिक बनाइदिएका छन् । सूचना तथा सञ्चार प्रविधिको सहयोगले सातसमुद्रपारि भएकाहरूले पनि दसैंको रमाइलोलाई नजिकबाट नियाल्नपाएका छन् । अझ अनलाइन भिडियो कन्फरेन्सको माध्यमबाट टाढा रहेकाहरूले मान्यजनबाट प्रत्यक्ष आशीर्वाद पनि ग्रहण गर्न सक्छन् ।

काठमाडौंलगायतका सहरिया क्षेत्रमा लिङ्गे पिङ, रोटेपिङ र अन्य मेलाहरू लोपोन्मुख अवस्थामा भए पनि ग्रामीण क्षेत्रमा अझै पनि यसको प्रभाव देख्न सकिन्छ । अहिलेको पुस्ता दसैंलाई बहाना बनाएर जक्सनको खोजीमा हिँड्ने, तास खेल्ने र अन्य रमाइला गतिविधिमा सरिक हुने गरेको छ । यसले गर्दा परम्परागत महत्त्वका विषयहरू ओझेलमा पर्दै गएका छन् ।

विजयादशमीदेखि पूर्णिमासम्म निधारमा रातो टीका र कानमा जमरा सिउरिएर हिँड्नेहरूको ताँती नै देखिन्छ । यो अवधिमा आफ्ना मान्यजनहरूबाट आशीर्वाद लिने र आफूभन्दा सानालाई पनि आशीर्वाद दिने क्रम चल्छ । 'दसैं भन्नेबित्तिकै रातो टीका र आशीर्वाद सम्झन्छु,' वरिष्ठ रंगकर्मी सुनील पोखरेल भन्छन्- 'खै किन हो, दसैंमा आफूभन्दा ठूलाले दिएको आशीर्वाद पूरा हुन्छ जस्तो लाग्छ ।' लोकगायिका कोमल वली पनि दसैंमा मान्यजनहरूलाई लामो आशीर्वाद दिन आग्रह गर्ने बताउँछिन् । दसैंको समयमा युवायुवतीहरू पहिरन र दक्षिणामा बढी ध्यान दिन्छन् । न्यापगायक सुदिन पोखरेल, पूर्व मिस टिन खुश्बु ओली, नायिका सञ्चिता लुइँटेल दसैंको समयमा आफूहरूको ध्यान दक्षिणामै केन्द्रित हुने गरेको बताउँछन्, तर बदलिँदो दसैंको परिभाषाले पहिरनमा भने व्यापक परिवर्तन ल्याएको छ । अहिले फेसन कन्सियस पुस्ताले परम्परागत दौरा सुरुवाल, टोपीको विकल्पमा चलेको फेसनलाई अनुकरण गरिरहेको देख्न सकिन्छ ।

एउटा उदाहरण, काठमाडौं बस्दै आएका विराटनगरका आशिष सापकोटाका अनुसार दसैंमा उनी मामाघरमा जाँदा उनलाई हजुरबुबा र मामाहरूले टीका, जमरा र दक्षिणाका अतिरिक्त जमरा अड्याउने ढाका-टोपी पनि लगाइदिने गरेका छन् । पछिल्ला वर्षहरूमा युवाहरूमा ढाका-टोपीप्रति बढ्दै गएको अनास्थालाई बुझेका मामाघरका सदस्यले टोपीको महत्त्वलाई झल्काउन पनि र परम्पराप्रति सचेत गराउन टोपी पनि उपहारकै रूपमा प्रदान गर्ने गरेको सापकोटा बताउँछन् ।

मुलुकमा राजनैतिक गतिरोध र हिंसा कायमै भए पनि दसैंको केही समय सबै पक्षले आफ्ना गतिविधि बन्द गरिदिने भएकाले दसैं मनाउने अवसर सबैले पाएका छन् । छोटो समय भए पनि दसैंको एक साता खुसीसाथ बस्न र भेटघाट गर्न पाउनु नै अहिलेको ठूलो उपलब्धि भएको छ ।



# दसैंका लागि केही स्वादिला परिकार

## खसीको सेकुवा

**आवश्यक सामग्री**

एक किलो हड्डी नभएको मासु, एक-एक चम्चा लसुन अदुवाको पेस्ट, एक चम्चा गरम मसला, एक-एक चम्चा धनियाँ र जिराको धूलो कस्मिरी लाल मिर्च दुई चम्चा, दुई चम्चा खाने तेल, चारदेखि पाँच चम्चा खुकुरी रम, नुन स्वाद अनुसार ।

**निर्माण-प्रक्रिया**

मासुलाई स-सानो चौकोर टुक्रामा काट्ने र खलमा पत्येक टुक्रालाई एकपटक हल्कासँग कुट्ने, खल नभएको खण्डमा सिलौटामा पनि कुट्न सकिन्छ । त्यसरी कुटेको मासुमा माथि उल्लेख गरिएका सबै मसला हालेर कम्तीमा दुई घन्टा त्यसै छाडिदिने । त्यसपछि झीरमा मासुका टुक्राहरू उनेर कोइलाको रापमा कम्तीमा पनि छ इन्चको दूरीबाट बिस्तारै सेक्दै जाने । मासु राम्रोसँग पाकेपछि प्याजको रिंग र कागतीको टुक्राले सजाएर चिउरासँग साँझको स्न्याक्सका रूपमा सर्व गर्ने ।

## चिकन डण्डी

**आवश्यक सामग्री**

१६ टुक्रा कुखुराको पखेटा, एक चिया चम्चा अजिनोमोटो, आधा चिया चम्चा मरिचको धूलो, दुईवटा अण्डा, १ सय ग्राम मैदा, ५० ग्राम कर्नफ्लोर, दुई ठूलो चम्चा रेड चिली सस्, तार्नका लागि तेल, नुन स्वाद अनुसार ।

**निर्माण-प्रक्रिया**

सबै पखेटाको तल्लो भागलाई त्यसमा भएको सबै मासु एकैतिर तान्न सकिने गरी काट्ने, अब मैदा, अण्डा, कर्नफ्लोर, चिली सस्, अजिनोमोटो तथा मरिच हालेर राम्रोसँग मल्ने, यसरी मलाएर राखेको पखेटालाई ३० मिनेटसम्म मेरिनेट हुन दिने । त्यसलाई सुनौलो रंग हुने गरी तातो तेलमा तार्ने र गार्लिक सससँग सर्व गर्ने ।

## चिकन टिक्का

**आवश्यक सामग्री**

२ सय ५० ग्राम हड्डी नभएको कुखुराको मासु (चौकोर काटेको), एक कप हरियो धनिया, एक मुठी पुदिना, चारवटा लसुनका पोटी, तीन ठूलो चम्चा ताजा क्रिम, एक ठूलो चम्चा मैदा, दुई ठूलो चम्चा तेल, नुन स्वाद अनुसार ।

**निर्माण-प्रक्रिया**

धनिया, पुदिना, लसुन र नुन मिसाएर पेस्ट बनाउनुहोस्, यो मिश्रणलाई कुखुराको मासुमा मोलेर एक घन्टाको लागि मेरिनेट गर्नुहोस् । क्रिम, मैदा र एक ठूलो चम्चा तेल मिसाएर मेरिनेट गरिएको मासुमा लगाउनुहोस् र झिरमा उनेर तेल दल्दै कोइलाको रापमा सेक्नुहोस् । यसलाई तात्तातै सर्व गर्नुपर्छ ।

## सिंका कबाब

**आवश्यक सामग्री**

२ सय ५० ग्राम किमा, दुईवटा प्याज, तीनवटा हरियो खुर्सानी, पाँच पोटी लसुन, दुई ठूलो चम्चा हरियो धनिया, आधा अण्डा, अलिकति तेल र नुन ।

**निर्माण-प्रक्रिया**

तेल बाहेक सबै सामग्री राखेर किमालाई सिलौटामा पिस्नुहोस् । हात अलि भिजाएर उक्त मिश्रणलाई झिरमा राम्रोसँग मिलाउँदै कबाबको आकार दिनुहोस् र कोइलाको रापमा बिस्तारै सेक्दै जानुहोस्, सुनौलो भएपछि झिकेर सर्व गर्नुहोस् ।

## प्राउन टिक्का

**आवश्यक सामग्री**

आठ-दसवटा ठूलो प्राउन, एक-एकवटा सम्भव भए रातो, पहेंलो र हरियो रंगको भेंडेखुर्सानी, एक ठूलो प्याज, एक चिया चम्चा लसुन र अदुवाको पेस्ट, एक चिया चम्चा बेसार, दुई ठूलो चम्चा कागतीको रस, एक चिया चम्चा मरिचको धूलो, एक ठूलो चम्चा तेल एवं नुन स्वाद अनुसार ।

**निर्माण-प्रक्रिया**

लसुन र अदुवाको पेस्ट, बेसार, कागतीको रस, मरिच, तेल र नुनलाई प्राउनमा राम्रोसँग दल्नुहोस् र केही बेर राख्नुहोस् (अन्दाजी आधा घन्टा), अब झिरमा पहिले प्याज त्यसपछि भेंडेखुर्सानी र प्राउन मिसाएर उनी कोइलामा राम्रोसँग पाक्नेगरी सेक्नुहोस् र तात्तातै सर्व गर्नुहोस् ।

## होल चिकन

**आवश्यक सामग्री**

७ सय ५० ग्रामतौल भएको सिंगै कुखुरा, एकवटा कागतीको रस, १४ वटा सुकेको खुर्सानी, दुईवटा हरियो खुर्सानी, चारवटा पेपरकर्न, २५ वटा लसुनका पोटी, एक ठूलो टुक्रा अदुवा, तार्नका लागि पर्याप्त तेल ।

**निर्माण-प्रक्रिया**

कुखुरालाई राम्रोसँग सफा गरेपछि पेटमा सानो प्वाल पारेर भित्रको सबै निकाल्ने । अब नुन र कागती राम्रोसँग दलेर राख्ने । अब खुर्सानी, पेपरकर्न, लसुन, अदुवालाई



मसिनो गरी पिसेर कुखुराको भित्र र बाहिर लगाएर १० मिनेट जति राख्ने । त्यसपछि राम्रोसँग तार्ने र सलादसँग सर्व गर्ने ।

## पोर्क बिन्दालु

**आवश्यक सामग्री**

एक किलो बँदेल वा बंगुरको मासु, १ सय ५० ग्राम प्याज, आधा चम्चा खुर्सानीको धूलो, आधा चम्चा बेसार, चार ठूलो चम्चा भिनेगर, अलिकती इमली, दुई मध्यम टुक्रा दालचिनी, बीसवटा सुकेको खुर्सानी, १२ पोटी लसुन, आधा इन्च अदुवाको टुक्रा, एक चम्चा जिरा, ५ सय मिलिलिटर पानी, आधा चम्चा चिनी (ऐच्छिक), एक-दुईवटा ल्वाङ, नुन स्वाद अनुसार ।

**निर्माण-प्रक्रिया**

मासुलाई दुई इन्चको टुक्रामा काट्नुहोस् । अब त्यसमा काटेको प्याज, खुर्सानीको धूलो, बेसार, नुन, भिनेगर, इमली र पानी मिसाउनुहोस् । त्यसमा खुर्सानी, लसुन, जिरा, ल्वाङ र दालचिनी पनि मिसाउनुहोस् । अब यसलाई मासु नरम र ग्रेभी गाढा हुन्जेल पकाउनुहोस् । यसलाई चिनी हालेर सर्व गर्न सकिन्छ । यसलाई भात अथवा रोटीसँग खान सकिन्छ ।

## दम चिकेन

**आवश्यक सामग्री**

अन्दाजी एक किलोको एउटा सिंगै कुखुरा (आठ टुक्रा पारेको) १ सय ५० ग्राम मसिनो पिसेको प्याज, ३० ग्राम लसुन र अदुवाको पेस्ट, १० ग्राम बेसार, ५० ग्राम मसिनो काटेको हरियो खुर्सानी, १० ग्राम जिरा, १० ग्राम ल्वाङ, १० ग्राम सुकमेल, १० ग्राम तेजपत्ता, २५ ग्राम मगज (तरबुजाको बीउ), ३० ग्राम मसिनो गरी काटेको बदाम (अलमन्ड), ३० ग्राम मसिनो गरी काटेको काजु, ३ सय ग्राम दही, १५ मिलिलिटर कागतीको रस, तार्नका लागि तेल, नुन स्वाद अनुसार ।

**निर्माण-प्रक्रिया**

कुखुरामा बेसार, लसुन र अदुवाको पेस्ट, खुर्सानी, बदाम, काजु, र दही मलेर रातभरि फ्रिजमा राखिदिनुहोस् । अब एउटा बाक्लो पिंध भएको भाँडामा तेल तताउनुहोस् र प्याज र अन्य मसलाहरू सुनौलो हुने गरी भुट्नुहोस् । मेरिनेट गरेको कुखुरालाई त्यसमा हालेर सानो आँचमा नरम हुने गरी पकाउनुहोस् र सर्व गर्नुहोस् ।

## मटन कबाब

**आवश्यक सामग्री**

एक किलो हड्डी नभएको खसीको मासु (सानो आकारमा काटेको) १ सय ५० ग्राम प्याजको सानो र लामो टुक्रा, १ सय ग्राम भेंडेखुर्सानीको सानो र लामो टुक्रा, १ सय ग्राम रातो भेंडेखुर्सानीको सानो र लामो टुक्रा, ७५ ग्राम मसिनो गरी काटेको बन्दगोभी, ५० ग्राम हरियो धनिया, २ सय ग्राम दही, तीन चम्चा रातो खुर्सानी, दुई चम्चा जिराको धूलो, ५० ग्राम बदाम, २ सय ग्राम मैदा, आवश्यकतानुसार घिउ, नुन ।

**निर्माण-प्रक्रिया**

मैदामा दही, मसाला, नुन र खस्रो गरी पिसेको बदाम मिसाउनुहोस् । अब एउटा प्यानमा घिउ तताएर यो मिश्रणलाई केही मिनेट पकाएर अलग राख्नुहोस् । त्यसपछि यो मिश्रणमा मासुको टुक्रा हालेर मोल्नुहोस् र आधा पाक्ने गरी ग्रिल गर्नुहोस् । अब एउटा अर्को प्यानमा घिउ तताएर प्याज, भेंडेखुर्सानी, हालेर लगभग एक मिनेट पकाउनुहोस् । त्यसपछि मासुको टुक्रा, प्याज तथा भेंडेखुर्सानीलाई झिरमा उनेर पाकुन्जेल सेक्नुहोस्, त्यसमाथि दहीको मिश्रण हाल्नुहोस् । यसलाई प्याज, भेंडेखुर्सानी तथा बन्दागोभीले सजाएर सर्भिस डिसमा सर्व गर्नुहोस् ।

## डोलमा

**आवश्यक सामग्री**

आधा किलो खसीको किमा, २० ग्राम लसुन अदुवाको पेस्ट, १० ग्राम रातो खुर्सानीको धूलो, १० ग्राम बेसार, दुईवटा मध्यम आकारको प्याज, दुईवटा मध्यम आकारको भेंडेखुर्सानी, दुईवटा ठूलो हरियो खुर्सानी, दुईवटा काटेको प्याज, २ सय ग्राम दही, ५० ग्राम काटेको हरियो धनिया, ४ वटा मसिनो गरी काटेको हरियो खुर्सानी, तेल, नुन ।

**निर्माण-प्रक्रिया**

एउटा प्यानमा तेल तताएर लसुन र अदुवाको पेस्ट भुट्नुहोस् । त्यसमा किमा र अन्य मसला हालेर पानी सुकुन्जेल पकाउनुहोस् । प्याजको बाहिरी बोक्रा फालेर त्यसको जरा निकाल्नुहोस् । तिखो चक्कुको सहायताले प्याजको भित्री भाग निकाल्नुहोस् । यसैप्रकार भेंडेखुर्सानीको पनि भित्री भाग निकाल्नुहोस् । अब पाकेको किमालाई प्याज र भेंडे खुर्सानीभित्र भर्नुहोस् । अर्को प्यानमा तेल तताएर प्याज सुनौलो हुने गरी भुट्नुहोस् र बाँकी रहेको किमा र दही हाल्नुहोस् । सानो आँचमा पकाउनुहोस् । अब अलिकति पानी हाल्नुहोस् । पानी उम्लिन थालेपछि भरेको प्याज र भेंडेखुर्सानी हालेर नरम हुने गरी र पानी सुक्ने गरी पकाउनुहोस् । माथिबाट गरम मसला र हरियो धनियाँ छर्केर सर्व गर्नुहोस् ।

## फिस कटलेट

**आवश्यक सामग्री**

आधा किलो माछा, एउटा प्याज काटेको, चारवटा हरियो खुर्सानी मसिनो गरी काटेको, हरियो धनियाँ मसिनो गरी काटेको, पाँच टुक्रा पाउरोटी, एउटा अण्डा, ब्रेड क्रम, पार्सले, जैतुनको तेल (अलिकति), एउटा कागतीको रस, दुई ठूलो चम्चा भिनेगर, आधा चम्चा मरिचको धूलो, दुई ठूलो चम्चा सोया सस, अलिकति चिल्ली सस, नुन स्वाद अनुसार ।

**निर्माण-प्रक्रिया**

माछालाई सफा गरेर भिनेगर, सोया सस्, चिली सस्, मरिच र एक कप पानी हालेर उमाल्नुहोस् (करिब १० मिनेट) । माछाको काँडा निकालेर त्यसमा प्याज, कागतीको रस, हरियो खुर्सानी, हरियो धनिया, पाउरोटी, हालेर डल्ला बनाउनुहोस् । उक्त डल्लालाई सानो कटलेटको आकार बनाएर फिटेको अण्डा र ब्रेडक्रममा मिसाएर सुनौलो हुन्जेल तार्नुहोस् र सर्व गर्नुहोस् ।

## रोगन जोस

**आवश्यक सामग्री**

डेढ किलो हड्डी र छाला नभएको खसीको मासु, २ सय ५० ग्राम दही, १ ग्राम केशर, १ सय ५० ग्राम बदाम, १ सय ५० मिलिलिटर तेल, ७५ ग्राम टुक्रा गरम मसला (जिरा,सुकमेल, अलैंची, दालचिनी, ल्वाङ, सोफ, जाइपत्री, मरिच, धनियाँ आदि ४ सय ग्राम प्याज, ५० ग्राम अदुवा र लसुनको पेस्ट, १० ग्राम खुर्सानीको धूलो, १० ग्राम धनियाको धूलो, ३ ग्राम गरम मसलाको धूलो, ५ ग्राम बेसार, नुन स्वाद अनुसार, ६० ग्राम गोलभेंडा पेस्ट, हरियो धनियाँ, १० ग्राम कोरेको अदुवा ।

**निर्माण-प्रक्रिया**

खसीको मासुलाई सानो-साना टुक्रामा काट्ने । दहीलाई फिटेर त्यसमा केशर, नुन, लसुन र अदुवाको पेस्टको आधा भाग मिसाउने । त्यसपछि त्यसमा मासुको टुक्राहरू मल्ने । रातभरि मनतातो पानीमा भिजाएको बदामलाई पिसेर पेस्ट बनाउने । त्यसपछि त्यो पेस्ट मासुमा मलेर दुई घन्टासम्म राख्ने । टुक्रा मसलाहरू कुट्ने । प्याजलाई मसिनो गरी काट्ने । एउटा बाक्लो पिंध भएको भाँडामा तेल तताउने । तेल तातेपछि कुटेको मसला फुराउने । सुनौलो रंग आउने गरी प्याज भुट्ने । प्याज भुटिएपछि मासु हाल्ने । मासुलाई तीन चौथाइसम्म पाक्ने गरी पकाउने । त्यसपछि सुख्खा मसलाहरू मिसाएर ५ मिनेट सम्म पकाउने । त्यसपछि गोलभेंडाको पेस्ट हालेर मासु नरम हुँदासम्म पकाउने । अन्त्यमा हरियो धनियाँ र कोरेको अदुवाले सजाएर सर्व गर्ने ।

---

# सावधानी आवश्यक छ दसैंको खानामा

डा.बालकृष्ण साह

'दसैं आयो खाउँला पिउँला' अर्थात् हामी दसैंलाई खाएर रमाइलो गर्ने चाडका रूपमा पनि लिन्छौं । मासुका विभिन्न परिकार, आचार, चिउरा, अनि विभिन्न पेय पदार्थहरू सम्झँदै मन रसाएर आउने पर्व हो दसैं । सामान्यतया अरू बेलाभन्दा दसैंमा हामी अलि बढी मासु खान्छौं, साथै आजभोलि धेरैले मासुसँगै पेय पदार्थ पनि लिन्छन् । अत्यधिक मासु, आचार तथा चिल्लो-पिरो र त्यसमाथि मद्यपान एवं धूम्रपान भएका कारण पेट ढाडिने, दुख्ने, अपच हुने मुखमा अमिलो पानी आउने तथा कसै-कसैलाई पखाला पनि लाग्न सक्छ ।

**पेटको गडबडी किन हुन्छ ?**

मासु प्रोटिनको मुख्य स्रोत हो । सय ग्राम खसीको मासुमा करिब २२ ग्राम प्रोटिन तथा ४-५ ग्राम बोसो हुन्छ । हाम्रो पेट गडबड गराउने खुर्सानी तथा थप चिल्लो अर्थात् तेल हो । यस्ता पदार्थले हाम्रो पेटमा बन्ने एसिड (अम्ल) तथा त्यसको प्रतिरोधात्मक प्रणालीको सन्तुलनमा असर पार्ने भएकाले पेट दुख्न, वान्ता हुन तथा पखाला लाग्न सक्छ । यसबाहेक मासुलाई राम्रोसँग नपकाए वा मासुको भण्डारणमा राम्रो ध्यान नगए, मासु राम्रोसँग सफा नगरे, मासुमा विभिन्न जीवाणुको संक्रमण हुन सक्छ । मासुमा विभिन्न जातका जुका हुन सक्छन् । साथै मासुमा विभिन्न किसिमका रासायनिक प्रक्रिया भएर विभिन्न टक्सिनहरू उत्पादन भएको हुनसक्छ । त्यसैले यस्ता मासु खानाले फुड पोइजनिङ भएर पखाला चल्नसक्छ । सफा, शुद्ध एवं ताजा मासुलाई कम तेल तथा मसला हालेर राम्रोसँग पकाए यसले कब्जियत गर्न सक्छ तर पेटका अन्य गडबडी उत्पन्न गर्ने सम्भावना न्यून हुन्छ ।

**के मासुसँग रक्सी (मद्यमान) तथा चुरोट खान हुन्छ ?**

आजभोलि मासु र मद्यपान एक-अर्काका पूरक भैसकेका छन् । सामान्यतः तीस ग्राम इथानोल अर्थात् सात सय मिलिलिटर बियर वा तीन सय मिलिलिटर वाइन वा साठी मिलिलिटर ह्विस्कीले पुरुषलाई तथा महिलामा त्यसको आधा लिएमा मुटुसम्बन्धी असर पर्दैन । यो मात्राभन्दा बढीले पेटको खराबी, दिमागमा असर, ग्रन्थीहरू तथा रोग विरुद्ध लड्ने शक्तिमा असर गर्दैन भन्न सकिदैन । अझ मसलादार तथा चिल्लो-पिरो मासुका परिकारहरूसँग मद्यपान अर्थात् रक्सी, बियर, वाइन एवं ह्विस्की प्रयोग गर्नाले पेट तथा कलेजोमा असर पर्छ । त्यसैले कसै-कसैलाई तुरुन्त वान्ता हुने, पाखाला चल्नेसमेत हुन सक्छ । यसरी लामो समयसम्म रक्सी तथा मासु सेवन गर्नाले कलेजो खराब भएर जाने एवं रगत वान्ता गर्ने पनि हुनसक्छ । यसबाहेक पेटको अल्सर, क्यान्सर, रक्त अल्पता, दुर्बलता, प्याङ्क्रियाजको समस्या आदि हुन सक्छ । यस्तो अवस्थामा हरियो सलाद, फलफूल तथा अन्य पोषिला खानेकुराहरू खानाले स्वास्थ्यमा पर्ने असरलाई केही कम गर्न सकिन्छ तर कलेजो राम्रो बनाउन रक्सी छोड्नु नै उत्तम हुन्छ ।

**के दीर्घरोगीहरूले मासु खानु हुँदैन ?**

स्वास्थ्यका दृष्टिले मासुलाई राम्रो पोसिलो खाना मानिए पनि केही दीर्घरोगीहरूलाई मासु नखाने सल्लाह दिइएको हुन्छ । दीर्घरोगीहरूमध्ये बाथ अर्थात् युरिक एसिड बढेका व्यक्तिले सामान्यतः मासुका परिकारहरू खान मिल्दैन । मासु मात्र होइन यस्ता व्यक्तिले रक्सी पनि पिउन मिल्दैन । उनीहरूले दूध, दही, केरा, सागपात, फलफूल तथा भिटामिन सीयुक्त खाना खानु तथा सफ्ट ड्रिङ्क पिउनु राम्रो मानिन्छ । त्यसैले यस्ता बिरामीले दसैंमा मासु नै खानुपर्‍यो भने पनि वैकल्पिक परिकारमा ध्यान दिनु राम्रो हुन्छ । त्यस्तै मृगौलाका रोगीले पनि मासु तथा अन्य प्रोटिनयुक्त खानेकुरा कम खानेतिर ध्यान केन्द्रित गर्नुपर्छ ।

मधुमेह तथा मुटुका रोगीहरूले कम बोसो भएको स्वस्थ मासु केही मात्रामा खाँदा खासै नकारात्मक असर हुँदैन तर मासुसँग रक्सी सेवन गर्नु राम्रो मानिँदैन । यस्ता रोगीहरूले मासुसँग प्राकृतिक रेसा भएका खानेकुरा बढी खानुपर्छ ।

दमका रोगीलाई मासु खान कसैले रोक्दैन । दमका रोगीले मासु



खान मिल्छ । यस्ता बिरामीले चुरोट अर्थात् धूम्रपानचाहिं गर्न मिल्दैन ।


यस बाहेक प्रायः अन्य सबै रोगीले दसैंमा मासु खान सक्छन् । मासुबाट विभिन्न किसिमका जुका, जीवाणु तथा रोगहरू सर्न सक्ने भएकाले मासुको सफाइ, भण्डारण एवं पकाउने प्रक्रियामा गम्भीर भने हुनुपर्छ ।












Parichaya


bwin




ENGLAND












DHARMA





